CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९ २ वाल्मीकि विद्यापीठ
पुस्तकालय

पिण्डेश्वर विद्यापीठको वार्षिक मुख पत्र-

प्रभा

सामयिको-(३)

प्रकाशक :

महेन्द्र संस्कृत-विश्व-विद्यालय

पिण्डेश्वर विद्यापीठ

धरान-१४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

...skrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रभा

सामयिकी-(३)

प्रकाशक :
महेन्द्र संस्कृत-विश्व-विद्यालय
पिण्डेश्वर विद्यापीठ
कोशी अञ्चल (नेपाल)
धरान-१४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संरक्षक :
प्राचार्य : गोविन्द कोइराला
पिण्डेश्वर विद्यापीठ
धरान-१४

प्रकाशन:-
१०० प्रति

प्रकाशन मिति :
प्रजातन्त्र दिवस २०५१

मूल्य : /- मात्र ।

मुद्रक :
शिवम्प्रिन्टर्स, धरान-१५
फोन २०४३३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"प्रभा"

सामयिकी (३)

२०५१

संरक्षक:

प्राचार्य- गोविन्द कोइराला

पिण्डेश्वर विद्यापीठ

धरान—१४

—: सम्पादक मण्डल :—

सह- प्राध्यापक : श्री टीकाप्रसाद शर्मा —(संयोजक)
(अध्यक्ष- साहित्य एवं अनिवार्य संस्कृत बिभाग)

सह- प्राध्यापक: श्री नारायण दत्त पौडेल — (सदस्य)
(अध्यक्ष- व्याकरण-न्याय वेद- बिभाग)

सह- प्राध्यापक. श्री नारायणप्र. कट्टेल— सदस्य
(अध्यक्ष- नेपाली तथा अंग्रेजी बिभाग)

35

सहा- प्राध्यापक. श्री हरि बहादुर श्रेष्ठ— सदस्य
(अध्यक्ष- राजशास्त्र एवं अर्थ शास्त्र बिभाग)

छात्र प्रतिनिधि: (क) श्री ज्ञाननाथ निरौला
(ख) श्री यादव भण्डारी

प्रकाशक:—
महेन्द्र संस्कृत विश्व-बिद्यालय
पिण्डेश्वर विद्यापीठ धरान-१४
कोशी अञ्चल (नेपाल)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

.CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फोन: २-१३२४५ — २-२१५१०

उप-कुलपतिको कार्यालय
OFFICE OF THE VICE-CHANCELLOR

महेन्द्र संस्कृत विश्वविद्यालय
काठमाडौं कार्यालय' वसन्तपुर
पो. ब. नं. ५००३

Mahendra Sanskrit University
Kathmandu Office, Basantapur
P. O. Box No. 5003

शुभ-कामना

विश्वको एकमात्र हिन्दु अधिराज्य नेपालमा प्राच्य दर्शन पठन - पाठन, अनुसन्धान र विकासका निमित्त संस्थापित महेन्द्र संस्कृत विश्वविद्यालय र यस अन्तर्गतका विद्यापीठ परिवारबाट साहित्यिक संगालोको रुपमा पत्रिका प्रकाशन गर्ने जुन कार्यको थालनी भएको छ। त्यस कार्यमा संलग्न पूर्वाञ्चल स्थित पिण्डेश्वर विद्यापीठका शिक्षक, विद्यार्थी र कर्मचारीहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

हामीलाई हाम्रा पूर्वजहरुले अगाधनिधि छोडेर गएका छन् । ती निधिहरुका पाठक, अध्यापक र गवेषक पनि हामीहरु नै भएकोले केही काम हामीहरुले नै गरेर देखाउनु परेको छ । पूर्वजहरुद्वारा आर्जित निधिलाई सहि पहिचान गरेर आजको आधुनिक समाजमा कुनै न कुनै प्रकाशनका माध्यमबाट उतार्न सक्यौं भने मात्र हामीले केही गरेको ठहर्ने छ । आजको समाजले ज्ञानको भन्दा वैज्ञानिक चमत्कारको दिशालाई बढी महत्व प्रदान गरेजस्तो देखिन्छ । तर ज्ञानविना विज्ञानको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रादुर्भाव हुन सक्छ वा सबतिर मनो दिशातर्फ चिन्तन गरेको पाइदैन । यस्तो लहरमा लहलहाउनु आफू र आफ्नो पनलाई नै बिर्सनु हो । त्यसैले हामीले हाम्रो धर्म, हाम्रो संस्कृति, हाम्रो राष्ट्र, हाम्रो राष्ट्रियता र हाम्रो परम्परागत मूल्य र मान्यतालाई सर्व साधारणको सामू राख्न र त्यसतर्फ उनीहरुलाई आकर्षण गर्न सक्यौं भने प्राच्य दर्शनले पूर्ववत आजको समाजलाई ज्ञान र विज्ञानको चमत्कारी शक्ति प्रदान गर्नेछ । यस कार्यका निमित्त केही त्याग र तपस्या गर्नु पर्दछ । जो यहाँहरुले शुभारम्भ गर्नु भएको छ । त्यसलाई नै अलिक गति प्रदान गरेमा आफ्नै आँखाले सफलताका लक्षणहरु देख्न पाउने छौं । प्रकाशोन्मुख 'प्रभा' नामक पत्रिकाले आफ्नो बल-वरलाई परिस्कृत रुपमा प्रदर्शन गरी आफ्नो नाम सार्थक तुल्याउन सफलता मिल्दै जावोस भन्ने हार्दिक शुभ कामना व्यक्त गर्दछु ।

अन्त्यमा पूर्वाञ्चलमा रहेका किरांत जाति जो वैदिक परम्परा देखि आजसम्म त्यही भूमिमा जीवन्त छन्, तिनका विषयमा खोजी पस्नु र हाम्रो आदिकाल देखि वेद बचाउन बराहरुपमा अवतरित हुनु भएका आदि वराह धनुर्विद्यामा शिव पछिका परशुराम, गायत्री - मन्त्र द्रष्टा कौशिक-विश्वामित्रको पावन क्षेत्र हुनाले त्यहाँबाट इत्यादि विषयमा पनि नयाँ किरण प्रभाका रुपमा जगमगाउने छ भन्ने आशामा छु । अस्तु !

....

प्रा. चूडानाथ भट्टराई
उप—कुलपति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभ-कामना

नेपाल अधिराज्यको पूर्वाञ्चलको ऐतिहासिक कौशिकी प्रदेश, विजयपुर, पौराणिक सुप्रसिद्ध धार्मिक स्थल पिण्डेश्वरमा अवस्थित, यस महेन्द्र संस्कृत विश्व विद्यालयको पिण्डेश्वर विद्यापीठले झण्डै अर्द्धशताब्दी अगाडि देखि प्राच्य विद्याको प्रकाश सर्वत्र वितरण गर्दै आएको कुरा सर्वमा विदितै छ । यस विद्यापीठले अध्ययन अध्यापनका साथै वेला वेला समय सापेक्ष शिक्षाप्रद अतिरिक्त साहित्यिक सामग्री पनि प्रकाशित गर्दै आएकोमा, यसलाई निरन्तरता प्रदान गर्ने उद्देश्यानुरुप विगत ३ वर्ष देखि पत्रिका 'प्रभा' वार्षिक रुपमा प्रकाशित हुँदै छ र यसको यो तेश्रो अङ्क पनि पाठक समक्ष उपस्थित छ ।

"प्रभा" ले हाम्रो प्राच्य गौरवमय आदर्शको अनन्य महत्ता, समुज्वल सांस्कृतिक परम्परा एवं अनुपम दार्शनिक वैभव समेतलाई आफ्नै सरल एवं सुबोध साहित्यिक सरणिको माध्यमबाट पाठक समक्ष प्रस्तुत गर्दै जाने छ भन्ने विश्वासका साथ म यसको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

डा॰टीकाराम पन्थी
शिक्षाध्यक्ष
महेन्द्र संस्कृत विश्वविद्यालय
वेलझुण्डी, दाङ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फोनः— ०८२-२००१९

कुलसचिवको कार्यालय
OFFICE OF THE
REGISTRAR

महेन्द्र संस्कृत विश्वविद्यालय
केन्द्रीय कार्यालय वेलझुण्डी दाङ
पो. ब. नं. ५०३
काठमाडौं

Mahendra Sanskrit University
Central Office, Beljhundi Dang
P. O. Box No. 5003
Kathmandu

शुभ-कामना

पिण्डेश्वर विद्यापीठ धरानबाट साहित्यिक संकलनको रुपमा "प्रभा" को तेश्रो अङ्क प्रकाशित हुन गईरहेको सुन्दा मलाई अत्यन्त खुशी लागेको छ। संस्कृत वाङमयका विविध पक्षका साथै नेपाली साहित्यको समसामयिक परिवेशमा थप योगदान पु-याउदै प्रभाले भविष्यमा पनि आफ्नो साहित्यिक प्रभालाई निरन्तर बिस्तार गर्दै जाने छ भन्ने कुरामा पूर्ण विश्वस्त हुदै विद्यापीठबाट यस्ता रचनात्मक कामहरु आगामी दिनहरुमा पनि हुँदै जाने छन् भन्ने आशा मैले राखेको छु।

अन्त्यमा प्रभाको समुज्ज्वल भविष्यका लागि हार्दिक शुभ—कामना व्यक्त गर्दछु।

दत्तात्रेय शर्मा दहाल
कुल-सचिव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

—: अनुक्रमणिका :—

क्र. सं. :	कृति :	कृतिकार :	पृष्ठ
१.	मुटुको व्यथासँगको साक्षात्कार :	-घनश्याम दहाल	—१
२.	खै कहाँ छ शान्ति ?	-देवी प्रसाद नेपाल	—८
३.	लाहुरी 'भैंसी' दुहु नखोज्दा:	-पद्म प्रसाद काफ्ले	—१४
४	सम र उनका नाटकमा एक दृष्टि:	-भवानी शंकर भट्टराई	·१८
५.	नाट्य जगतमा विद्रोहको प्रथम हुँकार—मसान :	-यादव भण्डारी	—२७
६.	विश्वेश्वर प्रसाद कोइरालाका: कथा— यात्राको दिग्दर्शन :	-लक्ष्मी रिजाल	—३४
७.	सम र 'म' को— 'मनोहर':	-लक्ष्मी नारायण मिश्र	—४३
८.	देवकोटाका कृतिमा पर्यवेक्षण:	-विष्णु खतिवडा	—५१
९.	कवि शिरोमणि लेखनाथ पौड्याल र प्रकृतिचित्रणले पहिलो खण्ड काव्य: 'ऋतु विचार':	-हरिनारायण खतिवडा	—५९
१०,	स्फोटवाद: सानो परिचय:	-खेमराज खनाल	—६७
११.	घैंटोमा घाम भर्ने कडी:	-चन्द्रमणि नेपाल	—७१
१२.	पाठ्य पुस्तकतर्फ सदा नै: दृष्टि दिंदै रहनु पर्छ:	-छविलाल पोखरेल	—८०
१३.	रामायणका केही तिथिमिति:	-टीकाप्रसाद शर्मा	—८६
१४.	माईको परिक्रमा:	-नारायण प्र. कट्टेल-	—९५
१५.	रोलपाको नेपाली भाषा:	-भीम खतिवडा	···१०२
१६.	नेपालमा भूटानी शरणार्थी:	-हरि ब० श्रेष्ठ	—१०६
१७	सम्पादकीय: —		
१८.	शुभकामना —		
१९.	प्राध्यापक कर्मचारी विवरण—		

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्पादकीय

प्रभा —

सामयिकीको तेस्रो प्रकाशन विज्ञ पाठकहरुका हातमा राख्न पाउँदा हामीलाई धेरै खुसी लागेको छ। पत्र • पत्रिका, तिनमा पनि विचार- खोज- प्रधान पत्रिकाहरुको स्थान र मान अनि उपादेयता कति र कस्तो हुन्छ यो कुरा विज्ञ पाठकहरुबाट छिपेको छैन र त्यसै कुरालाई ध्यानमा राखी हामी यत्नशील पनि छौं, यो हाम्रो तेस्रो प्रयास हो। नयाँ जोगीको मात्र बाक्लो खरानो हुन्छ भन्ने पनि के छ र! र पनि सजग रहनु, सर्वदा सावधान भैं दत्तचित्त भै लागि पर्नु हाम्रो कर्तव्य हो र यो छँदै पनि छ।, तर परिस्थिति जन्य असरको ओसबाट असम्पृक्त रहन; सर्वथा यत्नशील रहेरै पनि, असंम्भव प्रायः रहेछ। यस पल्ट पनि हामी ढीला नै भयौं। हाम्रो शिर विनत छ- विज्ञ पाठकहरु समक्ष।

थोरै भाषाको कुरो। भाषाले देश, राष्ट्र, समाज जाति र व्यक्ति-व्यक्तिलाई छोएको हुन्छ, संगेटेको, समालेको हुन्छ। यो उन्नति, विकास अथवा उत्थानको संवाहक पनि हो। यो एकत्व, स्वच्छ वा निजत्वको सूत्र पनि हो। यसमा अपरिमेय- अनन्त शक्ति हुन्छ, जो सर्वत्र देखिन्न, सामान्यतया जानिन्न। यसैले यसको उपेक्षा बेवास्ता हुनु हुन्न. भयो भने ठूलो खति हुन्छ, हानी हुन्छ। बुझ्ने पनि दीर्घ दर्शीहरु सधै सजग हुन्छन् र अरुलाई पनि घच-घच्याई रहन्छन्। हाम्रा कवि शिरोमणि लेखनाथ ज्यू भन्नुहुन्छ —

"मौकामा मातृभाषा उपर जति जति गर्दछौं हामी हेला
उत्तो पर्छौं पछाडी, जटिल विपदका सामने गैह्ल फेला"

नाटक सम्राट् बालकृष्ण 'सम' को उद्‌बोधक उद्‌घोष छ :—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"भाषा हो सभ्यता हाम्रो सारा उदय—उन्नति—
जीत— वैभव भाषा मैं बाँच्तछन् पछि सम्म यी—
भाषा हो जीवनी हाम्रो—"

भाषा हाम्रो बोली हो, वाणी हो, जिब्रो हो। बोली बन्द पनं हुदैन, जिब्रो थुत्न हुदैन, यसले हाम्रा मन— मस्तिष्क ठिगुरिन्छन्, एक अर्कासंगको सम्पर्क खुम्चिन्छ, देशको विकास र प्रगतिमा बाधा—व्यवधान तेर्सिन्छ, समाजको समुत्थानमा ठेस लाग्छ। यस कुराको मर्म बुझ्ने जाति—जमात आफ्नो व्यावहारिक अवस्थाले संसारको कुनै कुनामा हुत्तिन किन नपुगोस उसले आफ्नो मातृभाषालाई मुटुले अङ्गालेकै हुन्छ। संगालेकै हुन्छ। यो कुरा आज पनि यत्र-तत्र अवलोकन गर्न सकिन्छ।

भारतमा छरिएर रहेका नेपालीहरुले निरन्तर सक्रिय एवं जागरुक रही त्यहा स्वतन्त्रता प्राप्त भएको चालीसौं (४२ौं)- वर्ष पछि नै भए पनि आफ्नो मूटुको भाषा नेपालीलाई ससम्मान प्रतिष्ठा दिलाएर अति नै प्रशंशनीय काम गरेका छन्। तर हामी नेपालीले भाषाको यस्तो भारि महत्त्व नै बुझेनौं। हामीले लोकसेवा आयोग जस्तो महत्त्वपूर्ण प्रतिष्ठानको संप्राप्त-पद प्रतिष्ठावाट राष्ट्र भाषा नेपालीलाई तल ओरालेर, आफ्नो पनको विज्ञापन विश्वका सामू प्रस्तुत गरेका छौं। वास्तवमा प्रजातन्त्रकै निमित्त पनि यो निश्चयनै शोभनीय कुरो छैन। यसवाट हानि शिवाय कुनै लाभ देखिन्न। तसर्थ समय छँदै, खोसेको मान, खोसेको पद-प्रतिष्ठा हाम्रो राष्ट्र भाषा नेपालीलाई यथा-पूर्व, पुनः प्रदान गर्नु पर्छ, गरिनु पर्छ।

हाम्रो महेन्द्र संस्कृत विश्व-विद्यालयले गत २०५१ कार्तिकको दोश्रो सप्ताहको पूर्वार्धमा राजधानी काठमाडौंमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रिदिवसीय संस्कृत विद्वत्सम्मेलनको आयोजना ग-यो । नेपालका आफ्ना सबै विद्यापीठ, अन्य संस्कृतका विशिष्ट व्यक्तित्व संस्कृत संग सम्बद्ध एवं संस्कृतानुरागी सज्जन अनि भारतमा विभिन्न ठाँऊमा रहेका संस्कृत विश्व-विद्यालय र प्रतिष्ठानहरुका कुल-पति, कुलाधिपति, पूर्व कुल-कुलाधिपतिहरु एवं अन्य वरिष्ठ विद्वान् हरु समेत भेलाभएको यो सम्मेलन निकै गरिमामय थियो। यस सम्मेलनले परस्पर एक अर्कालाई अधिक नजिकमा ल्याएको छ, समानदायित्वको एवं दिशाको बोध गराएको छ, उत्साह, जाँगर, हौसला पनि बढाएको छ। सँस्कृत विश्व भाषा जननीहो, यसको प्राचीन विश्व जनीन गौरव, यसमा निहित विश्वमंगलमय—सौरभ सर्वे भवन्तु सुखिन' जस्ता विश्व भ्रातृत्वका भावना आज पनि संसारैका लागि उत्तिकै आवश्यक छन् उपादेय छन् । अत: बिना कुनै भेदभाव, यसको पठन-पाठन, उत्थान— विकासका लागि सबैको ध्यान जानु आवश्यक भएको छ। अध्यापन तर्फ विश्वका प्राचीन पद्धतिका साथै अद्यतन बिकसित प्रविधि अपनाई अझ सुग्राह्य, अझ शीघ्रबोध्य, आकर्षक, रुचिकर तुल्याई लोकप्रिय, समाज समाहत तुल्याउनु परेको छ। यस दिशामा यस सम्मेलनले र अरु यस प्रकारका भेला— सम्मेलन गोष्ठी हरुले राम्रो, भरपर्दो भूमिका निर्वाह गर्न सक्छन् भन्ने हाम्रो विश्वास छ ।

'प्रभा' का लागि विशेष सुझाउ समेत— संमति शुभ-कामना पठाएर ठूलो प्ररणा, राम्रो प्रोत्साहन प्रदान गर्नु भएकोमा महेन्द्र संस्कृत विश्व-विद्यालयका श्रीमान् उप-कुलपति प्राध्यापक चडानाथ भट्टरायज्यू, श्रीमान् शिक्षाध्यक्ष सह- प्राध्यापक डा. टीकाराम पन्थीज्यू तथा श्रीमान् कुलसचिव, सह प्रा० दत्तात्रेय दहालज्यू समेतमा हामी नम्रताका साथ हार्दिक कृतज्ञाता ज्ञपन गर्दछौं । शुभम् :

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समालोचना —

मुटुको व्यथासँगको साक्षात्कार

घनश्याम दहाल (शास्त्री)
पिण्डेश्वर विद्यापीठ, धरान-

सजीवीमान्यता र आत्म संयमको अभिव्यञ्जनालाई उत्कृष्टता दिएर मानव मुटुलाई व्यथा र वेदनामा खण्डित र द्वन्द्वात्मकतालाई सृजना गर्ने अनि भावको सामञ्जस्यले समाजको पर्दालाई उघार्ने अचेतन र चेतनको द्वन्द्व र चित्त स्थिर र चिर पार्दै सुन्दरतामा बीजको आरोप गर्ने निर्धन निर्जन मुखी कामवोडलाई शुद्ध मन्त्रले सेचन गर्ने कुलाचार भावलाई सभ्यतातिर उन्मुख गर्ने इमानदारीताको विरूवालाई निर्मल पार्ने क्रममा देखा परेको बालकृष्ण समको मुटुको व्यथाले प्रत्येक मानवका मस्तिस्तकमा यथार्थताको बीजारोपण गर्ने विश्व साहित्यका महान अध्येता बालकृष्ण सममा नाटकिय गुणकै उचित मान्यतालाई बोकेको छ । विध्द्वतापूर्ण तार्किकता भाषिक परिस्कृतता, सूक्तिमय, सुन्दरता कलात्मकता, दार्शनिकता, बौध्दिकता, वैज्ञानिकता, सामाजिकता, व्यञ्जना प्रधान शैलीको शालिनता, पद्यात्मकता, विश्व बन्धुत्व, भातृप्रेम जीवन मुखीचिन्तन आदि गुणहरु मुटुको व्यथा नाटकमा उद्धृतत गरेका छन् । यिनै असिमित गुण र प्रवाहमय चिन्तनले नेपाली साहित्यको अमोल शब्द ढुकुटीमा काव्य कुसुमलाई हरियाली र चमत्कृत पारेका छन् । जब पाश्चात्य विद्वान शेक्सपियरको ब्लाङ्कभर्स शैलीलाई अप्रत्यक्ष रुपमा अपनाए तब आदर्शको गहिरो र निर्मल प्रवाहमा डुब्न पुगे । छनता पाश्चात्य विद्वान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इब्सन, चेखोव, गोर्की आदिको भाव अभिव्यञ्जनालाई ग्रहण नगरेको ता होइन तैपनि पूर्वीय र पाश्चात्य वाङ्मयको विचार विमर्श गरि आफ्नो स्वकीय शैली र धारणालाई आत्मसात गरेको पाइन्छ। १९८६ मा प्रकाशित भएको मुटुको व्यथाले नेपाली नाटक साहित्यको श्रीगणेश गरेको छ, अत: मौलिक र भावनात्मक अभिव्यञ्जनाको संगम स्थल हो मुटुको व्यथा। पूर्वीय काव्य परम्परामा निहित आचारलाई ग्रहण गरी लेखेको उक्त नाटकले नेपाली साहित्यलाई रङ्गी विरङ्गी कान्तिले छाएको छ, जसमा पवित्र स्नेहआदर्श चेतना, अचेतनमूलक द्वन्द्वमा निर्जन र निर्जन बन्ने मान्यता नखरायुक्त वारीवाट हुने भयावह पाप र त्यसवाट मुक्त हुने शख-वादका साथै इमानदारीताले सुन्दरमय जीवन र उचित धारणाको अनुसरण समेत गरेको पाइन्छ। जुन नाटकमा कपिला, शनक, माधव, भारती गुण्डो केशव आदि पात्रलाई अन्तर्निहित गर्दै आफ्नो प्रवाहलाई उत्कृष्टता तिर डो-याएका छन्। सुन्दरतावाट हुने विकृत परिणामका रुपमा उभिएकी छ कपिला, जस्ले मर्म भेदी आत्मालाई सदाका लागि विर्सनु पर्छ।काम वासनाको वलिवेदीमा होमिएको शनकले जीवनमा नैराश्यमय, क्षणलाइ गुजार्दै आर्थिक विपन्नता र अभावै अभावले घेरिनु पर्छ। माधव जस्तो आदर्शमय पात्रले पवित्र प्रेमवाट धोखा खाएर निच र दुपित भावलाई शयन गरि समस्ये-समस्यामा जकडिनु पर्छ स्वच्छ प्रेममा स्थित मानव स्वच्छतामै आफ्नो जीवन लीला अर्पण चाहन्छ। अग्धवेगीय पद्दतिलाई निरन्तरता दिदै धन सञ्चयको तीव्र चाहना वोकेकी भारती आफ्नो सुपुप्त अवस्थालाई सुन्दर भावनामा डुवाउन चाहन्छे। परस्त्रीको चाहनामा स्वार्थ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परम्परालाई लत्याएर संस्कृति विरुद्द भाव जगाउने गुण्डो नैराश्यताका बदलामा गएर ठक्कर खान पुग्छ यिनै अभावैं अभावका सिंडीमा उभिएको छ मुटुको व्यथा ।

त्रिकोणात्मक प्रेम कहानीले मानवका सभ्य समाजमा कलुसित भावको पर्दाभास गरेर साधर्म्य सम्बन्ध र उचित कार्य पद्दतिलाई औंल्याउँदै भावी दिनमा लक्ष्य र आकांक्षाले राम्रो वस्तुको साधना गरोस भन्ने धारणालाई बोकेको छ प्रस्तुत नाटकले । मुटुको व्यथाको प्रमुख व्यथाले आकुलित पारेको मानव सभ्य समाज र आदर्शको कल्पना हर घडीमा गर्छ तर कल्पनाको उडानमा कुनै सीमा रहदैन विफल हुन बाध्य हुन्छ । माधव कपीलाको व्यवहारले हर्षित छ र प्रगाढ़ सम्बन्ध जोड्न सफल हुँदा हुँदै पनि कपिला शनकको सौन्दर्यमा मुग्ध हुन्छे । सनकले कपिलालाई सामान्य प्रेम जनीत भावलाई देखाए पनि भारतीले मोहित पारेको हुन्छे । त्यसैले कपिलालाई तिरष्कारको कुदृष्टि झल्काउछ, हो कपिलाले आफ्नो पति भक्तिलाई परम्परागत मान्यता अनुरुपनै स्वीकादर्छे तर जब वेश्याको संगमको परिणाम पाउछे तब आफू विह्वाल हुन्छे व्यथाको सिर्जना गर्ने भारती धन सञ्चय गर्ने इच्छाले शनक प्रति आकृष्ट हुन्छे परन्तु रहस्योद्घाटन भए पश्चात असामयिक] भाव र वेदनामय तलाउमा डुबल्की मार्न पुग्छे व्यथाको सञ्चय र अभिव्यक्तिपरक मान्यतालाई ग्रहण गरी उद्देश्यमूलक मार्मिक चेतनालाई स्मरण गर्ने हो भने वेग्लावेग्लै रुपमा आफ्नो मूल्यलाई बोकेर कथानक र पात्र चरित्र चरित्रण, देशकाल, वातावरण, संवाद द्वन्द्व उद्देश्य आदि तारतम्यले सुगठित रसुसज्जित देखिन्छ प्रस्तुत नाटक ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नाटकमा अनिवार्य तत्वका रुपमा देखापरेको कथानक र पात्र चरित्र चित्रणले वास्तवमा नाटकको पूर्वापर प्रसंगको मेरुदण्डकारुपमा अङ्गाङ्गी भावलाई देखाएको छ । कथानक मूल शरीर हो भने पात्र चरित्र चित्रण प्राणी वा शाखा हो, यदि यिनीहरुको अभाव हुने हो भने नाटक सुगणित हुन सक्तैन । वस्तुको कान्ति निर्मल्य अभिव्यञ्जना र गाम्भीर्य भावोच्छलनका निमित खडा भएको पात्रहरुले आदर्शता र यथार्थतालाई ग्रहण गरेको पाइन्छ । यद्यपि मुटुको व्यथामा आदर्शताको कमी कमजोरी देखिएता पनि यथार्थ पात्रको चिन्हमा कम छैन । तसर्थ कथानक र पात्र चरित्र चित्रणका दृष्टिले प्रस्तुत नाटक उत्कृष्ट नाटका रूपमा उभिएकों छ ।

नाटकलाई सुकोमल तारतम्य र निरन्तरता दिने क्रममा देखापरेको वातावरणले छवियुक्त अंकुरलाई ग्रहण गरेको पनि प्रतिकूल हुने भएकोले अनुकूल पार्नमा गहिरो भूमिका खेल्दै आएको देशकाल वातावरणले समय सापेक्षित डाँडा काडा र पर्वत पहाड आदिलाई सहज ग्रहण गरेको छ । यसर्थं देश देशकाल बातावरणका दृष्टिले समेत मुटुको व्यथालाई उचित रङ्ग रोकनले रंगाइएको छ परस्परको भावोद्‌वेगको गहिरो प्रवाह भएको अर्थात नाटकको मुटुका रूपमा उभिएको संवाद तत्वले पनि नाटकलाई तीव्र गतिमा मोडको छ । दार्शनिकताको प्रवाह र असिमित सम्बन्ध छ, तर पनि नाटकका सामान्य पात्रहरुले पनि कर्ताका तारतम्यले दार्शनिकतामा खडा भएका छन् । दार्शनिकताका चिन्हमा उभिएका छन् । त्यसैले संवाद तत्वले नाटकको सुन्दरतालाई उच्च पंक्तिमा पुऱ्याईएको छ । ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संवादका हाराहारीमा आएको द्वन्द्वात्मकताले नाटक गतिशील मर्म मधुर हुनका साथै व्यथा जनक अन्योल कारणका रुपमा देखा पर्दछ। माधवले कपिलासँग कपिलाले शनकसँग, शनकले भारतीसँग परस्परमा आकर्षित हुनाले त्रिकोणात्मक द्वन्द्वको परिणाम उल्टो र अस्वाभाविक देखिन्छ। माधवले निस्वार्थ भावमा कपिलालाई हेर्नु कपिलाले सुन्दरतालाई पछ्याउने क्रममा शनकसँग आँखा जुधाउनु, शनकले अन्धो भएर भारतीका पछी लाग्नुले नाटकमा द्वन्द्वको प्रभावले चरमोत्कर्ष नाघिसकेको देखिन्छ वास्तवमा हेर्ने हो भने यिनै कार्य पद्दतिका माध्यमले नाटकको सामाञ्जस्य वौद्धिकता तिर उन्मुख भएको पाइन्छ। कुनै पनि नाटकको आफ्नो उद्देश्य र समाज प्रतिको धारणालाई व्यक्त्याएर सचेत तुल्याउन सफल भएको हुन्छ। यसै गतिशील आदर्शतालाई दिग्दर्शन गर्ने क्रममा उदेश्यत्व देखा पर्दछ। नाटकको पूर्वापर प्रसंगलाई र नामकरणको औचित्य माथि प्रकाश पार्न सफल हुने भएको उद्देश्य तत्वले यस नाटकलाई अति मार्मिक र चोर सोचाईमा पु-याएर समाजका हर विकृतिलाई सचेत तुल्याउन सफल भएको छ। माधव, कपिला, शनक, त्रिकोणात्मक प्रेममा मग्न भएता पनि वेग्ला वेग्लै ज्वाला र संतापमा पिलिसएर मुटूको व्यथाको सामञ्जस्यले मर्दछन्। कपिलाकी छोरी ठूलीको देहावसन भए पश्चात भावनात्मक प्रेममा डुबी माधवले इहलीला समाप्त पार्नु, कपिलाले डुम्लाहाई छोडेर काठमाडौं आउने क्रममा शनक र भारतीको प्रेम नीतिले आफूलाई तिरस्कार वोध हुनु, र व्यथालाई जन्माएर मुटु फुटेर मर्नु, स्वच्छ मर्यादालाई आधार मान्ने केशवका मुखारवृन्दबाट ठूली, माधव र कपिलालाई समेत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पृथ्वीले अपनो गर्भमा धारण गरेको शनकलाई सुनाउनु नख-रायुक्त समाजको कलङ्क बोकेकी भारती प्रति गरेको भावको रहस्योद्‌घाटन हुनु र चरमोत्कर्षमा पुग्नु, साथ साथै शनक असहाय जीवनमा मेल पैदा गर्ने इच्छालाई बोकेर परलोक तर्फ उन्मुख हुनाले यो नाटक विषयवस्तु र शीर्षकसंग पनि साक्षात्कार गरेको पाइन्छ। नाटककारले समाजको विकृतिको छानबिन गरी उचित जागरण र नौलो प्रभावमय सुन्दरता-लाई ग्रहण गरेका छन् समाजलाई सचेत तुल्याएका छन् । शनकले अमानवियपनाको सकेत गरेर समाजलाई दूषित तुल्याए तापनि आत्महत्य को प्रायश्चित गर्दै परलोक गएर कपिलासंग नतमस्तक हुन बाध्य गराएका छन्। भारती जस्ती च्युतसंस्कारी नारीलाई व्यथाले र मृत्युको कहालो लाग्दो अवस्थाले नघच्घच्याउनु ले पनि भोलीका दिनमा अवश्य पनि सतीत्व र संस्कारवान नारी बनोस भन्ने संकेत गरेको हो भन्न सकिन्छ। कपिला जस्ती पति परायण नारीले विकृ-तिलाई बीज बनाएर आपनो अमूल्य क्षण गुमाउनाले प्रत्येक नारीको कर्तव्य र सद अस्तित्वको कल्पना हर घडीमा गरेको पाइन्छ ।

नाटकमा हुने गुण र कार्य पद्दति यथोचित भएपनि केही अंशमा असभाव्यताको समेत दिग्दर्शन गरेको पाइन्छ । जस्तै - जुम्ला जस्तो पवित्र र संस्कारयुक्त ठाउमा पथभ्रष्ट वेश्या भारती रहनु, दूरभावलाई बुझ्ने कपिलाले शनक जस्तो अयोग्य वर वरण गर्नु, कपिलाले माधवको हार्दिक प्रेमलाई नबुझ्नु आदि अभाव पनि यस नाटकमा नदेखिएका होइनन् तापनि ती अभावहरु गौण रुपमा रहेर नाटकले चारैतिरबाट सफलताका ध्वजा फर्फराएका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नाटककारले आफ्नो मानवीय धारणालाई ओकल्दै समाज लाई सद् जागरण तर्फ उन्मुख पारेका छन् । नाटक क्षेत्रमा अनमोल सुगन्ध र भावको उत्कृष्टतालाई प्रादुर्भाव गर्दै "नभूतो नभविष्यति" व्यक्तित्वका रुपमा देदीप्यमान बनेर रहेका बालकृष्ण समले नेपाली साहित्यको काव्य कुसुमलाई वा नाटक साहित्यको क्षितोजलाई हराभरा पारेका छन् । नाटकिय शिल्पको अद्भूद् चमत्कार देखाइदिने समले नयाँ नयाँ काव्य भण्डारलाई ढकमक्क पार्दै साहित्याराधनाप्रति गहिरो अभिव्यक्ति प्रकट गरेको पाइन्छ । यिनै मान्यताले गर्दा आज प्रत्येक साहित्यिक व्यक्तित्वका मष्तिकमा मुटुको व्यथा प्रतिविम्वित भएर रहेको छ । यस नाटकले सामजिकताको समेत अभाव पूर्तिको साधना गरेको पाइन्छ । वास्तवमा यस नाटकको केन्द्रिय र भावात्मक अभिव्यञ्जन पनि यही नै हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लेख —

'खैं कहाँ छ शान्ति ?'

देवी प्रसाद नेपाल (शास्त्री)
पिण्डेश्वर विद्यापिठ, धरान-

आमाको गर्भवाट पृथ्वीमा भोलिनासाथ च्याँ च्याँको मलिन आवाजमा सुख समृद्धि र शान्तिको वकालत गर्दै धर्तिको उपभोग गर्न चाहने मानव अनमोल अज्ञानताका खाल-टाहरुमा अस्मिताको आगो सल्काउदै वाच्ने इच्छा नहुदा नहुदै पनि केही करोडौंको रगत चुस्दै हिड्दै छन् भने कोही मानवको नकारात्मक मित्रताको घृणाले आत्म हत्या गर्दै छन् भने कोही उद्देश्य र्भिमिरे मुनाहरुमा आफ्ने आत्माको आगो सल्काउदै केवल रोदनमा समय व्यतित गरिरहेका छन् । जीवनका व्यथा र विश्लेषण गर्नमा मानव काहिं पछि पर्दैनन् तर यही धर्तिका कुराहरुमा कोही हिटलर अझं बाँकी छन् । कोही गान्धी कोही बुद्ध मात्र नभएर आधुनिक मान-वहरु मानवताको पाठ सिकाई रहेका छन्। यति मात्र होइन हिरोसीमा र नागासाकीका एटमवम भित्र पिल्सिएका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भुत्भुते भित्रका आत्माहरुले पनि अझै मानवकै मुख हेरी रहेका छन् । रुस आफ्नै इतिहासमा छ । अमेरीकाको रात-दिनको खबरले हृदय पोल्ने गर्छ । चेकोश्लोभाकिया मानवताको परीक्षा लिदैछ । बोस्नीया हर्जगोभीना सही जीवन र शान्तिको खोजिमा छ । के यही हो शान्ति ? तो दार्शनिक मानवहरु आज ती क्षेत्रमा पुगेका छैनन् ? इरान र इराकको लडाई हुदैछ अरे ! हाँसि हाँसो टि. भि. हेर्छ मानव तर छैन थाहा तो युद्धमा भुटिएका आफ्नै आत्मा हुन भन्ने अनि त्यो युद्धको सुरूवात गराई दिने पनि तिनै मानव नै ता हुन् तर खोई देखे तो हज्जारौं महिलाले विधुवा भई बाच्नु परेको । यतिमात्रहोईन आज त्यही मानव एउटी विधुवा बराबर १०,००० लिने लालचामा हासो रहेछ भने तिनीहरुलाई पनि मानव भन्ने ?

परेवाका जोडीलाई शान्तिका प्रतीक मान्दै उडाउने गर्छ सोही मानव, अलिपर हातमा काँण लिएर व्याधा भई बसि रहेको छ । त्यही मानव अनि खै शान्ति भयो तो शान्ति-का प्रतीकलाई पनि ? प्रेमका प्रतीक मानिने ढुक्कुरलाई पनि व्याधाकै डर छ, प्रेम भन्ने के हो ? माया हो र माया आत्माको समझदारी बिना कहिल्यै गरिदैन भने किन आज त्यही आत्माको समझदारीको प्रतीक माथि काणको वर्षा ? छोडी देउ मानव ती अबोध पक्षीलाई प्रतीक मान्न ! यदी हत्यनै तिम्रो प्रमुख कर्तव्य हो भने ।

यिनै घृणित कर्मले थकित आत्माको ढुकढुकी सँग शान्तिको खोजि गर्दा नपाए पनि बरु पशुमा शान्ति होला भन्ने झिनो आशामा पशुलाई धरातलमा ओर्लन्छ खुशी पनि हुन्छ, मानवले प्यारले लालन गरेको देख्दा तर सुखै सुखमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफ्नै आत्मालाई समेत विसिसकेको पशु अचानक कुनै देवीको मन्दिर अगाडि वली हुन पुग्छ अनि खै के थाहा त्यस स्वार्थी लाई "या देवी सर्वभूतेषु" भनेको के हो ?

तुच्छ संसारको घृणित कार्य देखि दिक्क लागेर संसार देखि अलग रहन चाहन्थें तर संसार वाहिर मानिस रहनै सक्दो रहेनछ ! अनि शंका र भरोसाको दोसाँधमा अस्तित्व बिसाइ शान्तिको खोजिमा हिँडदै छु तर चुरोटको धुवाँमा अल्मलिएका किटाणुहरु स्वच्छ आकाशको खोजिमा रहेछन्, उष्णताको मरुभूमिमा पिलिस रहेका जीवनहरु शीतलताका प्रतीक्षामा रहेछन्, अन्तर्दाहका भूतभूतै भित्रका आत्माहरु एकान्तको खोजिमा रहेछन्, मरुभूमिका कठोर भोगाईहरुमा जलको वर्षाको असम्भवताले छट्पटाउदा छट्पटाउदै मृत्युका खाल्टाको विजारोपण भएपछि खै त जीवनमा शान्ति ? यति मात्र हैन कमलको रस चुस्न वसेका भँमराहरु रात्रीको कैदी वन्न पुग्दा रहेछन्, स्वच्छ आकाशमा स्वतन्त्र उडिरहेका चीलले पनि कसैको मृत्युको प्रतिक्षा गरिरहेको हुदो रहेछ, स्वतन्त्र एकान्त जंगलमा घुमिरहेका वनचरालाई पनि व्याधाको डरले सताउदो रहेछन् कति चिडिया खानामा मानव को पैसा कमाउने साधन वनेका छन् तर खै कसलाई कहां रहेछ र शान्ति ? वरु मानव जीवन मं पो शान्ति होला भन्थें तर हैन ! मानव त झन सम्पूर्ण अशान्तिको कारण पो रहेछ। फोश्रो मित्रताको ढोङ्ग रचेर आत्मामा छुरी धस्तो रहेछ मानव, प्रत्येक मुस्कान सँगसँगै तिरस्कारको खोलो वगाउदो रहेछ मानव, आफ्नो पूर्णतामा नै सन्सारको मुख सम्झदो रहेछ मानव, प्रतिस्पर्धामा खुट्टा चिप्लिएपछि विद्रोहको रॉको वोक्तो रहेछ मानव, यति मात्र हैन कोही अगाडि वढेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देख्यो भने पछाडिबाट खुट्टा तान्न पनि पछि पर्दो रहेनछ मानव, तर आफू-आफूमै पनि कसैले मृत्युको जहर पिलाइ दिने त हुन ? भनेर सदा सर्वदा भयभीत नै भइरहदो रहेछ मानव, अनि खोइ त शान्ति त्यसमानवलाई पनि ? सम्पूर्ण संसार नै यस्तै छ। एकान्तमा प्रहार पाईदो रहेछ, हावामा पनि विष मिसिएको हुदो रहेछ, पानीमा रुग्णता, आत्मियतामा कठोरता, मित्रतामा मृत्यु, प्रकृतिमा रोदन, समाजमा कलङ्क मायामा तिरस्कार पाइदो रहेछ अनि त खुकुरीको धारमा अडिएको जीवनलाई तपस्यावाट शान्ति दिलाउन कन्दरातिर धकेलन खोज्छु तर त्यही कन्दरामा पनि सिह आहाराको प्रतीक्षामा मुखवाइ रहेको रहेछ। एकान्त स्थलमा प्रेमालापमा अल्झिएका युगल प्रेमीका जीवनमा पो शान्ति होला ? विचार गर्छु तर होईन ! क्षणिक आनन्दकौ वसमा परेर जीवन रुपी हेण्डललाई कण्ट्रोल गर्न नसक्ता कतिचोटि पल्टनबाजी खाई सकेरठि समस्या समाधानको बाटो खोजि रहेका हज्जारों आत्माहरुलाई देख्छु अनि कलङ्क र सामाजिक तिरस्कार माथि अस्तित्व बिसाई जीवन र मृत्युको दोसाँझमा भौतारिदा भौतारिदै निरटतव्ध अन्धकारमा वेशाखी खुस्केको लंगडो झैं छामछाम छुमछुम मै समय व्यतीत गरिरहेका हज्जारौं नवयुवतीहरुलाई देख्छु खै त तिनीहरुमा पनि शान्ति ?

सानालाई ठूलाको डर छ, वनचरलाई व्याधाको डरछ, हरिणलाई सिहको डरछ, सानो माछालाई ठूलो माछाको डर छ, तपस्वीलाइ मूर्खको डर छ, सूर्यलाई रात्रीको डरछ, चन्द्रमालाई राहुको डर छ, आगोलाई पानीको डर छ. वसन्तलाई ग्रीष्मको, डर छ, गरीवलाई धनीको डर छ, धनीलाई चोरका डर छ, चोरलाई पुलिसको डर छ, पुलिसलाई सत्ताको डर छ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सत्तालाई जनताको डरछ, अनि खै त शान्ति ? के डर डर मं जीवन बिताउनु शान्ति हो ? एकातिर बाटाका एककुनामा एउटा भिखारी हात फैलाएर भिक्षा मागिरहेको छ, अर्को तिर त्यही सडकमा मारुतीमा बसेर एउटा आत्मा हाँसि रहेछ र त्यसलाई पनि अवश्य एउटा न एउटाको त डर छ। एक बोटल रक्सी खाईसकेपछिको अवस्थामा पो शान्ति होला ! तर हैन त्यो तँ झन मृत्युको साधन पो रहेछ। यो सम्पूर्ण कुरा देखि अलग रहन चाहन्थें तर मध्ये रातको सिरक भित्र लुक्न खोज्दा पनि आफ्नै आत्माले मृत्युको संकेत दिएपछि सम्पूर्ण समस्याको समाधान नै मृत्यु रहेछ भन्ने लाग्यो अनि भन्ने गथें मृत्यु पछाडिको मृत लासमा शान्ति छ। तर हैन ! त्यसलाई पनि वरिपरि स्यालले घेरिहेका रहेछन्, आकाशमा चीलहरु त्यसको प्रतीक्षामा घुमीरहेका छन् अनि खै त त्यसलाई पनि शान्ति ?

मानव आफ्नो स्वतन्त्रतामा बाच्न पाएको छैन, पशु स्वतन्त्र छैन, वनचरले पनि आफ्नो आकांक्षा पूरा हुन नपाई पूर्णबिराम लगाउनु परिरहेछ, वसन्तले आफ्नो अस्तित्व राख्न पाएको छैन, सूर्य पनि पराधिन छ, चन्द्र पनि पराधिन छ हुदा हुदै अवत मृत्यु पछिको लास मात्र नभएर त्यसपछिको खरानीलाई पनि शान्ति छैन। तर ती वस्तुहरुका पनि त आफ्ना उद्देश्य होलान ? तर खै यस दुनियामा कसले कस लाई सोध्ने । एकातिर महाकविहरु स्वर्गिम जीवनको व्याख्या र विश्लेषण गर्दै जीवनको परिभाषा गर्दै छन् भने अर्को तिर आँखामा पट्टिबाँधेर दार्शनिकहरु संसार चिनाइ रहेछन् भने अझै अर्को तिर शिक्षकहरु विद्यार्थीलाई बुद्ध र गान्धीका "अहिंसा परमो धर्म" र समानताको पाठ रटाइ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रहेछन् तर तो कविका कविताहरु अब कविता मै सोमीत भए, दार्शनिकका दर्शनहरु त्यति मै सीमीत भए बुद्ध र गान्धीका उपदेशहरु माटामा मिलिसके अब त मानवले मानवलाई गन्न छाडे, रात्रीलाई दिन र दिनलाई रात्री भन्न थाले, चोरलाई विद्वान्, मानवलाई ईश्वर, ईश्वरलाई ढुङ्गा का नामले पुकार्न थाले । संसार आँसुमा पोडिरहेछ, सम्पूर्ण प्राणिहरु त्रास र घृणामा जोवन विताई रहेछन्, दावानलले वन उढाए झैं एकातिर अणुवम र एटम वममा मानिसहरु जीवन उडाइं रहेछन् भने अर्कातिर स्वतन्त्रताको आवाज दिदै मानवहरु कुलिरहेका छन् अनि खै शान्ति ? त्यसले तुच्छ ससारको एउटा सदस्यको नाताले जोवनका गहिराई भित्र पनि दावानलको लप्काले अस्तित्व डडाई सकेपछि अर्ध हीन कलेवरलाई शान्तिको खोजिमा संसार भरि डुलाउँदा पनि केबल आँशु सिवाय केही नपाए पछि एटमबममा पिल्सिएका जीवनसँग' भिक्षाको हात फैलाएका आत्मासँग, वनचर को प्रतीक्षाका व्याधासँग, व्याघ्रासँग डराई रहेका पंक्षीसँग एकान्तमा तपस्या गर्ने तपस्वीहरुसँग, प्रेमालपामा अल्झिएका प्रेमीसँग, कमलभित्र थुनिएका भ्रमरसँग, मित्रताको अभिनय गर्ने सायीसँग, जोवनको परिभाषा गर्ने कविसँग, स्वतन्त्रताको भाषण छाट्ने मानवसँग, संसारलाई चिनाउने दार्शनिकसँग मृत्यु पछाडिको लाससँग, अनि जीवनको रहस्यमय भोगाई देखि थाकेको आफ्नै आत्मासँग, म प्रश्न गरिनै रहन्छु, खै कहीं छ शान्ति ?

—: ● :—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समालोचना —

लाहुरी भैंसी दुहुन खोज्दा

पद्म प्रसाद कापले (शास्त्री)
पिण्डेश्वर विद्यापीठ, धरान

कथाकार रमेश विकल वि. सं. १९८९ मा गोकर्णको आरुबारी काठमाडौंमा जन्मेर B A. B. ED. सम्म शिक्षा हासिल गरी शिक्षक, श्री ५ को सरकारको निजामति कर्मचारी' बिभिन्न संघ संस्था आदिमा जागिर खाने व्यक्तित्व हुन् । उनले मदन पुरस्कार, महेन्द्र प्रज्ञा पुरस्कार तथा विद्वद्वृति जस्ता पुरस्कारहरु विभिन्न संस्थाहरुबाट पाएका छन् । कथाकार विकल विभिन्न लेख कलाकार संघहरुको पदीय दायित्व बहन गरी पूरा गर्दै आफ्नो कथा यात्रा २०२६ सालमा प्रकाशित गरीब कथाका माध्यमबाट शुरू गर्दछन् । कथा मात्र उनको विधा होइन उपन्यास, निबन्ध र नाटकमा समेत कलम चलिरहन्छ । यिनको कथा यात्रा अविरल छ र करिब ४५ वर्षको उमेर पुगिसकेको छ । मूलतः यिनको कथायात्रालाई तीन भागमा बाँडन सकिन्छ २००६ साल देखि २०२० साल, २०२१ साल देखि २०३६ साल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र २०३७ देखि हाल सम्म । यिनका कथाका प्रथम चरणको कथागत विशेषता सामाजिक यथार्थवाद र प्रगति वाद हो । दाश्रो चरणमा मनो वैज्ञानिक यथार्थवाद तिर उन्मुख हुन्छन् र तेश्रो चरणमा भने पुन: यथार्थवादमा नै फर्कन्छन् । खास-गरी प्रथम चरणका कथाहरुमा दुई रुपैयाँको नोट वीरेकी आमा, फूटपाथ मिनिस्टर, नयां गडकको गीत, सिंगारी बाखो लाहुरी भैंसी, वयं रक्षाम: आदि कथाहरु आर्थिक व्यवस्थावाट गुज्रिएका पीडित मानिसहरुको जीवनको चरित्र चित्रण गरि-एका कथाहरु हुन् ।

यसै क्रम भित्र कथाहरुमा यहाँ लाहुरी भैंसीनामक कथाको बिशेषचर्चा गरिन्छ । रमेश विकलका कथामा समाजमा विद्यमान गरीवोको सजीव चित्रण छ । समाजका प्रतिष्ठित र घरा-नीयां व्यक्तिहरुले गाउँका निर्धा निमुखा जनताहरुलाई उपकारको नाम..। उल्टै चुस्ने प्रवृत्तिका व्यक्तिहरुको चरित्र उजागर गरेका छन् कथाकार विकलले ।

प्रस्तुत "लाहुरी भैंसी कथामा लुखुरे नामको एउटा समाजको गरीव पात्र छ र उसकी स्वास्नी घैंटी र उसका छोराछोरीहरु छन् । उनीहरुको आर्थिक जीवनस्तर अत्यन्त कम-जोर छ । गाउमा बनी बुतो गरी पेट पाल्ने र आफ्नो दुखेसो गरी सरल व्यवहार गरो खाने मान्छे हो लुखुरे । उसलाई एकदिन भैंसी पाल्ने रहर पलाउँछ । स्वास्नीसँग घर सल्लाह गरे पश्चात साहुकारोवर र स्वास्नी को नाक कान समेत गरो पारि गाउँबाट भैंसी किनेर ल्याउछ पनि । भैंसी असल जातको राम्रो र जीउमा झिगा बस्दैमा लड्ने खालको हुन्छ । सबै जना खुशी हुन्छन् । लुखुरेका घरमा त्यसदिन अत्यन्त हर्ष र खुशीको दिन हुन्छ उसका चाहनाहरु कल्पनाको तरंगमा पौडी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रहेका हुन्छन् भैंसीको दुध बेचेर छोरा छोरीलाई राम्रा लुगा लगाई दिने साहु तिर्ने लगायत योजनाहरु बनाउँछ। लुखुरे भने गाउका उसका शुभ चिन्तकहरु पनि खुशी हुन्छन् र त्यही गाउँका आफूलाई धनीमानी र प्रतिष्ठित ठान्ने राणा कालमा दरबारको ढोकामा ढोके बसी केही पैसा कमाएको द्वारे बा संज्ञा पाएको व्यक्ति छ, जसलाई त्यो भैंसो लुखुरेका घरमा देख्दा ईर्ष्या बढ्छ र जलन हुन्छ । लोभका चपेटामा छटपटोदै पैसा पोकोपारी चलाउन नसक्ने ठालु द्वारे लुखुरेले घरमा भैंसी बाँधेको कसरी सहन गर्न सकोस जबको उसका घरमा त्यस्तो असलजातको भैंसी थिएन । उसका आँखा बले' चित्त छिया छिया भयो । एउटा गरिबको पीठामाथिको राती गेडी'लाई गिद्धे दृष्टि लगाउन शुरू ग-या द्वारे बाले । द्वारेका लठ्ठ अन्धभक्त बनेर रहेका रामबीरे र सीताराम पण्डित नामका पात्रहरु पनि यस कथामा समाविष्ट छन् । यि पात्रहरू निरपेक्ष गरीबीको रेखा मुनी रहेर धनीका लठैत भएर पनि लुखुरेको भैंसी प्रति षड्यन्त्र गर्न थाल्छन् । भैंसीलाई अनेक प्रकारको दोष देखाउँछन् र लुखुरेलाई अत्याउछन् । द्वारे बा पनि लुखुरे भैंसीको तर्फबाट बिग्रेको सहानुभूति देखाउदै कुचक्रको जाल फिजाउन रामबीरे र सीताराम पण्डितलाई लगाउँछ । नभन्दै हिडाएर ल्याएको भैंसी उस्ले देखेजति दुध पनि दिदैंन र रातभरी भैंसोमा कमी कमजोरी मात्र देख्छ लुखुरे। उसलाइ निन्द्रा लाग्दैन । उस्की स्वास्नी पनि रिसाउन थाल्छे । ए! हो क्यारे भन्ने ठान्छ लुखुरे र तीनै शामन्तोहरुका शरण परि आफू उक्सिने उपाय बारे कुरा राख्दछ उनीहरुलाई के खोज्छस काना आंखो" भएको थियो। लुखुरेल किनेकोमा सौ पचास घटाएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वारेवाले भैंसी लिने र उस्को समस्या समाधान गरीदिने भयो । द्वारेको त भैंसी मरी गए पनि अरिमोठेको एउटा खुट्टो भांचिएर केही नहुने हुंदा नाटकीय उपकार गर्दै द्वारे वा भैंसी लान तयार पर्छ ।

विचरा लुखुरे पनि के गरोस् ! गाउँका ठूला ठालुले भनेको पनि पत्याउनु पर्ने । साँच्चै भैंसी रोगी रहेछ र मऱ्यो भने सर्वस्व हुने ठान्छ र स्वास्नी पनि झर्कन थालेकाले ज्यादै पीडित हुन्छ अनि द्वारेलाई भैंसी दिने निर्णय गर्छ । आज लुखुरेका घरमा उदासीनताले छाएको छ । लुखुरेका सबै चाहना र कल्पनाहरु चकनाचूर भए भने छोरा छोरी रुन थाल्छन् । द्वारेवाका घरमा आनन्द र खुशी फैलिएको छ भने लुखुरेकामा उदासीनता, दुःख, दर्द र वेदनाले खिस्सी गरिरहेको छ ।

आफ्ना निर्णय आफैं लिन नसक्ने समाजका मुट्ठीभर धनी मानो मान्छेले चुसिएका दीन हीन परिवारहरुलाई आदर्शवादको खोक्रो ढोङ्ग रचेर कसरी फंसाई आफ्नो स्वार्थ सिद्धगर्न सफल हुन्छन् भन्ने कुरा प्रस्तुत कथामा छलंङ्ग पारिएको छ ।

यस दृष्टिले हेर्दा प्रस्तुत "लाहुरी भैंसी" कथामा यथार्थवादको धरातलमा प्रगतिवाद पनि झल्केको छ । समग्रमा भन्नु पर्दा समाजमा रहेका परजीवीत तथाकथित धनीको संज्ञा पाएका जुका, उडुसहरु परोपकारी मुखुण्डो ओढी मौका परेपछि नछोड्ने कुरीतिका संस्कार बोकेका शोषक र सामन्ती प्रति तीखो व्यङ्ग्य गर्नु मात्र नभई उक्त संस्कारका धनीहरुको मनोभाव मनोवृत्ति उदाङ्गो परेको छ । यो नै लाहुरी भैंसी दुहुदा निस्केको सार हो । अस्तु :

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समीक्षा:—

सम र उनका नाटकमा एक दृष्टि

— भवानी शंकर भट्टराई शास्त्री
पिण्डेश्वर विद्यापीठ, धरान

व्यालकृष्ण शमशेरको जन्म १९५९ सालमा राणा परिवारमा भएको हो । उनका वाबु जनरल शमशेर जङ्ग वहादुर राणा र आमा कीर्तिराज्यलक्ष्मी हुन । यसरी सम्पन्न राणा परिवारमा जन्मन पुगेका वालकृष्ण शमशेरलाई पारिवारिक धाक, घमण्ड र रवाफले छून सकेन र त्यसको ठीक विपरित सबैमा आत्मियता, सरलता, मानवता अनि दुःखी हरुमा दयाभाव विकसित हुँदै गयो । समयको गतिसँगै वालकृष्ण शमशेरले दर्वार हाई स्कूलवाट अध्ययन यात्राको प्रारम्भ गरी कलकत्तावाट म्याट्रिक पास गरे । अनि विज्ञान विषयमा त्रिचन्द्र कलेजमा पढ्दा पढ्दै उनको मुटुले असह वेदना खप्नु प-यो र उनी जवर्जस्ती सेनाको क्प्तान बनाइए राणाहरु जति उनको पद वृद्धि पर्दथे उनको मुटुमा गाडिएको घाउ उतिनै वढ्दै जान्थ्यो तापनि उनी केही गर्न असक्षम थिए— केवल भुट-भुटिनु, चिडिनु बाहेक ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यस पछि विस्तारै नेपाली जनमानसमा जनचेतना र राणा विरोधी भावनाले विकराल रुपलिन थाल्यो भने १९९७ सालको सहीदकाण्ड पश्चात् त झन टट्कारो रुपमा निरंकुश अत्याचारी प्रति विरोध गर्ने भावना पहिले सुषुप्त भए पनि बालकृष्णका भाषणले उद्दिप्त पारिदियो। बालकृष्ण शमशेर स्वयं आन्दोलनमा सरिक भएर नेपाली सबैलाई आन्दोलनमा सरिक गराए। यसरी राणा विरुद्ध प्रजातन्त्रको लागि भाषण गरि रहेकै अवस्थामा केही सहयात्री सहित उनी पक्राउ परे। उनका आन्दोलनका साथी म्हुच्छेमान कुटिए र उनको ज्यानै गयो भने बालकृष्ण चाहिं राणापरिवारका भएको कारण केवल थुनिए मात्र।

२००७ सालको प्रजातन्त्रको उदय पश्चात जेलबाट निस्किनासाथ बालकृष्ण सिधै म्हुच्छेमानको घरमा गई आफ्नो सहयात्री मारिएकोमा त्यस परिवार प्रति दुःख प्रकट गर्दै यसरो कुटपिट गर्ने चिथोर्ने जस्ता गर्जन भएको 'शेर' पदलाई म्हुच्छेमानको मै छोडी सबैमा समानता बोधक 'सम' शब्दलाई अङ्गाले।

यसरी राणा परिवारमा जन्मेर हुर्केर त्यहीं शिक्षा हासिल गरेर पनि राणा विरोधी बन्न पुगेका समले माथिल्लो ओहदाका राणालाई ढोग गर्ने प्रथाका विरुद्ध 'नमस्ते' गर्ने सबैमा 'तपाई' शब्दको प्रयोग गर्ने 'भाद गाउँले' टोपीलाई राष्ट्रियता प्रदान गर्ने जस्ता उल्लेखनीय कार्यहरु गरे। यसरी प्रजातन्त्रका लागि निरन्तर संघर्ष गरेका समय नेपाली साहित्यमा विशेष किसिमको योगदान दिएका छन्। मूलत यि नाटक सम्राट हुन् यति भएर पनि कविता, खण्डकाव्य, महाकाव्य कथा, निबन्ध, प्रबन्ध, जीवनी एकाङ्कीहरुमा पनि उनको दखल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखिन्छ । नेपाल रेडियोको निर्देशक, गोरखापत्रका प्रधान सम्पादक, शाही नेपाल एकेडेमीका सदस्य, अनि उप कुलपति सम्म भएका समले २०२९ सालमा त्रिभूवन पुरस्कार त्रि. वि. वि. बाट विशेष उपाधि, पृथ्वीप्रज्ञा पुरस्कार आदि विभिन्न पदवी र पारितोषिकहरु प्राप्त गरे । यसरी प्रजातन्त्र का लागि लडने तथा नेपाली साहित्यका बहुमुखी भएर सबै स्थानमा धनी प्रतिभा समको पार्थिव शरीरको २०३८ सालमा विलय भएता पनि उनी नेपाली साहित्यमा सुवर्ण झैं चम्कि रहेछन् ।

समको नाट्ययात्रा :—

बालकृष्ण समको जन्म हुदा घरमा 'नागलीला' नाटक देखाउने तयारी हुँदै थियो । यसरी नाटकको धमाधमको तयारी मै जन्मेका सम उच्चराणा परिवारका व्यक्ति थिए । राणा हरु विलासी भएकाले वेला बखतमा नाटकको प्रदर्शन भैरा- राख्दथ्यो । सम पनि नाटकमा औंधी चाख राख्दथे । यसरी नाटकको रमझममै जन्मेर हुर्केका सममा नाटक प्रति रौस, चाख, इच्छा, आकांक्षा बढ्दै गयो । फलत उनले १९७७ साल- मा उर्दू र फारसी परम्पराको अनुकरण गरी 'मिलिनद' नाटक लेखे भने १९७८/८० बीचमा फारसीर अरबी पात्र- हरु समावेश भएको तर नेपालकै स्थल विशेषको घटनामा आधारित "तानसेनको झरी" नाटक रचना गरे । नाटक अ- भ्यासकै क्रममा १९८५ सम्ममा हिन्दू पुराणको कथानकमा आधारित 'बाज' र 'ध्रुव' नाटक लेखे । तर यी सम्पू- नाटकले मौलिकता प्रदान गर्न भने सकेन ।

१९८९ सालमा पश्चिमी नाटककार विलियम सेक्स- पियरको ब्ल्याङ्क भर्स शैलीबाट प्रभावित भएर नेपाली ना-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

य परम्परामा मौलिक, पद्य प्रधान, वियोगान्त "मुटूको व्यथा" नाटकको प्रकाशन । गरे त्यसपछि नेपाली नाटकले अर्कै कोल्टे फे-यो, अनि आधुनिकताको परिपाटीमा ढल्कियो । तिलस्मी कुनै कथामा आश्रित संयोगान्तको अनिवार्यता, प्रख्यात वंशस्थ धीरोदात्त नायकको आवश्यकता आदिले बिदा लियो, अनि सामाजिकता कारुणीकता आदि विषयवस्तुले नाटकमा आफ्नो स्थान ओगट्यो । मुटुको व्यथा पश्चात् समले थरं संयोगान्त, वियोगान्त, ऐतिहासिक पौराणिक समस्यामूलक र मनोविश्लेषणात्मक नाटकहरु रचना गरे । उनका संयोगान्त नाटकमा - प्रल्हाद, अन्धवेग भक्त भानुभक्त, भीमसेनको अन्त्य, आदि नाटकहरु छन् । त्यस्तै पौराणिक विषयवस्तुमा आधारित नाटकहरु ध्रुव र प्रल्हाद हुन ।

संयोगान्त नाटक :—

नाटककार 'सम' को प्रसिद्ध संयोगान्त नाटक "मुकुन्द इन्दिरा" हो । पद्यप्रधान प्रस्तुत नाटकमा घरमा विवाह गरेकी पतिव्रता नारी इन्दिरालाई त्यागेर बरला बन्दै कलकत्ता पुगेका मुकुन्द जस्तो खराब युवकलाई देशभक्त भवदेवका सत्प्रयासले आफ्नो देशमा फर्काई इन्दिरा जस्ती आदर्शवती नारी समक्ष प्रेमतन्तुमा उनेर नाटक संयोगान्त तुल्याएका छन् । वास्तवमा भवदेवको देशभक्ति अनि कर्तव्यपरायणता एवं इन्दिराको पतिभक्ति देखाउनु नै यस नाटकको मुख्य उद्देश्य हो ।

प्रस्तुत नाटक गद्यमा लेखिएको दशअंकमा विभक्त संयोगान्त नाटक हो । यस नाटकमा घरमा विवाह गरेर ल्याएर पनि पत्नीको मुहार सम्म नहेरी 'माया' जस्ती सम्पति कमाउन लागेकी वेश्यामा फस्न पुगेको इन्द्रवीर जस्तो व्यक्तिलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पत्नी प्रभाको दाजु मनोहरका बुद्धिमत्ताले मायालाई कलकत्त पठाई इन्द्रवीरलाई प्रभा प्रति झुक्न बाध्य बनाइएको देखाइएको छ । मायाको भेषधरी प्रभाले छलले माया बनेर पठिमे हु माया भन्नु नै 'म' नाटकको शीर्षक हो । मूलतः मनोहरको कुशलता, प्रभाको पतिभक्ति अनि इन्द्रवीरलाई सुधानु नै यस नाटकको मूल लक्ष्य हो ।

वियोगान्त नाटकहरु —

समको प्रथम प्रकाशित वियोगान्त नाटक हो । मुटुको व्यथा । यसमा- सच्चा प्रेमी बनेर पत्नीले अर्कै पति रोज्दा पनि प्रेमीका के लागि आजीवन तडपिरहने माधव, आफ्नो इच्छा अनुरुप पति रोज्ने अधिकार प्राप्त परिवर्तनशील आदर्शवती नारी कपिला, वेश्याले आफ्नो घर रित्याएको चाल नपाउने, वेश्या भारती मै प्रेमान्ध भएको शनक अनि भारती जस्ती सफल वेश्याको चरित्र उतारिएको छ । नाटक त्रिकोणात्मक छ । माधव कपिला प्रति प्रेम गर्छ भने कपिला शनक र शनक भारती प्रति । अन्ततः माधव कपिला प्रति लागेको प्रेमको घाउले चरम रुप लिएर मर्छ भने कपिला र शनक सरुवा रोगको शिकार बनी परलोक जान्छन् ।

अन्वेषण :—

प्रस्तुत नाटक १९९६ सालमा प्रकाशित 'पम्फा'को चरित्रमा आधारित सामाजिक नाटक हो । पूर्णिमाको जस्तो झलमल्लबाट प्रारम्भ गरी यस नाटकको कथानक औंसी जस्तो अध्यारोमा टुङ्ग्याइएको छ र वियोगान्त बनाइएको छ । आफ्नी पत्नी 'पम्फा' देवर 'जयवीर' प्रतिलहसिदा पनि भरपर्दो कदम नचाल्ने लाछीगरुडध्वज, आफ्नो पति भएर पनि दुई छोरा छोरीकी आमा भएर पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवरसँग लहसिने कामान्ध पम्फा अनि, कतै पनि नलागेर पनि वलिको बोका बन्न पुगेको जयवीर यस नाटकका प्रमुख पात्र हुन । छोरा छोरी माथि वात्सल्य प्रेम भएकी पम्फा जयवीरको प्रवेशले कामान्ध बन्न पुग्छे, अनि जयवीरलाई आफूसँग नलागे वापत नकुलप्रति आकृष्ट नहोस् भनी पति मार्न बाध्य बनाउछे, पतिलाई पनि आत्महत्या गर्न बाध्य तुल्याई आफू स्वयं पनि मर्छे र नाटक वियोगान्त बन्छ यस्को मूल उद्देश्य मानिस कामान्ध हुनु हुन्न भन्ने हो ।

प्रेमपिण्ड —

यो समको महा-नाटक हो । यो प्रेम कथामा आधारित अथवा अमर प्रेमको परिचायक हो । यो २००६ सालमा प्रकाशित भयो । यस महा-नाटकमा पत्नीलाई भोग्याको रुपमा मात्र प्रयोग गरे पनि सविताको प्रवेश पश्चात् प्रेमको अंकुर टुसाएर आफ्नो प्रेमीका प्रति आफूमा भएको राजदरबार र यावत् धनहरु समर्पण गर्न चाहने विभिन्न किसिमले सवितालाई वन्देजमा राख्ने एडविल, एडविल प्रति रत्तिभर आकर्षित नहुने केवल नकुलसँगै हृदयत: प्रेमगर्दै आत्महत्या गर्ने सविता, राती पुष्पवाटिकामा भेटना साथ सविता प्रति यौन सम्पर्क खाखि असंयमितताको प्रदर्शन गर्ने रेडविलले रिडी पठाउदा जान नमान्ने तर २/४ थप्पड दिएपछि जान्छु भन्ने सविताले थाह पाउने गरी आफ्नो अपमान गर्दा पनि प्रतिकृया फर्काउन नसक्ने हुतिहारा कमजोरी पात्र नकुल यस्का मुख्य पात्र हुन् । एडविल अनकुल दुवै सविता प्रति प्रेम गर्छन तर सविता भने धनी भए पनि एडविलसँग प्रेम नगरेर नकुलसँगै प्रेम गर्छे । अन्तमा सवितालाई आफ्नी बनाउन विभिन्न आश्वासन र हार्दिक प्रेम गर्छ तर पनि ऊ विभिन्न युक्ति अपनाएर दरबारबाट मुक्त भई नकुललाई भेट्न रिडि पुग्छे तर नकुल ज्वरोले मरिसकेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ । अतः ऊ आत्महत्या गर्छ । महानाटक वियोगान्त बन्न पुग्छ । उता आत्मीय प्रेमी एडविल पनि सविताबाट वियोगी बन्न पुग्छ । यसरी महा-नाटकले सविता र नकुल एउटै प्रेमको तन्तुमा पिण्ड ब-न पुग्छन । यसरी अमर प्रेमको कथा आउनु यस्को मूल उद्देश्य हो ।

पौराणिक नाटक :—

'ध्रुव' १९८६ सालमा प्रकाशित वियोगान्त पौराणिक नाटक हो । प्रस्तुत नाटकमा सौतेनी आमाको अपमानित व्यवहारबाट पिसोलिटएको बालक ध्रुवले आफ्नो कलकला-उदो उमेरमा तपस्या गर्न गएर प्रसिद्धीप्राप्त पौराणिककथालाई आधार मानिएको हो ।

प्रल्हाद :—

प्रस्तुत नाटक १९९५ मा प्रकाशित पौराणिक कथामा आश्रित नाटक हो । यसलाई ऐतिहासिक बनाउने प्रयास गरेको आभास हुन्छ । प्रस्तुत नाटकमा राक्षसको शिक्षा लिन र राक्षसोचित व्यवहार गर्न कर गर्ने बाबु हिरण्य कशिपू र निरन्तर हिरण्य कशिपू कै शत्रु प्रति सेवा, रतिप्रेम गर्ने र आफ्नो मन वचन कर्म ईश्वर मै समर्पण गर्ने प्रल्हादको द्वन्द्व देखाई प्रल्हाद कै विजय गराएर भौतिकवाद र अध्यात्मवाद को होडबाजिमा अध्यात्मवादको विजय हुने वस्तुतथ्य यस नाटकले प्रदर्शन गरेको छ ।

ऐतिहासिक नाटक —

'भक्त भानुभक्त' राणाकालिन अवस्थामा मोतीराम भट्टको अन्वेषणलाई आधारशीला मानि रचना गरिएको एति-हासिक नाटक हो । यसको प्रकाशन (२०००) सालमा भयो । यस नाटकले भानुभक्तले १८ वर्ष देखि ५६ वर्ष सम्मको

अव
मको
रुप
जीव
अर
नेपा
नेपा
चित्र
देशभ
भक्ति
छ ।
स्वीय
सालम
२०२
भीमसे
तथ्यक
एतिहा
अन्वे
मनोवि
इन्दिर
'आगो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अवधिमा गरेका यावत कुराहरु टिपोट गरेको छ । मोतीरामको अन्वेषणमा केही अयथार्थ साबित भए पनि यथार्थताको रुप प्रदान गर्ने कार्य चाहि भएको छ । मूलत यो भानुभक्तको जीवन कथाश्रा :आधारित नाटक हो ।

अमर सिंह :—

यो नाटक २०१० सालमा प्रकाशित १७७३ सालको नेपालको सुगौली सन्धि वा त्यो भन्दा पूर्व र त्यस पछि नेपालीमा जन जागरणको कस्तो स्थिति थियो भन्ने यथार्थ चित्रण गरिएको छ। मूलत अमरसिंहको राष्ट्रियता, वीरता, देशभक्ति प्रदर्शन गर्नु यस नाटकको लक्ष्य हो। त्यस्तै यसले भक्ति थापा र भीमसेन थापाको देशभक्ति पनि प्रदर्शन गरेको छ ।

भीमसेनको अन्त्य :—

यो ऐतिहासिक वियोगान्त नाटक हो। यो नाटक २०१२ सालमा छापिए पनि सार्वजनिक रुपमा प्रचार हुन सकेन र २०२८ सालमा मात्र प्रकाशमा आयो ।

प्रस्तुत नाटकले देशभक्त, राजभक्त, योग्य प्रधानमन्त्री भीमसेन थापाले कसरी सेरिएर मर्नु प-यो भन्ने ऐतिहासिक तथ्यको उद्‌घाटन गरेको छ ।

यसरी स..का थ्रेरै संयोगान्त, वियोगान्त, पौराणिक, एतिहासिक तथा समस्यामूलक र मनोविश्लेषणात्मक नाटक अग्रवेगलाई लिन सकिन्छ। त्यस्तै 'म' र मुकुन्द इन्दिरा पनि मनोविश्लेषणात्मक नाटक हुन् । तिनै न.टकमा जस्तै- "मुकुन्द इन्दिरा" र म' समस्या मूलक नाटक हुन ।

यसका अतिरिक्त 'म पनि ढ्योता मान्छु' इत्यादि कविता 'आगो र पानो' प्रचण्ड बौद्धिकतापूर्ण खण्डकाव्य, 'चिसो चुल्हो,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जस्तो आधुनिक महाकाव्य, 'शरण' आदि कथा, नियमित आकस्मिकता' जस्तो दार्शनिक ग्रन्थ, 'त्यो पानी' जस्ता निबन्ध, हाम्रा राष्ट्रिय 'विभूतिहरु' इत्यादि जीवनी, 'बोक्सी भटेर' इत्यादि एकांकी प्रकाशित छन् ।

समष्टिमा सम नेपाली साहित्यका बहुमुखी भएर सम्पूर्ण क्षेत्रमा छवि बन्न पुगेका प्रतिभा हुन । उनको नाटकमा रम-रम बौद्धिकताको प्रयोग भएको पाईन्छ । उनको नाट्ययात्रा "मिलिनद"बाट प्रारम्भ भई जीवन भर निरन्तर रुपमा संचालित भई नै रह्यो । उनका प्रत्यक नाटक पठनीय, मन-मोहक, शिक्षाप्रद छन् । उनका नाटकहरु टेबुलमा सजाइएका फूल जस्ता हुन्छन् । उनको भाषा शैली प्रभावकारितापूर्ण छ । उनका नाटकमा तीव्र नाटकीय द्वन्द्व पाइन्छ । दृष्य योजनामा पनि पाश्चात्यप्रभाव परेको देखिन्छ । उनका नाटकमा बढी पद्यसंवाद हुन्छ । आदर्शमित्र, पतिव्रता पत्नी विभिन्न किसिमका पात्रको चरित्रको उद्घाटन गर्नु समेत नाटकको विशेषता हो ।

आधार ग्रन्थ- 'सम र समका कृति'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विवेचना :—

नाट्य जगतमा विद्रोहको प्रथम हुंकार- 'मसान'

यद्‌व भण्डारी (शास्त्री)
पिण्डेश्वर विद्यापीठ, धरान

गोपाल प्रसाद रिमाल नेपाली साहित्यमा अपरिचित नाम होइन । नेपाली साहित्यमा सबभन्दा थोरै कृति रचेर सबभन्दा धेरै प्रसिद्धि पाउने साहित्यकार रिमाल नै हुन् । नेपाली साहित्यमा नारी समस्या प्रधान नाटकका जन्मदाता पनि रिमालनै हुन, अनि गद्य कविताका प्रथम प्रयोक्ता पनि समग्रमा भन्नु पर्दा साहित्यिक बाटोमा निस्किएर अन्याय असमानताका विरुद्ध हुंकार फुक्ने, कुकृत्य र दुष्परम्पराका बिरुद्ध सधैं संघर्षशील रहने एक अप्राप्य बागी हुन रिमाल, जस्को दर्शन यो धरतीले ५५ वर्ष लग्म मात्र पायो, यस्ता प्रतिभाशाली व्यक्तिलाई नेपाली साहित्यमा बिशेष गरेर नाटककारका रुपमा चिनिन्छ, उनको जन्म सं. १९८५ मा काठमाडौंको लगनटोलमा भएको हो र देहावसान २०३० सालमा ।

गोपाल प्रसाद रिमाल पाश्चात्य बिद्वान् इब्सेनबाट पूर्ण प्रभावित छन् । रिमालको मसानबे इब्सेनको नाटक पूतली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घरसंग केही हदसम्म साम्य राखेको कुरा केही समालोचकहरुले बताएका छन् । आदर्शतिर उन्मुख नाटकको ओइरो लागेपछि नारी समस्या प्रधान नाटकको बीजारोपण गरेर रिमालले नेपाली नाट्य साहित्यमा नयाँ युग भित्र्याए । पाश्चात्य संस्कृतिको दुषित वातावरणले नेपाली समाजमा प्रश्रय पाउन थालेपछि आज सम्मको साहित्यिक प्रयासले नेपाली नारीको स्थिति नसप्रने देखेर अब नारीले दया निगाहमा हुंन, न्याय निसाफमा बाँच्न पाउनु पर्छ भनी रिमालले नेपाली नारीलाई पुरुषसँग आफ्नो हकको निम्ति संघर्षगर्न आह्वान गरे 'मसान' नाटकको सृष्टि गरेर । २००० सालतिर नेपाली समाज विशेष गरेर काठमाडौंको परिवेशमा हुर्के बढेका राणा परिवार र उच्च घरानियाहरु पश्चिमी मुलुकको घृणित संस्कार तिर आकर्षित भइरहेका थिए । नारीलाई केवल वासनाको मल फयाक्ने साधनका रुपमा मात्र प्रयोग गर्ने स्थितिलाई मान्यता दिन थालेका थिए । नारीले अब समाजमा केवल पुरुषको पाउ दाबी उनीहरुका मनोरञ्जनका निम्ति एकछिन पुतली भई दिनु पर्ने स्थितिमात्र गुजरा चलाई अस्तित्व विहीन निरर्थक जीवन बाच्नु पर्न थाले पछि रिमाल जस्तो व्यक्तित्वको मस्तिष्कमा ठूलो चोट प-यो । अनि उनी त्यस्ता विलासी कामलम्पटहरुको अत्याचार खप्न नसकी हातमा मसाल बोकेर निस्किए, त्यही मसाल घटना तारतम्य चरित्रिक विशेषता र वस्तु स्थितिसँग घुलमिल हुंदै परिष्कृत भई "मसान शीर्षकमा परिणत भयो । रुप, योवन, र सम्पतिले मातिएको युवक, त्यसमा पनि पाश्चात्य छाडा संस्कृतिले दुषित भएपछि आफ्नो कर्तव्यपथ र जन्म दिने जननीको समेत महत्तालाई बिर्सी अनैतिकता तिर प्रोत्साहित हुन्छन् अनि आफूले ल्याएकी स्वास्नीलाइ गर्भ निरोधक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

औषधि खुवाउन पापबोधको शंसय सम्म मान्दैनन् । त्यस्ता दुच्छर युवकको प्रतिनीधि पात्र हो मसान नाटको कृष्ण । नाटकको धुरी कृष्ण नै हो र आरम्भ पनि । नाटकको विनाशात्मक विस्फोटन कृष्ण कै दुष्कर्मको परिणाम हो यद्यपि सहयोगी रुपमा हेलेन र दुलही पनि कम महत्वपूर्ण लाग्दैनन् तर पनि केन्द्रियता कृष्ण मै संनिहित छ । अहिले हामो नाटकको शुरुमा छौं तर आरम्भ नै यस्को रेखाङ्कित ध्रुवत्व हो गर्भ निरोधक औषधी घृणीत बीजाधान हो जो विस्तारै फष्टदै पुष्टिदै जान्छ र जसको निष्कर्ष हो सम्भाव्य क्रमिक विनाश । नाटकको नायक हो कृष्ण, तरअपेक्षाकृत उसमा खलनायकत्व बोधित हुन्छ । गर्हित काम गरेर पनि सहानुभूति बटुल्छन् अरु कृतिका पात्रहरु, जस्तो- "पल्लो घरको झ्याल" की मोसरी तीन धुम्तीकी इन्द्रमाया, भ्रमरको ईन्द्रशेखर आदि वर्जित काममा प्रवृत्त भइ दिनुमा उनीहरुको विवशता एवं अचेतनको दुई मनीय आग्रह नै प्रमुख रुपमा रहेको थियो । तर कृष्ण युवतीलाई विष खुवाइ सकेपछि आत्म निन्दा गर्नुको स.टो सुध्रिने मानसिकतालाई परै राखेर अझ दुलही भित्र्याए पछि त्यसलाई पनि औषधी खुवाउन सक्छु भन्ने मानसिकता कै प्रावल्यमा मस्त छ, कति निकृष्ट छ ऊ । सामाजिक भय, नैतिक मर्यादा, इमान्दारीता जस्ता कुराले त उसलाई छुनै सक्तैनन् यो यथार्थमा कृष्ण एउटा नितान्त फटाहा व्यक्ति हो, नाटकोको सारांशले यही कुराको पुष्टि गर्छ ।

तर यति मात्र कहाँ हो र कृष्णले त प्रचलित सृष्टिक्रमलाई नै उजाड पार्ने दुचेष्टा पनि गरि सकेको छ, एउटा भावुक प्रमी जस्तो बनेर । अस्वीकृति मूलक कार्यमा प्रेरित .नै उसको क्षणिक भावावेश नै जीवन सम्बन्धि निर्णायक मत प्रतोत हुन्छ उसका लागि । नाटकमा युवती छे, दुलही, भोद,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाग्मती जस्ता केही अरु पनि पात्र छन्। युवती कृष्णको पत्नी हो,- प्रेम गरेर ल्याएकी, तर विचरा नियतीद्वारा अभिशप्त, मातृत्वको सामर्थ्यले हीन, नारी शरीरको बेस्सरी उपभोग गर्न मात्र पाए खुसी हुने दुष्ट व्यक्तिको हातमा फँसेकी आफ्नो त्यो अवस्था बारे जानकारी नहुन्जेल सम्म त पतिको पूर्ण आदार, सेवा - सत्कार गरिरही । तर पतिको दुष्ट्याई असच्चरित्रता बारे पूर्ण ज्ञान भइसक्ता पनि त्यसलाई भाग्यको खेल वा कर्मको फल जस्ता वाक्यांशलाई मनमनै दोहो-याएर आत्म संतोषका सास फेर्ने अवस्थिति भित्र युवतीको व्यक्तित्व सृष्ट छैन, किनभने विद्रोहात्मकता नाटकको मुट् हो- युवती त्यसकी संवाहक। छलङ्ग भन्नु पर्दा निर्दोष आफूलाई दण्डित गर्ने लोग्नेलाई ऊ देवता, स्वामी भनेर पुजि रहन्त । भोटुलाई देख्ता उसको मानसिकता झन उद्वेलित हुन्छ- हीरामानलाई देख्ता मिसरीलाई टेन्सन भए जस्तो। तर उसको युवती तृप्ति भोटुमा आवेष्टित छैन उसलाई(युवती) आफ्नै कोखबाट जन्मेको सन्तान चाहिन्छ ।शायद सबै युवतीलाई त्यस्तै हुंदो हो । प्रेमको महत्तालाई ऊ यसरी प्रदर्शित गर्छे- "मलाई त्यस्तो प्रेम चाहिन्छ जसले मलाई सुकाओस रित्याओस्', । यहाँ तुलनात्मक अध्ययन गर्ने हो भने दुई भिन्ने धाराका कृति अनि भिन्न वैचारिक प्रवृतिका कृतिकार भए पनि "नरेन्द्र दाई" को नरेन्द्र र मसानकी युवती यहाँ अलिकति ठांउमा उस्तै-उस्तै चाहना भएका पात्रजस्ता लाग्छन्। 'नरेन्द्र दाइको विचरो नरेन्द्र के पाओस गौरीमा जहाँ एकचिम्टी छाती पनि छैन जबकि मुनरीया अंजुली भरी यौवन लिएर हिड्छे',, मसानमा विचरो युवती के पाओस भोटुमा जसमा प्रेम रित्याउने अलिकति पनि सामर्थ्य छैन, तर प्रेम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पोख्ने क्रममा नरेन्द्रका लागि मुनरिया उपस्थित छे, युवतीका लागि त्यो वस्तुको अभाव छ। अतः अभावको परिपूर्तिका निम्ति बुलही भित्र्याइन्छे, युवती कै सक्रियतामा- उसकै कर-कापमा । यसरी यो दुई भिन्न पात्रले संघर्ष गरेका छन् केवल तृप्ति पाउनका लागि तर उसमा यौन तृप्ति यसमा वात्सल्य प्रेमको तृप्ति । जेहोस तृप्ति चाहिं दुवैको इच्छा हो ।

युवती प्रतिको झुकावलाई नाघेर कृष्ण दुलहीलाई माया दिन कदापि चाहदैन थियो तर असन्तुष्ट थिई युवती वात्सल्य प्रेम पोख्न नपाएकोमा, त्यसैले- युवतीको इच्छा पूरा भए सुखको इपत् परिवर्द्धन भएको मान्ने कृष्णले नचाहि, नचाहि पनि दुलहीको ससर्ग गऱ्यो । तर तुलही यी सब रहस्य देखि टाढा थिइ अनभिज्ञ । विहे गरेर भित्र्याए पछि पतिको उचित माया पाउनु पर्छ भन्ने भावना मात्र प्रवल थियो उसमा । बस् यतिमै काम पुग्यो । आफ्नो पतिबाट पाउनु पर्ने आत्मिक प्रेमबाट त वञ्चित भई-भई एउटी आमा भएर आफूले जन्मा-एको सन्तानलाई भए भरको प्रेम पोख्ने नैसर्गिक अधिकार पनि खोसिएपछि दुलहीको हृदयमा विद्रोहको आगो सल्कियो । अब यस मार्मिक स्थितिले नाटकको शीर्षकलाई सार्थक बना-उने लक्षणहरु देखा पर्न थाले । सुत्केरी अवस्थाको पीडा जन्य अवस्थाबाट मुक्ति नपाउदै मानसिक चोटको असह्य पीडाले बृहत रुप लिइसके पछि अब दुलहीको मन छटपटिको घेरा भित्र निस्सासिन थाल्यो । आमा हुनुको सन्तोषसँगै लादि-एको अमानवीय व्यवहार दुलहीका लागि मात्र होइन त्यो घरमै विषम परिस्थिति सृजना गर्ने भएकाले सबैका लागि घातक सिद्ध छ । हुन त दुलहीलाई थाहा नभए पनि ऊ (दुलही) भित्र भित्रै युवतीको संतुष्टिका लागि हो तर यहाँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

युवती र दुलहीको परस्परमा खासै केही पनि घृणा, विद्वेश र अमैत्रिक व्यवहार घटित भएको देखिन्न युवतीलाई एउटी आइमाइ भएको नाताले छोरो खेलाउने उत्कट रहर जाग्नु अस्वाभाविक होइन र दुलहीलाई पनि आफैले पाएको छोरालाई काखमा राख्ने इच्छा, दुध चुसाउने इच्छा' अत्यन्त सहज र स्वाभाविक हो । यी दुवै स्वाभाविकतालाई अस्वावभाविक बना विनाशात्मक मोडदिने कार्यकर्ता भनेको कृष्ण हो जो असामान्य चरित्रको छ । अपहेलित र निन्दित जीवनको अतवोधमा निरन्तर पिलसनु परेपछि बाँच्नुको निरर्थकता औंल्याएर दुलहीले जुन मृत्यु वरण गरी, सामाजिक कुरीतिका पक्षपोषकहरुका लागि यो सबभन्दा ठूलो सजाय हो यहाँ सौता बीच अमिल्दो गार्हस्थ्य जीवनको कलह छैन, सानातिना घटना र ठाकठुक गर्ने स्थितिले वैमानस्यता लादेको छैन । यहाँ झगडा छ अधिकार, हक, मर्यादा र स्व अस्तित्वको अनि सबभन्दा माथि उठेर आत्मिक चोखो प्रेमको । लोग्ने मान्छेको दुराचरण र हेपायती प्रकृतिले तिरस्कृत जीवनको भागि बनेका नारीहरु बक्तो बल बुद्धिको प्रयोगद्वारा आ-आफ्नै स्वत्वको संप्राप्तिका निन्ति सांस्कृतिक स्वच्छता प्राप्त गर्ने अवधारणामा निबद्ध छन् । यथार्थमा मसान नाटक एउटा बैंशालु युवकको चरित्रिक भ्रष्टता र सांस्कृतिक विकृतिको संमिश्रित भयावह बिस्फोटन भित्र केन्द्रित छ- विश्लेषित छ ।

आज सम्मको नाट्य परम्परामा पुरुष वर्गको अमानवीय व्यवहारलाई आफ्नो कर्मको फल ठानी रातदिन लोग्नेलाई सेवा सुसारको माध्यमबाट खुसी बनाई आफूतिर आकृष्ट गर्ने आदर्श मनोभावना व्याप्त थियो । "मुकुन्द इन्दिरा" को इन्दिरा —

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"पति भक्ति त मर्दैन पापी पति भए पनि" भन्दै आफू उपेक्षित भइकन पनि फटाहा पति कै गुणगान गाउँछे। "म" को प्रभा "मुटूको व्यथा" की कपिला यही भावनाले ग्रस्त नारी हुन्। त्यस उसमा यो नाटक यहाँका स्त्री पात्रहरु नितान्त बेग्लै छन्। मातृ सत्ताका विरोधीहरुलाई प्राकृतिक नियमलाई बलात चुडाउन खोज्ने कुरा शासकहरुलाई आफ्नो सत्ता प्रदर्शन गर्न नपाउनको प्रतिक्रया कति भयानक हुन्छ सो को समुचित प्रयोग गरेर देखाई दिन सक्ने अवस्थिति भित्र 'मसान' का नारीहरु (युवती र दुलही) सृजित छन्।

युवती बाध्यताका शिकार भएका युवती र दुलहीको आन्दोलनसँगै समाप्तिको बिन्दुमा टेकेको यो नाटक प्रचलित नाट्य परम्परामै शशक्त नयाँ प्रयोजन हो। यस नाटकको नामकरण कुनै भूत-प्रेतको वासस्थान (मसान घाट) लाई आधार मानेर राखिएको भनाई जहाँ आइमाईको अस्तित्वलाई जिउदै आगो लगाएर डढाइन्छ त्यो घर-घर नभई मसान भनी यस अर्थमा नाटक नामकरणको सार्थकता औंल्याइएो छ।

सारांशमा मसान नाटक समकालीन पुरुष वर्गको अत्याचारको विरुद्ध नारीहरुको बुलन्द संघोष हो, बलीदानी पूर्ण संघर्ष। जसलाई अहिलेको समाजले पनि निष्पक्षतया मूल्याङ्कन गर्नु जरुरी छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"विश्वेश्वर प्र. कोइरालाको कथा यात्राको दिग्दर्शन"

— लक्ष्मी रिजाल, शास्त्री
पिण्डेश्वर विद्यापीठ

व्यक्ति आफ्नो मात्र प्रयासले महान् बन्न सक्तैन देश, काल परिस्थिति परिवार, व्यक्ति स्वयंको प्रतिभा, लगनशीलता र साधनाले पनि मिल्नु पर्छ। यो सबैको समन्वय वी. पी. को व्यक्तित्व निर्माणमा सम्भव भएको छ। र अलग अलग विषय राजनीति र साहित्यबाट देश-सेवा गर्ने सक्षम बहु आयामिक व्यक्तित्वका धनी छन् विश्वेश्वर प्र. कोईराला।

(क) साहित्यमा प्रवेश तथा कथा लेखनको प्रथम प्रहर ;—

वि. सं. १९७१ भाद्र १४ गते बनारसमा जन्मिएका वी. पी. कोईरालाले B. H. U. बाट कला स्नातक र कलकत्ताबाट कानून स्नातक गरी अर्थशास्त्रमा स्नातकोत्तर सम्मको अध्ययन गरेका हुन्। बनारसकै परिवेशमा जन्मिए र हुर्केका कोईराला जसरी राजनीतिमा भारत छोडो आन्दोलनबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रभावित भई पछि नेपाली राजनीतिका महान् सेनानी हुन्छन् त्यसै गरी साहित्यमा पनि हिन्दी साहित्यबाट प्रवेश गरी पछि नेपाली साहित्यका महान प्रतिभा हुन्छन् । साहित्यिक जीवनको प्रारम्भ हिन्दी गद्य कवितावाट भएको र तुरुन्तै हिन्दीमै उत्कृष्ट लघुकथा लेखी प्रेमचन्द्र जस्ता विराट साहित्यकार सं. रहेको 'हंस' पत्रिकामा १९८६ बाट कथा प्रकाशित गरी साहित्यिक जीवनको प्रारम्भ गर्दछन् यो कथा 'वहाँ' हो। यसपछि भारतकै कलकत्ता, बम्बई, पटना र इलाहवादका हिन्दी पत्रिकामा कोइरालाका रचना प्रकाशित भएका पाइन्छन् ।

यसरी वि. सं. १९८६ देखि १९९१ सम्म वी. पी. कोइरालाले हिन्दी साहित्यमै कलम चलाएको पाइन्छ । जीवन-को १५-२० वर्ष सम्मको यस अवधीमा वी. पी. कोइराला को कुनै स्वतन्त्र कृति प्रकाशित नभए पनि हिन्दी साहित्यमा कथा विधालाई निकै राम्ररी समात्न सकेका छन् त्यसैले यो प्रहर वी. पी. कोइरालाको साहित्यमा प्रवेश र कथा लेखनको प्रथम प्रहर हो ।

(२) नेपाली साहित्यमा प्रवेश, कथा लेखनको दोश्रो प्रहर नेपाली साहित्यमा मनो-विज्ञानको प्रवेश :—

पिताको सर्वस्वहरण र भारतीय आन्दोलनबाट राजनैतिक प्रभाव प्रेमवादबाट साहित्यिक प्रभाव परेका वी. पी. लाई नेपाली साहित्यमा प्रवेश गराउने कारण नेपालको जनजागरण अनि सूर्यविक्रम ज्ञवालीको व्यक्तिगत प्रेरणा हो वी. वी. कोइरालाको प्रथम नेपाली प्रकाशित कथा "चन्द्रवदन" हो । उनको आफ्नै धारणा छ। "मेरो साहित्यमा हात हाल्नुका उद्देश्य व्यक्तिलाई निहाल्नु र वैयक्तिक धारणा वा विचारलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साहित्यका माध्यमबाट यक्त गर्नु हो । "शारदा" को प्रकाशन नेपाली साहित्यको ऐतिहासिक सन्दर्भमा महत्वपूर्ण प्रयास हो । यस पत्रिकाबाट नेपाली कथा साहित्यले आधुनिक युगको प्रारम्भ भएको हो । गुरु प्र. मैनालीले नासो कथाबाट आधुनिक नेपाली कथाको प्रवतन गरिसकेका भएपनि मानवमनका अन्तर्तह खोतलेर सूक्ष्म ह्रस्तन्तुहरु केलाएर कथामा नयां परम्परा वा वाह्य यथार्थको विपरीत आन्तरीक मनोलोकको अध्ययन गर्ने फ्रायडीय धारणाको प्रयोग चन्द्रवदनबाट नै विश्वेश्वर प्रसाद कोइरालाले गरेका हुन् । यो नै प्रथम नेपाली मनोवैज्ञानिक साहित्यिक रचना भएकाले वि. पी. कोईरालाले नेपाली कथा साहित्यबाट युगान्तकारी परिवर्तन ल्याए । यस भन्दा पूर्वका नेपाली कथामा सासू-बुहारी, लोग्ने-स्वास्नी, बाबु-छोरा, कुल-कुटुम्ब सम्बन्धी चलचलन, आर्थिक विषमता जस्ता विषय मात्र उचित सामग्री थिए । तो कथामा मूलभूत रुपमा अति उपदेश, मूल्य मान्यता र आस्थाका कुराहरु हुन्थे । यस्तै परम्परा चलिरहेको समयमा पूर्ववर्ती तथा समवर्ती कथा विषयलाई चट्टै छाडेर वी·पी. को एक्लो कथा मात्र प्रारम्भ भयो र यही मान्यता विकसित हुदै उत्तरवर्ती मनोवैज्ञानिक कथाकारको विषय हुन पुग्यो । वास्तवमा अन्तर्चेतनामूलक यथार्थवादको प्रयोग गर्दै नेपाली कथामा नयाँ आयाम ल्याउने र नवीन आयाम ल्याउने र नयाँ क्षितिजको उद्घाटन गर्ने कथाकारका रुपमा श्री कोइराला अगुवा हुन् भन्न सकिन्छ । कथाकार कोइरालाको मूल विषय फ्रायडीय सिद्धान्त हो र यसकै केन्द्रीयतामा बिनका कथाहरु सिर्जिएका छन् तापनि राजनैतिक दर्शन र सामाजिक संलग्नताका काकारणले उनका यस प्रहरका कथामा समाज-मनोविज्ञान पनि भेट्न सकिन्छ । यसकारण कोईरालाका दोश्रो प्रहरका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कथालाई स ाज मनोविज्ञान र व्यक्ति मनोविज्ञाम गरी दुई धारामा विभाजन गर्न सकिन्छ ।

(क) व्यक्ति मनोवैज्ञानिक कथा :—

व्यक्तिका अन्तर्मनको सूक्ष्म रुपले विश्लेषण गरो फ्रायडीय सिद्धान्त अनुरुप अचेतन, अर्द्धचेतन एवं इद, अह र पराहम् जस्ता विषय समाहित भएका वी. पो. कोईरालाका व्यक्ति समस्यामूलक कथा पनि रतिरागात्मक र रतिरागेतर गरी दुई धारामा विभाजन गर्न सकिन्छ । फ्रायडका अनुसार मानिस भित्रको कामवृत्तिको भूमिका सर्वोपरि रहन्छ वि. पो. का यस प्रहरका रतिरागात्मक कथाहरुमा प्रेम १, दुलहो, द्वन्द्व प्रेम, कर्नेलको घोड़ा आदि उत्कृष्ट हुन् । रतिरागेतर व्यक्ति सप श्यामूलक "कथाहरुमा स्कूल मास्टर" शत्रु" आदि आउँछन् । यी कथामा यो तर विविध परिस्थितिबाट परेका व्यक्ति र पात्रमा मनका अन्तर्तहको विश्लेषण गरिएको छ ।

(ख) समाज मनोवैज्ञानिक कथा :—

दाषी चश्मा, रिक्सा तान्ने, बिवाह, बौलाहा, आदि कथाहरु समाज मनोवैज्ञानिक कथा भित्र पर्दछन् । चाकरी विना जागीरको दायित्व पूरा नहुने तत्कालीन सामाजिक परिवेशको प्रभावले केशवराजको मानसिकतामा उथल पुथल ल्याएको छ । पुस्तक कथाको किसान नेपाली संस्कृति र परम्परापति प्रभावित छ दूध दहीले पाहुनाको स्वागत गर्ने र गाउँको आतिथ्य परम्पराको चर्चा गर्नु कथामा सामाजिक परीपाटीका विषय बनेका छन । त्यस्तै बौलाहा कथालाई पनि हिन्दू समजका, सामाजिक परम्परा, तत्कालीन न्यायिक प्रशासनिक व्यवस्थाकै दुष्परिणाम मान्न सकिन्छ, खासगरी समाज मनोवैज्ञानिक कथाहरुमा समाजद्वारा परेका बिकृतिको दुष्प-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

णाम भेटिन्छ। व्यक्तिकै मनस्थितिको विश्लेषण भए पनि यस प्रवृत्तिका कथाहरुमा सामाजिक समस्या टड्कारो रुपमा उभिएकाले समाज मनोवैज्ञानिक कथा भनिएको हो ।

मूल रुपमा यस समयका कोइरालाको कथाकारिताको केन्द्रीयता यौन समस्यामूलक मानसिक स्थितिको विश्लेषण हो तर पनि उनका कथामा यौनेतर मनोविज्ञान र सूत्रात्मक रुपमा सामाजिक यथार्थता पनि पाइन्छ ।

पात्रगत दृष्टिवाट कोइरालाका यस युगका कथालाई हेर्दा पात्रहरु संपन्न देखि विपन्न सम्म वा मन्त्री जरशावदेखि रिक्सावाला, मास्टर विभिन्न तहका कर्मचारी र नोकरचाकर हरुले पनि स्थान पाएका छन् । कोही विपुल धनराशीले मस्त कोही दासतामा मस्त, कोही आर्थिक चपेटाले पिष्ट, कोही वाल विवाहले थिचिएका. कोही असफल प्रेमले मिचिएका, यौनका रापले पिल्सिएका, कोही अवचेतन र अचेतनको द्वन्द्वमा रुमल्लिएका पात्रहरु छन् । शोषित पीडित र निमुखा अनि गरीब पात्रहरु प्रति सहानुभूति देखाएकाले त्यहाँ कारुणिकताको सजिवरुप अप्रत्यक्ष रुपमा वोध गर्न सकिन्छ ।

व्यंग्य :—

वी. पी. कोइरालाका व्यंग्य दोश्रो प्रहरका कथामा सवल रुपमा पाइन्छ । व्यंग्यवाट स्पष्ट शिक्षा दिने प्रवृत्ति सोझै रुपमा नभए पनि संकेतात्मक रुपमा उनका कथाले व्यंग्य गरेका हुन्छन् यो कुरो पाठक स्वयंले वुझ्नु पर्ने हुन्छ । उदाहरण का लागि ऋषि, दोषी चश्मा र पवित्रा नै पर्याप्त छन् ।

शील्प र भाषा:—

कलामूल्यका आधारमा कोइरालाको दोश्रो प्रहरका कथा-हरु ज्यादै महत्वपूर्ण छन् । शीर्षक चयनमा संक्षिप्तता सार्थ-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्ता र प्रभावकारिता कथाकारका कथाको विशेषता हो । पात्रमा यथार्थता (तदरुपता) को कुशल निर्वाह चरित्र चित्रणमा प्रत्येक्ष नाटकीय दुइटै विधि अपनाइएको पाइन्छ । मनोविज्ञानको अध्ययन, मानवतावादी विचारको स्थापना, सामाजिक पुनर्निर्माणको सन्देश र कलामूल्यको प्रतिष्ठापना-जस्ता शील्प सञ्चेतना एवं भाषा वैज्ञानिक र शैली वैज्ञानिक जस्ता सूक्ष्मतत्वहरुको निर्वाह समेत गरेको पाइन्छ। सरल भाषाको कोइरालाले सफल प्रयोग गरेका छन् । बनारसको वातावरणमा बाल्यकालीन अवस्थामा व्यतीत भएकाले अधिक हिन्दी शब्द पाइए पनि नेपालीमा पचेको त्यस्तै तत्सम शब्द पनि नेपालीमा पचेको प्रयोग गरेका छन् । व्याकरणात्मक त्रुटिका पक्षमा उनकै स्वीकारोक्ति छ "म साहित्यकार हूँ वैयाकरण होइन साहित्यकारको भाषामा स्वतन्त्रता हुन्छ" सुगठित संरचना, सरल वाक्य संक्षिप्त र सारगर्भित संवाद, मार्मिक सांकेतिक भनाइ, सहज बिम्ब विधान, आलंकारिक एवं वकालती कथन बी. पी. का भाषिक आकर्षण हुन् ।

प्रत्येक कथाको भिन्ना भिन्नै लेख बन्न सक्ने बी. पी. कोइरालाका यस युगका एउटा कथाको विषय वस्तु पात्र विधान सन्देश अर्को कथामा नदोहोरिनु बी. पी. को मौलिक विशेषता हो ।

१९९१ वि. सं. देखि २००६ सम्म कोइरालाका कथा लेखनको दोश्रो प्रहर हो । ९९९१ देखि १९९५ सम्ममा लिखित यस समयका तीनवटा कथाहरु १९९५ को कथाकुसुममा प्रकाशित छन् भने १९९१ - २००५ साल सम्ममा पत्र-पत्रिकामा प्रकाशित र अप्रकाशित १६ वटा कथाको संगालो "दोषी चश्मा प्रकाशित हुन्छ। दोषी चश्माका केही कथाहरु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१९९९ मै नेपाली साहित्य समालोचनाले प्रकाशनका लागि लगेको तर त्यो समयमा कोइराला भारतीय आन्दोलनमा सक्रिय भएकाले ती सबै कथाहरु जफत भएको थाहा पाइन्छ । लगभग ५ वर्ष यस प्रहरमा कथालेखनमा निरन्तरता पाईदैन पूर्वकालीन र उत्तर कालीन कथाहरुका अपेक्षा यस प्रहरका कथा संख्यात्मक एवं गुणात्मक रुपमा सशक्त छन् । यसै युगका कोइराला नेपाली युगका कथा बाँचुन्जेल बाँच्छन् यही युगको शुरुमा कथाकार बी. पी. कोइराला नेपाली साहित्यमा प्रवेश गर्छन अनि मनोवैज्ञानिक रचनाको शुरुआत गरी व्यापक विस्तृत गराएर नेपाली कथालाई विश्वजनीन बनाउ सक्षम हुन्छन् । यो प्रहर नै कोइरालाका कथालेखनको दोश्रो र उर्वर प्रहर हो ।

कोइरालाका कथालेखनको तृतीय तथा अन्तिम प्रहर ।

पूर्वार्धका युवावस्थामा लिखित यौनवादी कथा भन्दा प्रौढ नैतिक र नियतवादी कथा लेखिनु कोइरालाका कथा लेखनको विकास परक वैशिष्ट्य हो । हुन त मनोविज्ञानबाट कोइरालाका कथा अलग हुदैनन् । तर तिनमा प्रौढ परिमार्जित र परिस्कृत कथा तेश्रो प्रहरमा लेखिएको यसै चरणका कथाहरुले प्रमाणित गर्छन २००७–२०१७ देशको गृहमंत्री. प्र. म. एवं प्रमुख पार्टी सभापति भएकाले, कोइरालाको साहित्य लेखन मौन रहेको थाहा हुन्छ । २०१८ साल देखि पुनः जेल जीवनमा छ- वटा उपन्यास सहित २०१८—२० को दुई वर्ष अवधि मै ४ वटा कथा बी. पी. कोइरालाले रचना गरेका छन् । राजनैतिक कारणले २०२८ मा मात्र एक कथा प्रकाशित हुन्छ भने २०३६ सालको श्वेतभैरवी संग्रहमा प्रकाशित छन् ।२०२८ मा प्रकाशित श्वेत भैरवी, राइटर बाजे सान्नानी र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकरात यौनै ४ कथाका आधारमा यस तेश्रो वंए अन्ति प्रहरको कोइरालाको कथा प्रकृतिमा केलाउन सकिन्छ ।

मूलभूत रुपमा पूर्ववर्ती दोश्रो प्रहरका कथाहरु भन्दा पूर्ण भिन्नता नैतिक पक्षमा जोड पाइन्छ त्यो नैतिक पक्ष पनि रुढ़ र अन्य परम्परा भन्दा भिन्न छ । श्वेत भैरवी एउटा कथामा मात्र दमित यौनेच्छाको विश्लेषण गरिएको छ । आदर्शोन्मुख नभई समाज म नक यथार्थवादे वास्तविक मूल्यको खोज गर्नु यस रचनाका रचनामा पाइने नवीन विशेषता हो । यस्तै कतव्य मर्यादाको सन्धान सबै कथामा पाइन्छ । यस प्रहरका कथामा सामान्य मनोविज्ञान चेतन मनोविज्ञान, र वाल मनोविज्ञानको समेत प्रयोग रहेको पाइन्छ । पात्रको मनस्थिति विश्लेषणमा चिन्तनमूलक पद्धतिलाई पनि अपनाइएको छ । सबै कथाहरुमा मध्यम वर्गीय नेपाली समाजका पात्रहरु छन् । नेपाली संस्कृति र समाज सापेक्ष मानसिकता चित्रण पाइनु पनि यस युगका कथाको विशेषता हो । समाजलाई कथा अङ्कनमा ग्राह्यता दिनु पात्रको दुर्बल मानसिकताको खोज भन्दै खास वैचारिक मूल्य प्रतिपादनको केन्द्रिय ध्येयस चरणका कथामा पाइन्छ । अनि करुणात्मकता पनि पूर्ववर्ती कथाका अपेक्षा यहाँ बढी पाइन्छ आकारगत आधारमा पूर्वका अपेक्षा यस युगका कथाहरु बृहत छन् । भाषिक व्यांग्यात्मक र शील्प सञ्चेतनात्मक विशेषता चाहिं दोश्रो प्रहर जस्तै छ । यसमा खास भिन्नता पाईदैन ।

२००७ देखि २०३९ सम्म यस प्रहरको पूर्ण समय भए पनि कथालेखनको क्रम २०१८—२० एवं प्रकाशन समय २०२८—३९ हो । यस आधारमा कोइरालाको कथा यात्राको अन्तिम प्रहर उनको जीवन कै अन्तिम प्रहर सम्म उत्तरोत्तर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रुपमा मौलाएर अगाडि बढेको पाइन्छ । कथाकार कोइरालाले १९८६—८७ देखि कथा क्षेत्रमा प्रवेश गरी, १९९१ मा नेपाली कथाका माध्यमबाट मनोवैज्ञानिक अन्तर चेतना मूलक यथार्थवादको प्रयोग गरी नेपाली कथामा क्रान्तिकारी परिवर्तन ल्याएर नयाँ अध्यायको शुरुआत गरी नेपाली साहित्यमा अपूर्व र अपूरणीय योगदान गरेका छन् । शुरुमा स्वच्छन्दवादी हिन्दी कथा (१९८७—९१) १९९२—९५ फ्रायडीय मनोवैज्ञानिक प्रारंम्भिक विश्लेषण अनि १९९५—२००६ मा चरम फ्रायडीय सिद्धान्त र २००७—२०३९ मा नैतिक चेत केन्द्रीय रुपमा रहे पनि अन्य विषय सहायक रुपमा सम्बन्धित छन् । यसरी ४३ वर्षे कथा यात्रामा ५ वटा हिन्दी र २४ वटा नेपाली गरी जम्मा २९ वटा कथा लेखिएका छन् । सबै कथामा नवीन विधान र प्रयोग प्रदर्शित भएकाले कथाकार कोइराला उपरोक्त प्रवृत्ति र मूल्याङ्कनका आधारमा युग सचेतक र युग संबाहक कथाकारका रुपमा नेपाली साहित्यमा आजीवन रहने छन् ।

संक्षेपमा विश्वेश्वर प्र. कोइरालाको कथा यात्रा र प्रवृतिको दिग्दर्शन पनि यही नै हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विवेचना—

"सम र "म" को मनोहर"

लक्ष्मी नारायण मिश्र (शास्त्री)
पिण्डश्वर विद्यापीठ, धरान-१४

विक्रम सम्बत् १९५६ माघ २४ गते यो धर्तीमा पदार्पण गर्ने नाटककार बालकृष्ण सम नेपाली नाट्य परम्परामा एक नाट्यकार मात्र नभई सिंगो युगानुकुल नाट्य सम्राट र विविध विधामा समकलम चालक एक विशिष्ट विराट प्रतिभा हुन् । नेपाली नाटकको जर्जराउदो अवस्थालाई हृदयङ्गम गरी कोमल तथा तीव्र गतिमान बालकृष्ण समले स्वव्यथालाई नाटकीय रुप दिन सम १९८६ मा जुर्मुराउछन् मात्र हैन माध्यमिक कालका अनुदित अनुकरण तथा जादु उडन्ते खालका नाटकबाट पूणतया विदा लिई आधुनिकताको श्री गणेश गर्न पुग्दछन् । युग प्रवर्तक र युगान्तकारीका रुपमा देखिन्छन् । जसबाट नेपाली नाटक विधाले नयाँ तथा सामाजिक समाजोन्नति र समाजबोधका साथै अमर प्रेम मानव कर्तब्य बोधको शंख घोष गर्न पुग्यो र जसबाट दिव्यताको कसी लगाईयो र समाज राष्ट्रलाई देदिव्यमान गराउन पुग्यो । जुन नवीन पद्धतिले समकालिन तथा भावी नाटककारहरुलाई नयाँ सरल र युगानुकुल समाज राष्ट्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उन्नतिको दृष्टि गोचरका लागि ठूलो फिल्ड तयार बन्यो र उत्तरवर्ती नाटककारहरु संस्कृतका साहित्यकारहरुले कालिदास-लाई सम्झे झैं बालकृष्ण समलाई स्मरण गर्न पुगे । अझ बालकृष्ण समले नाट्य विधालाई पद्यात्मक र गद्यात्मकको कसी लगाई मनोहर मनमोहक तथा आकार युक्त हुनुका साथै अभिनय परक सिर्जना गरेबाट त झन् नाट्य सम्राटका रुपमा सामाङ्कित गर्न पुग्दछन् ।

नाटककार बालकृष्ण समलाई नाटक लेखन र त्यस तर्फ मनाकर्षित गर्न मुख्य प्रेरकका रुपमा स्वगृहलाई भन्न सकिन्छ । सम्पन्न राणा परिवारमा जन्म पुगेका बालकृष्ण समले बाल्यकाल देखि नै नाट्य विधातर्फ मन कर्षित गरेका थिए र उनले कलिले उमेरमा पनि एउटा नाटक लेखेका थिए "मिलिनद" । यो अनुदित हो तर पनि सम अध्ययनलाई नै तीव्रतर गति दिन तल्लिन थिए र उनमा एक तन्त्रिय-त को विरोधको भावनाका ज्वारहरु लहलहाउन पुग्दछन् र भालिका परिणामका आधारमा उनको पढाईलाई तिलाञ्जली दिन बाध्य बनाई कलमका ठाउँमा पेस्तोल पक्रन बाध्य बनाइयो । जसबाट उनी मन नपरो नपरोकन पनि रमाउन विवश बने । तर दैवी शक्ति माथि मानव शक्ति सूर्य समीपको दियो झैं बन्न पुग्दछ भन्ने प्रमाणका रुपमा सम पुनः १९८६ मा मुटुको व्यथा जस्तो सशक्त नाटक लिएर देखा परे । मुटुको व्यथा प्रकाशित भएपछि नेपाली नाटकमा नाटकै-नाटकको महल बन्यो र विश्व साहित्यमा पनि नेपालले उच्च शिर देखाउन सक्षम बन्यो जसको श्रेय नाट्य सम्राट बालकृष्ण समलाई छ ।

सामाजिक पौराणिक ऐतिहासिक गरी समका नाट्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृतिलाई तीन भागमा विभाजन गरेर मूल्याङ्कन गर्न सकिन्छ । सामाजिकमा आदर्शवादी विचारधारावाट सम प्रभावित देखिन्छन् त पौराणिकमा अध्यात्मवाद र भौतिकवादलाई मन्थन गरी दिव्यताको कसी दिन चाहन्छन् भने ऐतिहासिकमा सम अतीतका वीराङ्गना र अमरत्वहरुमाथि पुनः साहित्य कृतिका माध्यमबाट जनदृष्टि पु-याउन चाहन्छन् । अर्को तर्फ सम दुःखान्त र सुखान्त तथा संयोगान्त र वियोगान्तमा अन्तिम मोड दिन चाहन्छन्, जसले गर्दा नाटक कारुणिक अन्तर्मन छुन सक्ने आकर्षक युक्त बन्दछन् र पाठक तथा दर्शकहरुको मनजित्न सहजै सफल हुन्छन् । यस्तो प्रकारको शैली र नाटकीय परिपाटीलाई समले प्रसिद्ध पाश्चात्य नाटककार "विलियम सेक्सपियर" बाट ग्रहण गरेका हुन्, र उनी पूर्वीय साहित्यबाट भन्दा पाश्चात्य साहित्यबाट प्रभावित व्यक्तित्व हुन्, तर पाश्चात्य साहित्यकारबाट प्रभावित व्यक्तित्व हुन् भन्दैमा उनमा स्वलेखन पद्धति छैन, अन्तमुर्खी हुन् भन्नु चाहिं आँखा विम्लिन खुट्टामा बन्चरो हान्नु हो। उनमा मौलिकता वर्षाको छहरे जस्तो छ जसका परिणाम स्वरुप दर्जनौं नाटक सिर्जित छन् तर पनि उनको लेखन शैली नाटकीय मोड भने सेक्सपियर लगायत थुप्रै पाश्चात्य नाटककारबाट भएको हो भन्ने कुरालाई नकार्न सकिदैन । वास्तवमा भन्ने हो भने बालकृष्ण समले दुःखान्त नाटकबाट जुन प्रतिष्ठा कायम गर्न पुगेका छन् त्यो सुखान्तबाट उपलब्धी मूलक ख्याति आर्जन गर्न त्यति सफल छैनन् ।

संयोगान्त नाटकबाट सम नाटककारका रुपमा प्रतिष्ठित हुन सक्दैनन् भन्ने चाहिं होइन । नेपाली नाटक क्षेत्रबाट दुःखान्त नाटकलाई हटाई दिएपनि "मुकुन्द इन्दिरा 'म' आदि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लगायत संयोगान्त नाटकले पनि समलाई नाटककारका रुपमा मात्र स्थापित नगरेर नाट्य सम्राटकै रुपमा प्रतिष्ठित गराउन सक्षम छन्, तर ति संयोगान्त नाटककारका रुपमा वढिढ मात्रामा लिन सकिन्छ र त्यो अन्तवादी परम्परा समले पाश्चात्य नाटककारकै अनुसरण गरेका छन्।

सम क्रान्तिका विरोधी र शान्तिका पक्षपाती नाटककार तथा साहित्यकार हुन् । त्यसैले उनी शान्ति आच्छादित विश्व हेर्न मन पराउँछन् र आफ्ना सम्पूर्ण कृतिमा मूलमन्त्रका रुपमा लिने गर्दछन् । अर्को उनको विशेषता के भने सम सदा सत्यवादी हुन्, जे जति दुःख हुन्छ त्यो अज्ञानबाट हुन्छ, असत्यबाट हुन्छ । त्यसैले मानवले सदा सत्य र तथ्यलाई जस्तै परिस्थिति आइपरोस् वा ज्यानकै बाजी किन थाप्नु नपरोस् तथापि असत्यलाई त्यागेर सत्यलाई अगाल्नु पर्छ जो सत्यका लागि मर्छ, त्यो उसको कर्तव्य र मानवता हो, सम यही सिद्धान्तमा विश्वस्त छन् र यही सन्देश गुञ्जाउछन् । समको गुणगान मात्रले पनि एक बृहत् ग्रन्थ निर्माण गर्न नसकिने होईन ता पनि आफ्नु लक्ष्य गुणगानमा मात्र सीमित नरही कृतिगत मूल्याङ्कनमा निशानी भएकों हुदा अब समको यस्तो एउटा नाटक अगाडि सार्दै छु जुन नाटक नारी समस्या मूलक मौलिक आदर्श यथार्थोन्मुख पतिपरायण प्राञ्जल तथा विशिष्ट तरीकाले अङ्क विभाजन पूर्वीय र पाश्चात्यका नीतीका रुपमा, सत्य अजर अमर छ भनि प्रमाणित गर्ने नाट्य पर्खाल भित्रको एक खम्बाका रुपमा अवस्थित छ, जसलाई "म" ले चिनिने गर्दछ / २००२ साल तिरको साहित्य सिर्जनाको होडबाजीको दौडाइमा खोला-नाला, पहाड-पखेरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शहर मैदान, गाउँ-घर सम्म एकछत्र ध्वजा फैलाउन सफल "म" वास्तविक थहं भित्रको 'म' कै भूमिकामा खेलिन पुग्यो। जसलाई आज तोते बोलिका हाराहारीमा उच्चारण गर्ने गरिन्छ। यहांको म वास्तविक अस्तित्व बोधक छ र प्रभाले अस्तित्वका लागि मैं मायाका ठाउँमा म को प्रयोग गरेको छ। पद्यात्मक नाटककारको अनौठो गद्य नाटक भएर होला यसलाई "मुकुन्द इन्दिराको पुच्छरका रुपमा लिने गर्दछन्। तर .... "म" मा स्वतन्त्र अस्तित्व छ र स्वसिद्ध छ। यसको घटना कुनै काल्पनिक नभएर सामाजिक छ र समाजाश्रित भएर रचिेको छ। यसका प्रमुख पात्रहरु इन्द्रबीर, प्रभा र मनोहर हुन् भने सहायक गणश, जमुनी, माया र सूर्यदेव आदि रहेका छन्।

इन्द्रबीर एक धनी पठित व्यक्ति हो तापनि उसमा यौवनको अन्धताले छाएको छ। ऊ परिवारिक समस्यामा बाँधिएको व्यक्ति हो तापनि ऊ पत्नीलाई चाहदैन। रुढीबुढी परम्परामा आफूलाई राख्न चाहदैन। उसको स्वतन्त्र विचार छ। कर कापको बिवाह विवाह नभएर मसान घाटको मूर्दा बनाउनु हो। उसमा यौवन, धन, घमण्ड र मले एकछत्र छाएको छ र ऊ क्रमश कुमार्ग हामफाल्दै छ। उसको आँखा सोचाई बोलाइमा मायाको रुप छ र मायालाई आत्मैदेखि प्रेम गर्छ तर माया साच्चै नै माया हो। मायाको जालमा फसाएर वासनात्मक प्रेम झल्काएर इन्द्रबीरको मनजीत्न सफल बन्छे। परिणामत इन्द्रबीरले प्रभालाई पूर्ण तिरस्कार गर्न पुग्दछ। तर समाजमा मूर्खता मात्र नभएर कोही सच्चा र सच्चरित्रका व्यक्ति हुन्छन् त्यस्ता व्यक्तिमा एक हो मनोहर जो प्रभाको दाजु हो। वास्तवमा भन्ने हो भने म को सारभूत तत्वका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रुपमा मनोहरलाई लिन सकिन्छ । मनोहरले जुन भूमिका खेली खेलाई जुन समाजको उद्धारका साथै बहिनी ज्वाईको सुन्दर भविष्यको कामनागर्नो त्यो एकाध व्यक्तिमा मात्र सम्भव छ । गाउँ समाज पनि जुन दिदी बहिनी प्रति सहानुभूति जनाइन्छ त्यो केवल देखाउटीका रुपमा गरिन्छ तर मनोहर बहिनीका लागि घरबार वेच्न तयार छ, आपतको वेला मार्न र मर्न तयार छ र गणेश मामा जमुनो जस्ता फटाहा गुण्डाहरुलाई केवल स्वार्थका निम्ति पर सारेन अपितु नेपाल मातृभूमिमा नै त्यस्ता कलुषित भावनाका व्यक्ति नरहुन् भन्ने हेतुले कलकत्ता पुऱ्याइ दियो र शान्ति स्वच्छ नेपाल भूमिलाई बनाइ दियो। बालकृष्ण समको सोचाइमा सच्चरित्र सज्जन व्यक्तिलाई मात्र नेपाल भूमिमा वास छ अन्य दुराचारीलाइ भारतको वम्बई कलकत्ता नै योग्य छ यो सिद्धान्तलाई यो "म" नाटकले पनि ग्रहण गरेको छ । जड्याहा वेश्यालाई भारत धकेलेको छ । सम सामान्यत नारी पक्षपाती नाटककार हुन् उनमा आदर्शको गहीरो छाप छ र उनी आदर्शको सहायताले विकट परिस्थितिलाई पनि सुल्झाउछन् तर सममा नारी प्रतिको पूर्ण सहानुभूति छदा छदै पनि उनी नारीलाई आफ्नो अस्तित्व खोजिका लागि प्रेरक वन्दैनन् अपितु त्यस्तो इन्द्रवीरले हेला गरिदा पनि प्रभालाइ यो भनाउन पुग्दछन् "स्वामीका चरणको जलकस्तो माली गाईको तर जस्तो" त्यस्तै मुकुन्द इन्दिरामा पनि "पति भक्ति त मार्दैन पापी पति भए पनि" यसरी सम नारी स्वतन्त्रताका लागि खुल्लाहाँक दिन सक्तैनन् । यदि गोपाल प्रसाद रिमालले झै समले पनि आफ्ना नाटकमा नारी पात्रालाई अस्तित्वको खोजिमा संघर्ष गर्न प्रेरणा दिन्थ भने सम केवल नेपाली नाट्य सम्राट मात्र नभएर विश्व नाट्य सम्राट वन्नेमा द्विविधा थिएन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

म नाटक दोहोरो भूमिका खेलिएको नाटक हो। यसमा प्रभाको डवल रोल छ एक प्रभा र अर्को माया। प्रभा उसको सक्कलीरुप हो भने माया बनावटी। माया अभिनयमा तल्लिन छ भने प्रभामा स्वार्थ छ। माया उसको यौन विकार भरी जादुमय आकर्षक मूर्ति हो, र जालहरूको एक पासो हो। प्रभा उसको सत्चरित्रपतिव्रता र आज सम्मका हिन्दू नारीले पालना गर्दै आएको सतीत्वको आदर्शमूर्ति हो। मायाको भूमिका निभाइ प्रभालाई चिनाउनु उसको उद्देश्य हो। यसरी हेर्दा सम वेला वेलामा सत्यतालाई कसी लगाइ चम्काउन असत्यलाई काँध हाल्न पुग्छन्। मुकुन्द इन्दिराको मुकुन्द र "म" को प्रभा दुवै सत्य र तथ्यको खोजिमा छन् तर मुकुन्द इन्दिरामा शिकारको विजय छ भने यसमा शिकारीको बिजय छ। दुवै आदर्शवादी नाटक हुन् तर मुकुन्द इन्दिरामा इन्दिरालाई जुन अग्नि परीक्षामा सामेल गराई सतीत्वको अपहरणको भयावह जुन परिस्थितिमा म र मेरो भन्ने बिश्वास गराएको छ, त्यो परिस्थिति "म" मा फिका र हलका तरिकाले गरिएको छ। यदि प्रभाले मायाको अभिनय भावकटाक्षमा इन्द्रबीरलाई आकर्षित गर्न सकेकी थिइनन् भने, इन्द्रबीरले सूइको सम्म पाएको थियो भने प्रभालाई पूर्णतया परित्याग गर्दथ्यो र उसको जीवन आजीवन विसंगति पूर्ण सन्दिग्ध थिएन, तर पनि प्रभालाई मायाको मखुण्डो जो द्वारा ओढाइएको थियो, त्यो इन्द्रवीरको सामान्यतया जेठान भएता पनि बुद्धिमा हजुर वाबु थियो।

यसरी कुलतमा फसेको इन्द्रवीरलाई विभिन्न चाल रचि हजारौं पैसा बगाई सत्मार्गमा ल्याई जीवन्तता दिनु र वैनीलाई आँट हिम्मतले असम्भव काम पनि सम्भव हुन्छ भनि सफलताको प्रमाणित गर्नुले मनोहरलाई जीवन द्रष्टाक रुपमा लिनु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनौचित्य नहोला। नेपाली समाजका इन्द्रवीर जस्ता हजारौं ज्वाइ भेना सालालाई सतमार्गमा ल्याउन प्रेरणा दिनु र शाह-सले असम्भव पनि सम्भव हुन्छ भनि प्रमाणित गरेर आदर्शको पाठलाई यस नाटकले राम्ररो पढाएको छ। कुलतमा लागेको रक्स्याहा, फटाह. लडयाहालाई नेपालको पवित्र भूमिमा कलङ्क लाग्ने भयले कलकत्ताको रण्डिखाना तर्फ पठाइ हराभरा पति व्रता धर्म सरो स ध्वोले आदर्श युक्त नारी र पुरुषोचित कर्ममा ध्यान दिनु पर्ने आवश्यक नैतिक सन्देशलाई गाउँ समाज राष्ट्रमा गुञ्जाइ आदर्शमय रमणीय वगैंचामा रम्न चाहने अद्वितीय नाटककारको देहावसान यस मर्त्यलोकबाट २०३८ सालमा भयो तथापि उनी 'म' जस्ता प्रशिद्ध नाटकबाट सदा अजर अमर र साक्षात छन्।

★

ञ्चलक
हो भन
साहित
कोटाक
तिहारे
डिल्ली
तिलमा
देवकोट
को प
वाट
मार्गमा
उनको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवकोटाका कृतिमा पर्यवेक्षण

विष्णु खतिवडा (शास्त्री)
पिण्डेश्वर विद्यापीठ, धरान-१४

प्राचीनकालका इतिहासलाई पल्टाएर हेर्दा पश्चिमाञ्चलको देवकुट भन्ने स्थानबाट आएकाले देवकोटा बनेको हो भन्ने कुरा पाईन्छ। हाम्रो अगाडि चम्किला तारा जस्तै साहित्यिक सुधारस छोडेर जाने महाकवि लक्ष्मी प्रदाद देवकोटाको जन्म वि. सं. १९६६ साल कार्तिक २७ गते गाई तिहारे औंसीका दिनमा भएको हो। उनको जन्म डिल्लीबजार काठमाडौंमा भएको हो। उनका बाबुको नाम तिलमाधव देवकोटा तथा आमाको नाम राज्यलक्ष्मी देवी देवकोटा हो उनी दाजु भाइ मध्येका साहिला हुन्। देवकोटाको पहिलो अध्ययन क, ख बाँहि प्राचीनत्तम भाषा संस्कृतबाट भयो। उनले दश वर्षको उमेर देखि नेपाली साहित्यको मार्गमा पाइला चालेका हुन्।
उनको प्रथम कविता हो —

घनघोर दुःख सागर संसार जान भाई,
नगरे घमण्ड कहिले मनूं छ हामीलाई।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्रमशः बनी नेपाली साहित्यको मार्गमा आफ्ना प्रतिभाका किरण निरन्तर बढाउँदै जादा विडम्बनाको छालकोमा परी एउटा औपहासिकताको कारण बनी अद्भुत मनमस्तिष्कलाई केही कलंकितताको पथमा डोरिन बाध्य भए। आफ्ना सहपाठी सहयात्री र सहोदर दौतरोको अग्र पंक्तिमा हास्यात्मकताको पदलाई संहाल्दै मत मुखो मुढ जस्ताका काखमा रही रङ्गमञ्चयी पात्र बनी पर्दा फाँस गर्दै नेपाली वनमा नेपाली खोला-नाला नेपाली पशुपंक्षी र नेपाली लता वृक्षादिहरुमा बेरिदै जाँदर नेपाली साहित्यका एक सम्राट हुन पुगे देवकोटा।

नेपाली साहित्यका साथै पाश्चात्य मुलुकको उजाड फाँटमा पनि क्रीडा गर्ने उनी अदम्य साहस र अदम्य विश्वासका लहरामा लहरिदैं उक्त मुलुकका साहित्यकारहरुलाई पनि चुनौति नदिइकन उनी हात बाँधेर बस्न सकेनन्। पत्थरलाई तरल बनाउँन सक्ने, रोदन, क्रन्दन र चित्कारको भुमरीमा भुमरिएको गौउँदो शवलाई हाँसोको दान दिन सक्ने, वनकोकोल भ्रमरा संग उनीहरुकै भाषामा र उनीहरु क शैलीमा रम्न सक्ने, अरण्यमा बास गरेका तरुलता संग वेष्ठित हुदै साहित्यिक पसिनाले स्वयं तन ख खली बनाउँन सक्ने विविध प्रकृतिको चित्र आफ्नै प्रतिभाको शिशा कलम र स्केलले कोर्न सक्ने, अनि साथै विविध प्रकृतिहरुको मुस्केरालाई स्पष्ट शैली र भाषामा अनुवाद गर्न सक्ने विलक्षण प्रतिभाको खानीहुन् देवकोटा।

देवकोटा ।। कृतिहरु विशेष गरेर तीन विधामा बाड़िएको देखिन्छ र तिनै वादलाई अपनाएको महसुश हुन आउँछ पाठक वर्गमा र हुनु पनि स्वभाविकता नै ठहर्छ। सर्व प्रथम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उनका कविताहरु प्रकृतिवाद तिर उन्मुख भएको देखिन्छ र साथै उनका कविताहरुमा रहेका भाव, शैली र सम्बन्धित कविताको केन्द्रियता नै प्रकृतिका अन्तर कुन्तरमा भ्रमण गरेको देखिन्छ। त्यति मात्र नभएर भावनामा निरन्तर बग्ने कतै कतै व्यङ्ग्य युक्त घाँड धनु छोड्दै सामाजिक यथार्थ-वादको चौतारामा वस्न, पुगेका छन्। उनका निबन्धमा व्यङ्ग्यात्मक ढाँचाका तीखा-तीखा कृपाणहरु खडा गरी हानेका छन् भने, उनका खण्डकाव्य र महाकाव्यमा चाँहि सामाजिक यथार्थवादलाई प्रस्ट्याउन सफल भएका छन्।

नेपाली कवि र कविताको पृष्ठ भूमिलाई दृष्टि दिदै ल्याउने क्रममा सर्वप्रथम सुभानन्द दासको पाला देखि प्राथमिक काल १८२७ देखि १९४० सम्म आएर समाप्त हुन्छ। त्यस्तै श्रृङ्गारिक काललाई डो-याउँदै युवा कवि मोतीराम भट् १९४१ देखि १९७४ साल सम्ममा माध्यमिक काल समाप्त हुन्छ। त्यसदेखि पछाडि १९७५ देखि आज सम्म तीन काव्य धारालाई अंगालेर तीन जना कवि देखा पर्दछन्। ती हुन शास्त्रीय वाद तिर उन्मुख भई प्रकाशमा आउँने कवि शिरोमणि लेखनाथ पौड्याल। त्यस देखि लगतै देखा पर्नँ रमरम बौद्धिकता छताछुल्ल हार्दिकताको विगुल फुक्दै महाकवि लक्ष्मी प्रसाद देवकोटा इङ्ल्याण्ड र जर्मनमा सूत्रपात भएको स्वच्छन्दतावाद लिएर २० औं शताव्दीको अन्त्य तिर देखा पर्दछन्। त्यस्तै उता प्रयोगवादीको रुपमा प्रकाशित हुन्छन्-मोहन कोइराला।

यसरी काल क्रमिक रुपमा देखा पर्दै जाँदा महाकवि लक्ष्मी प्रसाद देवकोटा साधारण साहित्यिक कोशेली लिएर देखा परेनन्। जस्ले गर्दा नेपाली साहित्यमा एउटा इटा मात्र नभएर विशाल भवनको रुपमा देखा परे। उनी सातौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कक्षामा पढ्दा खेरिको किशोरावस्था उमेर देखिनै आफ्ना पिताजी तथा लेखनाथ पौड्यालद्वारा प्रभावित भई कविता लेख्न शिलान्यास गरेका हुन्, त्यति मात्र नभएर उक्त समयावधिमा नै अंग्रेजी भाषामा पनि कविता लेखि दुनियालाई चकित बनाई दिए। उनो युवा अवस्थामा पुगे पछि रोमाण्टिकवाद अथवा स्वच्छन्द वादलाई अङ्गाल्न पुगे। त्रिचन्द्र कलेजमा पठन पाठन क्रममा पाश्चात्य रोमण्टिकवादी साहित्यकार शेक्सपीयर, कलरिज, शेली जस्ताका कविताद्वारा प्रभावित भएका हुन भन्ने कुरा इतिहासले बताएको छ।

राणाशासन जस्तो तानाशाही व्यवस्था द्वारा उनीमा मर्म स्पर्शी वेदनालाई निर्माण गर्ने खालका दुःख कष्टका घड़ी पनि नपरेका होइनन्। वि. सं. १९८७ सालतिर नेपालमा B. A पास गर्ने केवल एक जना महाकवि लक्ष्मी प्रसाद देवकोटा मात्र थिए। जस्को परिणाम देवकोटा जस्ता सरस्वतीका मन्दिरलाई विना कसुर कारवाही गरेको थियो। उनले त्यो घडीमा एउटा साधारण लाइब्रेरीको माग गर्दा उनले सजाय भोग्नु परेको थियो।

महाकवि लक्ष्मी प्रसाद देवकोटाको कविता यात्रा वि. सं. १९९७ साल तिर शारदा पत्रिकाबाट शिलान्यास भयो। देवकोटाको उक्त साल महत्वपूण मानिन्छ। किन कि त्यही सालमा विशिष्ट कवि मध्ये जन्मोत्सव र मुटुको थोपामा सङ्कलित, पूर्णिमाको जलधि, गरीब आदिले गर्दा। अनि त्यस देखि पछाडि जन चेतनाको दृष्टिकोण हेर्ने हो भने १९९२ देखि १९९५ सम्मको अवधिलाई अझ महत्वपूर्ण हो भन्न सकिन्छ। जसवेला राणा शासनले खाई सकेको अस्थिपिञ्जरको रुपमा प्राण धानी थिचिएका पिसिएका नेपाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जनताको आत्मामा अपनो साहित्यिक ठुटे कलम चलाउँन सफल भएका छन उक्त महत्वपूर्ण विधा हो मुना मदन खण्डकाव्य । उनैले भनेका छन कि मेरा चाहेजति बटा कृति हुन् र! जे होस, सम्पूर्णलाई धुवामा उडाई खरानोमा प्ररिणत गराई दिए हुन्छ मुना मदन देखि बाहेक ।" हुनत कति लेखक र समालोचकहरुले उक्त कृतिलाई घृणाको दृष्टि पनि राखेका छन , । झ्याउरे छन्दमा छ भनेर तर यो चाहिं के हो भने आफ्नी आमा मन नपरेर कृतिम आमा मन पराउनु समान हो । हामी कुन राष्ट्रको खोले र सिस्नों खाँदछौं ? कुन राष्ट्रको भेष, भुषा र साहित्य संस्कृतिमा रमेका छौं ? हाम्रो भाषा के हो भन्ने विभिन्न तर्क वितर्क नेपालो मस्तिष्कमा उत्पन्न गराउँन सक्नु, एउटा कर्तव्य ठान्नु पर्छ र राष्ट्रियता छ भन्न पनि हिच्किचाउँनु पर्दैन खण्डकाव्य मुना मदन भित्र पस्दा । त्यस्तै देवकोटा अर्को खण्डकाव्य रचना गर्न पुग्छन् । जसको नाम हो "कुञ्जिनी" हाल धादिङ जिल्ला अन्तर्गत पर्ने झिलटुङ्ग गाउँमा बस्न गएको शिलशिलामा उनी त्यतिखेर पहाडी जीवन त्रिशूली गंगा तथा कोल्पु नदीको प्रकृतिले दिएको प्रकृति छटाका आधारमा आधारित भई साधारण परिवारमा उत्पन्न भएको नायक केही उच्च परिवारमा उत्पन्न भएकी युवतीलाई नायिका बनाएर सामाजिक मतभेदलाई दर्पण स्वरुप प्रष्ट्याउँन सफल भएका छन् । उक्त पुण्य सालान्तरमा सावित्री सत्यवान पद्य नाटक र राजकुमार प्रभाकर खण्डकाव्य रचना गरेको पाइन्छ अनि साथै भिखारी तथा चारु जस्ता कृतिहरु पनि रचना गरेको पाइएको छ । त्यसबेला प्रतिभाका खानी देवकोटाले आफ्नो मज्बुरीले गर्दा जागीर जस्तो कार्यमा पराधीन रही

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जीवन निर्वाह गर्नु पऱ्यो । त्यसबेला जगीरबाट महिनाको रू ७ मात्र प्राप्त हुन्थ्यो, त्यसले पनि जीवन नचलेको कारणले गर्दा नगदी विद्यालाई बेचेर जीवन गुजरा गरे ।

आन्तरिक बौद्धिकताको सागर गहिरीनुका साथै वाह्य रुपमा पनि गहिरीदै गयो देवकोटामा । त्यसको प्रभावले गर्दा २००३ साल तिर त्रिचन्द्र कलेजमा नेपाली र अंग्रेजी विषय पढाउन लागे । त्यस वेला महाराणा प्रताप, वनकुसुम पृथ्वीराज चौहान महाकाव्य र सीता हरण जटायु अनि साथै म्हेन्दु खण्डकाव्य रचना गर्न पनि पछि परेनन् ।

जसरी तेल सकिएको सलेदोले ठूलठूलो लप्का दिएर वल्छ त्यसरीन त्यसबेलाको राणाशासनले पनि उग्र रूप लिन पुग्यो । त्यसको नकारात्मक प्रभावले गर्दा देवकोटा विद्रो-हको शिखरमा पाउ ठटार्न वाध्य भए। वि. सं. २००४ साल देखि २००५ सालसम्ममा। त्यस अन्तरालमा देवकोटा एक किसिमको वागीको रुप धारण गरेर क्रान्ति नै परिवर्तन हो भन्ने महा मन्त्रलाई गायत्रीको स्वरूप दिएर आफ्नै ठुटे कलम द्वारा जप्न लागे क्रमश. केही क्रान्तिकारी पूर्ण कविताहरू सिर्जना गर्न पुगे । जसको नाम यस प्रकार छ : प्रभूजी ! भेडा वनाऊ ! भाँचू कि मेरो कलम ? अनि साथै दुरताको वोध हुने पहाडी पुकार आदि रचनाको मीठो फल चखाउन र चाख्न सफल भए देवकोटा ।

शारीरिक र मानसिक यात्राको क्रममा २००६ सालमा देवकोटा वनारसबाट आफ्नै देशतिर लागे । त्यसवेला कविता लेख्ने धुनमा आफ्नो घरको नाम पनि कवि कुञ्ज राख्न पुगे । २००७ सालमा प्रमियस र सुलोचना महाकाब्य वृक्ष, सरस्वती, मेरो कोठा, युद्ध स्वागत तथा दीपक राग जस्ता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृतिहरु रचना गरेका छन् । २००८ सालमा दालभातढुकु भन्ने कविता लेखे । त्यस्तै आफ्नो भावना बगाउँने क्रममा २००९ साल तिर "बादल माथि दोर्जलिङ्ग" आदि कृतिका साथै श्री ५ त्रिभुवनबाट सल्लाहकार सभामा नियुक्त भएको प्रमाण पनि पाइन्छ देवकोटामा । बौद्धिकताका साथै साहित्यिकताको आधारमा आधारित हुदै २०१० सालमा चौंथो विश्व युवक महोत्सवमा भाग लिन भनी रुमानिया गएको प्रमाणका साथै चीन तिर पनि मोडिएको कुरा प्रष्ट छ इतिहासमा । उता साहित्यको फाँटलाई पनि अङ्गाल्दै उक्त दशकमा भरियाले भारी उचाल्यो, पागल, शान्तिगीत आदि कोर्न पुगेका छन् । उनलाई आरोप र प्रत्यारोप लगाए वापत पागल भन्ने एउटा व्यङ्यात्मक ढाँचाको कविता लेख्न वाध्य भए । त्यस्तै कृतिको यात्राको क्रममा २०११ सालमा सरस्वती वन्दना, वसन्त जस्ता कृतिका साथै अन्य राजनैतिक दिशा तिर पनि मोडिएका देखिन्छन् देवकोटा अनि साथै २०१२ सालमा पूर्णचाकी स्वास्नी मरी, ढुङ्गा फोर्दोलाई जस्ता कृतिहरुलाई अगाडि सारेका छन् ।

महाकवि दवकोटामा सुमधुर कोकिल कण्ठ भए तापनि भावनाका तरङ्गहरुका रागमा तरङ्गिने क्रममा २०१३ सालमा लक्ष्मी गीति सग्रहका साथै लक्ष्मी कविता संग्रह चिल्लापातहरुमा आदि कृतिमा प्रवेश गरे । अनि २०१४ साल चांहि उनका लागि उदासिनता नै देखियो, किन भने कुनै कृतिमा पनि प्रवेशमा नआएको कारणले गर्दा ।

कवि दवकोटाका लागि विधाताले २०१५ साल चांहि अन्तिम चरणको दोश्रो चरण छुट्याई दियो । उक्त सालमा कृषबाला गीति नाट्य नयाँ सत्य कलि संवाद आदि पर्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्तिम चरणको दोश्रो चरण सँग विदा मागे पश्चात् सँधैंको निम्ति विदा लिन २०१६ सालमा प्रवेश गरे उनले । जुन सालले मात्र तीनवटा फुटकर कविता दिएर साहित्यिक कृतिको यात्राको साथै जीवन लीला चुडर लगिदियो । जसमा तीनवटा कविता हुन- प्रलय वेदना, संकल्प हाम्रो फलोस र शून्यमा शून्य सरी ।

उक्त तीनवटा कविता मध्ये आफूले जति सुकै आमूल परिवर्तनको ध्वजा पताका फैलाए तापनि आखिर श्री कृष्ण रहेछ एक भन्ने भावनाद्वारा लाभान्वित भई " शून्यमा शून्य सरी " कविता लेख्न पुगे देवकोटा मृत्यु शैय्यामा स्थापित हुदै ।

महाकवि लक्ष्मी प्रसाद देवकोटाको कविता यात्राको क्रम मूलरुपमा २५ वर्ष सम्म चल्यो । विलक्षण प्रतिभाका खानी साथै अद्भूत कल्याणद्वारा नेपाली साहित्यमा स्वच्छन्दतावादका स्थापना कर्ता कवि देवकोटा आफ्नो अमूल्य कृतिलाई यो लोकमा छोडी यही लोकवाट २०१६ सालमा विदा हुँदै महाकवि लक्ष्मी प्रसाद देवकोटाको यात्रा पनि समाप्त हुन्छ ।

प्रमुख सन्दर्भ र ग्रन्थहरु :—

(१) देवकोटाका कविता यात्राको विश्लेषण मूल्याङ्कन
— डा० कुमार वहादुर जोशी,

(२) नेपाली साहित्यको संक्षिप्त इतिहास-
दयाराम श्रेष्ठ र मोहनराज शर्मा,

(३) देवकोटा — चुडामणि वन्धु

(४) लक्ष्मी कविता संग्रह, लक्ष्मी निवन्ध संग्रह, सुलोचना महाकाव्य
— महाकवि लक्ष्मी प्रसाद देवकोटा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समालोचना :--

कवि शिरोमणि लेखनाथ पौड्याल र प्रकृति चित्रणले पहिलो खण्डकाव्य 'ऋतुविचार'

हरि नारायण खतिवडा- शास्त्री
पिण्डेश्वर विद्यापीठ

नेपाली साहित्यका मूर्धन्य साहित्यकार कवि शिरोमणि लेखनाथ पौड्याल नेपाली काव्य साहित्यको क्षेत्रमा महत्वपूर्ण उपलब्धी मानिन्छन् । वि. सं. १९४१ साल पौष शुक्ल एकादशीका दिन गण्डकी अञ्चलको कास्की जिल्ला अर्घौं पौवा गा. वि. स० अन्तर्गत अर्चले शमिडाडामा जन्मिएका कवि लेखनाथ पौड्यालको वैयक्तिक र कवि जीवनको निर्माण, पोखराको प्रकृति, वंशगत अध्ययन संस्कार र निम्न वा मध्यवित्त अनि पारिवारिक जेष्ठ पुत्र हुनु जस्ता कुराहरु देखिन्छन् ।

पाँच वर्षको कलिलो उमेर देखिनै गङ्गा, गणेश स्तोत्र अमरकोश र सप्तशतीबाट आफ्नो अध्ययन शुरु गर्दै त्यहाँको ग्रामीण परिवेश र स्थानीय वातावरणमा डुबुल्कि मार्दै काव्य साधना र फुटकर पद्यमयी लेखनको शुरु गरेका कवि लेखनाथ सुन्दरका आधारक मात्र नभएर समाजका द्रष्टा कवि समेत मानिन पुग्छन् । सामाजिक मर्म र प्रकृति चित्रण उनका काव्य, कविता र गद्य लेखनमा समेत वारम्वार प्रति उनका काव्य, कविता र गद्य लेखनमा समेत वारम्वार प्रतिबिम्बित भएको पाइन्छ। निर्मल पोखरीमा आकाशको प्रतिबिम्बित भएको पाइन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विम्ब टल्के झैं प्रकृतिको प्रतिविम्ब उनका रचना वा काव्य को विशेषता वा रचनाको विशेषता भन्न सकिन्छ । यसरी वारम्वार काव्य साधनामा तल्लीन लेखनाथले वि. सं. १९६६ मै "वर्षा विचार" लेखेर सिंगो खण्ड काव्यांश रचना गरेका छन् । यसरी एउटा ऋतुको वर्णन सँगै सिंगो खण्ड काव्यको प्रारम्भिक विषय वनाएका लेखनाथले वि. सं. १९७३ मा आएर रामर्माणको प्रेरणा र चक्रपाणिको सहकारितामा पाठ्य पुस्तक र बाल कविताको क्षेत्रमा आफ्नो प्रतिभायुक्त काव्यधाराको पहिचान र परिष्कारद्वारा आफ्ना काव्य प्रवृतिको स्थापना गर्ने शिलशिला सँगै खण्ड काव्यको रचना र प्रकाशन तर्फ तल्लीन भएका देखिन्छन् । आफ्नो अविरल वा अथक परिश्रमको अगाडि जब उनी प्रकृति, समाज, अतीत र अध्ययन सम्बन्धि आफ्ना अनुभूतिलाई उपयुक्त भाषा, छन्द, र शिल्पको रुप रेखा सँगै चरम विन्दुमा पुग्छन् तब उनका दुई प्रचुर उपलव्धी पूर्ण खण्ड काव्य प्रकाशित हुन्छन्: ऋतु बिचार र बुद्धि विनोद । (१९७३)

नेपाली कविता धाराको प्राथमिक र माध्यमिक काललाई एक्लै प्रतिनिधित्व गर्दै १९७३ मा प्रादुर्भाव भएको यस 'ऋतु बिचार' को प्राथमिक काल 'माधवी' १९६६ को आधारमा 'वर्षा विचार' नै हुन आउछ अथवा त्यस्तै एउटा ऋतुको सन्दर्भमै यो सिङ्गो खण्डकाव्यको प्रादुर्भाव र विकास भएको देखिन्छ । एउटा ऋतु वर्णन कै आधारमा एउटा खण्ड-काव्य र एउटा खण्डकाव्यको आधारमा सिंगो प्रकृति वर्णन गर्नु चानचुने कुरा होइन । ऋतु विचार खण्ड-काव्यमा एक तर्फबाट चिनाउदा एक एक ऋतुको छुट्टा छुट्टै प्रसङ्गलाई मान्न सकिन्छ भने अर्को तर्फबाट सिङ्गो खण्ड

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काव्यलाई प्रकृतिको काल चक्र एक फन्को अनि सम्पूर्ण काल यात्राको प्रतिकात्मक अभिव्यञ्जनका समायोग पनि । वस्तुत: यस काव्यलाई संस्कृत साहित्यको प्रकृति चित्रण (ऋतुसंहार, मेघदूत, शिशुपालवध) प्रणालीको अनुकरण युक्त लेखनाथ प्रकृति चित्रण पनि भन्न सकिन्छ ।

'ऋतु विचारको आफ्नो' मूल्य र महत्ता औंल्याउने सन्दर्भमा अनेकौं बुदाहरु तँ छाड म छाड गरेर आउन चाहन्छन् । पहिलो मूल्य र महता हो प्रथम नेपाली प्रकृति काव्य हुनु अनि अझै नेपाली प्रकृति काव्यको महिमा सार्थक रहनु । वास्तवमा १९७३ कै रुपमा पनि राष्ट्रिय प्रकृतिको टङ्कारो वैशिष्टय यस काव्यमा देखिएको छ । यसरी सिंगो प्रकृति काव्यको रुपमा काव्यानुशिलन गर्न खोज्दा उदाहरण यसरी लिन सकिन्छ :—

साना ऐंसेलुका दाना टिपदा ती टपाटप ।
सम्झन्छु म त कान्ताका कानका सुनका टप ।। वसन्त- ३६
तामे ढुकुरका भाले कराएर घुमी घुमी ।।
नाचेको देख्दा खेरी मन हुन्छ रिमी झिमी ।। वर्षा- ४४

उपर्युक्त उदाहरणबाट के स्पष्ट हुन्छ भने संस्कृत साहित्यमा प्रचलित क्लासिकल धारणाबाट मुक्त भए वा नभए पनि राष्ट्रिय प्रकृतिको वैशिष्ट्य देखाउनमा 'ऋतु विचार' (१९७३) ले लेखनाथ प्रयाप्त प्रभावशाली देखिन्छन् । मूलत: 'ऋतु विचार' को मूलभूत प्रसंग प्रकृतिको ऋतु चर्चा हो त्यसंले प्रकृतिलाई उपमेयता दिदै लेखनाथ मानवभाव, दर्शन र सामाजिकता सम्बन्धमा टिप्पणी गर्दछन् । एकैसाथ प्रकृति चित्रण अलङ्कार विधान र मानवीयता प्रदान गर्न यस काव्यको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

माध्यमबाट उनी लागु देखिन्छन् । वस्तुतः प्राकृतिक उपमेयले सामाजिक उपमानलाई तीव्रता दिएको छ, सामाजिक उपमानले प्राकृतिक उपमेयलाई पूर्णरुपले अभिव्यक्ति दिए जस्तै । निश्चित रुपमा हेर्दा पनि सामाजिक उपमानहरु कवि लेखनाथको व्यापक सामाजिक अनुभूति र सशक्त सृजना शक्तिका प्रमाण हुन् । उपमानद्वारा सामाजिकता, संस्कृति नीति वा दर्शन व्यक्त गर्ने प्रणाली प्रभावपूर्ण भएर पनि प्रकृति विधान कै अर्थमा पनि 'ऋतु विचार' (१९७३) सार्थक छ । क्लासिकल या राष्ट्रिय विशेषतापूर्ण भएर पनि शाश्वत सार्वदेशिक रुपमा प्रकृति चित्रण देखाउनमा यो काव्यले गहिरो अभिरुचि राखेको छ । कतै स्वभावोक्ति र कतै आलङ्कारिक ढगले प्रकृति माथि व्यक्ति प्रदान गर्दै प्राकृतिक सौन्दर्यको निराकरण सलग्न गर्नमा यी काव्य प्रकृति विम्बको दृष्टिले पनि महत्वपूण देखिन्छ । उपयुक्त तथ्यलाई आकांक्षा रहित गर्नका लागि यसरी उदाहरण पेश गर्न सकिन्छ ।:—

नाट्यशाला छ आकाश, नाँचनै विजुली नटी ।
मिलायो मेघले ताल हेरनुहोस ली डटी ॥ वर्षा :— ४-
छापेकी हिम वर्षाले पृथिवी छन यो घरी ।
कुनै कपास झैं सेतै फुलेकी बुडिया सरी ॥ हेमन्त- ११

उपमाका सन्दर्भले सुशोभित उपयुक्त पद्यले विभिन्न ऋतुमा प्रकृतिका अनेकन वस्तुको विविधतामय सौन्दर्यको प्रतिनिबिम्ब गरेको देखिन्छ ।

यसरी केवल वर्षा ऋतुको वर्णन (१९६६) प्रसङ्गलाई लिएर कवि शिरोमणि लेखनाथले १९७३ मा आएर ऋतुलाई सुललित भाषा र क्रमिक रूपले वर्णन गरेर नेपाली खण्डकाव्य क्षेत्रमा ईट थप्ने काम गर्नुका साथै प्रकृति काव्यको क्षेत्रमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चर खन्दै एउटा महल खडा गर्न पुगेका छन् यसरी क्रमिक रुपमा आफ्नो काव्य कारीतालाई बडाउदै लग्ने क्रममा उनले वि. सं. १९९१ तिर आएर आफ्नो विकसित र परिपक्व काव्य कारिता सँगसगै यस्को संशोधित प्रकाशन र सम्वर्धित रुप खडा गरेको पाईन्छ । जतातत प्रकृतिका छटाहरु नाच्ने यस काव्यमा अन्तरङ्ग विश्लेषण कै क्रममा पनि प्रकृति प्रयोग नै विवेच्य देखिन्छ । नेपाली कविता साहित्यको रोमाण्टिक युग (१९९१—२०१६) को पूर्ववर्ती रुपमा संशोधित यो काव्यमा नेपाली कविताको प्राथमिक र माध्यमिक कालले उद्दीपन विभावका रुपमा प्रकृतिलाई अपनाए पनि आलम्वन विभाव तुल्याएको पाईदैन भन्ने तथ्य ख्यालमा राख्नु पर्ने हुन्छ, त्यसैले लेखनाथ आफ्नै नेपाली कविताको रोमाण्टिक धाराका लागि पनि प्रकृति प्रयोगको क्षेत्रमा परम्परा नै हुन् भन्नु अत्युक्ति नहोला । वास्तवमा भन्ने हो भने लेखनाथीय 'ऋतु विचार, नेपाली कविताको इतिहासमा प्रथम 'ऋतु विचार हो भने प्रकृतिका प्रयोक्ता लेखनाथ नै हुन । वि. सं. १९९१ को 'ऋतु विचारले १९७३ को संशोधन परिमार्जनद्वारा प्रकृति चित्रणलाई चरमोत्कर्षमा पु-याउदै रोमाण्टिक युग (१९९१—२०१६ को नेपाली कविता क्षेत्रको प्रकृति विश्वका निम्ति प्रथम रुपमै प्रस्तुत गरेको देखिन्छ । त्यस्तै नेपाली कविता क्षेत्रको रोमाण्टिक युगमा प्रकृति मानसिक अभिव्यजनको माध्यम, पात्रमा रहेको मनस्थितिलाई उर्ध्व गति दिने उद्दीपन विभाव र प्रकृति कै चोखो व्यक्तित्वको चित्रण गर्ने सामान र भाव-सौन्दर्यको तीव्रतम सृष्टिको सहकारी तत्व पनि रहेको छ । अथवा यसरी पनि भन्न सकिन्छ यो कविता धारामा प्रकृति अत्यन्त प्रिय रहेको छ । यद्यपि रोमाण्टिक कविहरु (माधव घिमिरे, लक्ष्मी प्र. देवकोटा, सिद्धिचरण श्रेष्ठ)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनेकन देखिन्छन् तर प्रौढ प्राञ्जल्य प्रकृतिको प्रकाशन र सामाजिक प्रकृतिको चोखो उच्छलन चाहीं यसै खण्डकाव्य (ऋतु विचार) मा पाइन्छ अनि प्रकृति वर्णनका पर द्रष्टाका स्वरुप पनि लेखनाथमा नै पर्याप्त पाइन्छ। उनले स्वयं ऋतु विचार खण्डकाव्यको भूमिकामा तत्कालीन समाज सम्बन्ध प्रकृति वर्णननै गर्न खोजेको कुरा बताएका छन्।

नेपाली कविताको परिष्कारवाद सँगै काव्य धारालाई अँगाल्ने क्रम कविता साहित्यमा भित्रिएको यो ऋतु विचार' खण्डकाव्य स्वच्छन्दतावाद अथवा रोमाण्टिकवादमा आएर पूर्ण परिस्कृत भएको कुरा थाह भै सकेको छ। बाह्र महिना-लाई ६ ऋतु र छ ऋतुलाई एउटै प्रकृति चित्रण भित्र अटाएर तिनै ऋतुलाई खण्डकाव्यका पात्रको रुपमा स्थापना गर्दै एउटा काव्यको सृजना गर्नुबाट यो काव्य प्रकृति चित्रण हुन आएको हो। वस्तुतः तीव्रतम सामाजिक सन्दर्भ र अधिकतम प्राकृतिक छटाले भरिएको काव्य औधि सान्दर्भिक देखिएको छ। प्रथम नेपाली प्रकृति काव्य, त्यसको महिमा अझ प्राप्त हुन र शिल्पगत मान्यता जस्ता बुँदाहरुलाई अगाडि बढाएर यो काव्यको चर्चा गर्न चाहनु समुद्रमा गोताखोर गर्न खोज्नु जस्तै देखिन्छ। अत प्रकृतिगत उन्मादले भरिपूर्ण प्रस्तुत खण्डकाव्यलाई संशोधित रुपमा यसरी उदाहरणीय तुल्याउन सकिन्छ :-

साना ऐसेलुका दाना टिपदा ती टपाटप।
ग्रामीण नारी सम्झन्छन् कानका सुनका टप ॥

वसन्त — ६५

न तुँवालो, नता मेघ, न हुस्सुछ, न ता हिम।
घन्क्यो झनक्क सर्वत्र घामको जय डिम्डिम ॥ ग्रीष्म ६९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संसार यो हिलो सारा पद्म ईश्वर भक्ति हो।

जीव छन् भ्यागुता- तुल्य पद्मको रस मुक्ति हो। वर्षा-७४

उपर्युक्त वसन्त, ग्रीष्म, वर्षा विचारबाट उध्दृत पद्यहरुले ऋतु विचारको नेपाली जन-जीवनको विशिष्टता झल्काएको पाइन्छ। यसैगरी शरद, हेमन्त र शिशिर विचारमा पनि कविताले राष्ट्रिय प्रकृतिमा छाँद हालेका छन :—

बदामी रङ्गको राम्रो देखदा खेतको छवी।

केशरी बागमा पुग्छन् उपमा खोजदै कवि ॥ शरद —६८

न पक्षिको सुनै शब्द न प्रभा दिन नाथको ॥

भेद छुट्याउनै गाह्रो रातको र प्रभातको। हेमन्त— २४

हिमको तकिया तानो ओढी त्यो रुद बीरक।

आफै शिशिर लेट्यो कि पश्छाई रवि- दीपक ॥ शिशिर-३१

साच्चै नै राष्ट्रिय परिवेशमा मूलजरो फैल्याँउदै जाँदा शरद, हेमन्त, र शिशिर विचारमा पनि प्रकृतिका उर्ध्व गतिमा भाव-भूमि सलल बगेको पाइन्छ। वस्तुतः ऋतु विचार खण्डकाव्य भरि प्रकृति उपमेय रुपमा सर्वत्र चित्रित छ, तै पनि प्रकृति चित्रणका विशेष इन्द्रिय- संवेद्य स्थलहरु जान्न सकिन्छ। आँखाको निम्ति रुप-रङ्ग, कानको निम्ति ध्वनि, नाकको निम्ति गन्ध, जीब्राको निम्ति स्वाद र छालाको निम्ति स्पर्श विशिष्ट रुपमा रहनु नै इन्द्रिय संवेद्यता हो। यसरी एउटा सिंगो खण्डकाव्यका रुपमा पूरै प्रकृतिको चित्रण गर्नु नै नेपाली खण्डकाव्य जगतको महत्वपूर्ण उपलब्धी र नेपाली कविता साहित्यको महानतम विशेषता हो भन्नु अत्युक्ति नहोला।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सन्दर्भग्रन्थ :—

(१) लेखनाथ पौड्यालको कविताको मूल्याङ्कन र विश्लेषण — डा० वासुदेव त्रिपाठी

(२) ऋतुविचार खण्डकाव्य (भूमिका कवि शिरोमणि लेखनाथ पौड्याल

(३) मधुपर्क २०२७ सम्पादक :— गोपाल प्रसाद भट्टराई

(४) लेखनाथ प्रवचनमाला- सम्पादक :— श्री टीका प्रसाद वस्ती तथा श्रीनारायण कटटेल

(५) लेखनाथको ऋतु विचार (समालोचना — पं. तीर्थराज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'स्फोटवाद: सानो परिचय'

— खेमराज खनाल

"व्याक्रियन्ते— व्युत्पाद्यन्ते शब्दा अनेन" यस्तो व्युत्पत्ति बाट साधुशब्दहरुको (संस्कृतका शुद्धशब्दहरुको) अन्वाख्यान गर्ने हुनाले नै व्याकरणशास्त्र वेदाङ्गको रुपमा स्वीकार गरिएको हुनु पर्छ। शब्दहरुको राम्रो अन्वाख्यान विना वेदार्थ ज्ञान दुष्कर हुन्छ। यस अर्थबाट व्युत्पादनद्वारा शब्द-सिद्धि गर्नु व्याकरणशास्त्रको काम हुन आउँछ। यसको नियममा आवद्ध भाषा सँधै एकै नासे हुन्छ, आफ्नै रुपमा बाँच्छ र विकृतिरहित बन्छ भने यसो हुनुलाई "भाषालाई ठिंगु-याउने काम' भन्ने आरोप किन नलागोस्।

प्राचीनकाल देखिनै व्याकरणशास्त्र वेदाङ्गको रुपमा साधु शब्दान्वाख्यायक मात्र भएर बाँचेको छैन। यसको अर्को धारा पनि छ। त्यो हो— दार्शनिक धारा। यो धाराको सुरुवात कहिले देखि भएको हो? यस विषयमा प्रष्ट किटान गर्न नसकिने भए पनि यास्काचार्यले निरुक्तमा गरेको शब्दको नित्यता र अनित्यता विषयक चर्चाबाट यो धाराको प्रारम्भ पाणिनि र यास्काचार्यको कालभन्दा धेरै पूर्व भएको हो भन्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सकिन्छ ।

स्फोट व्याकरण दर्शनको मूख्य विविच्य विषय हो। यो आज व्याकरण निकायमा वादको रुपमा विकसित भएको छ र "स्फोटवाद" नामले प्रसिद्ध छ। स्फोटवादका प्रवर्तक स्फोटायनाचार्य मानिएका छन् । स्फोटायनाचार्यको निर्देश सर्व प्रथम पाणिनिको "अवङ् स्फोटायनस्य" सूत्रमा गरेको पाइन्छ । काशिकाका व्याख्याकार हरदत्तले 'पदमञ्जरी' नामक टीका ग्रन्थमा "स्फोटवाद" का प्रतिपादकको रुपमा स्फोटायनाचार्यको नाम लिएका छन् । आर्यदर्शनको मूल ग्रन्थ वेदमा स्फोट शब्दको उल्लेख नमिले पनि श्रीमद्भागवतको दशमस्कन्धमा यस शब्दको प्रयोगले स्फोटशब्दको प्राचीनता सिद्ध हुन्छ। यस शब्दलाई व्याकरण शास्त्रमा वादको रुपमा स्थापित गर्ने श्रेय स्फोटायनाचार्यलाई गएको हुनु पर्छ

"शब्द नित्य, अखण्ड, निरवयव, निर्विकार, निष्क्रम र अद्वितीय हुन्छ । यो ध्वनिवाट अभिव्यञ्जित हुन्छ। ध्वनि दुई प्रकारको छ— प्राकृत र वैकृत। वर्ण र पद अनर्थक हुन्छन् । वाक्य सार्थक हुन्छ । सर्व प्रथम वाक्यमा अर्थवोध हुन्छ। तदनन्तर कल्पित वर्ण र पदमा अर्थबोध हुन्छ।" यो "स्फोटवाद" का मूर्द्धाभिषिक्त सिद्धान्त तथा आन्तरिक पक्षहरु हुन् । स्फोटको चर्चा-परिचर्चा गर्ने सबै जसो वैयाकरणहरुले उक्त कुराहरुको प्रशस्त निर्वाह गरेको पाइन्छ।

स्फोटवादी आचार्यहरुको मान्यता अनुसार शब्द स्फोटात्मक हुन्छ, अर्थात 'स्फोट' भन्नु नै शब्द हो । स्फोट ध्वनिवाट अभिव्यक्त हुन्छ । यो बुद्धिको विषय हो । इन्द्रियको विषय हैन। त्यसैले स्फोट कानले सुन्न सकिदैन । वृत्तिभेद

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ह्रस्व, दीर्घ, प्लुत, उदात्त, अनुदात्त, स्वरित आदि भेद) स्फोटको धर्म हुन । स्फोटात्मक शब्दमा वृत्तिभेद हुँदैन ।

वैयाकरणहरुले स्फोटात्मक शब्दलाई नै ब्रह्म मान्दछन् । यस शब्दब्रह्मको चर्चा शब्द, शब्दतत्व, वाक्, वाक्तत्व, वाणी आदि नामले समेत भएको पाइन्छ । शब्दब्रह्मका साथमा काल नाम गरेको शक्ति छ । जसको माध्यमले शब्दब्रह्म अर्थरुप जगतको सृष्टि, स्थिति र लय गर्दछ । यो दृश्यमान अर्थरुप जगत शब्द ब्रह्म कै विवर्त हो । वस्तुतः यो सम्पूर्ण सृष्टि शब्द हो । अविद्यावशात हामीलाई त्यसको उपलब्धी हुँदैन । सृष्टि जगतको रुपमा प्रतीत हुनु भ्रम मात्र हो । अविद्याको विनाशले भ्रम स्वतः विनष्ट हुन्छ । तसर्थ शब्द ब्रह्मसँग साक्षात्कार गर्न अविद्यावादल फाट्न आवश्यक छ । व्याकरण शास्त्रको ज्ञान विना अविद्या नष्ट हुन सक्तैन । निष्कर्षमा भन्दा व्याकरण शास्त्र शब्द ब्रह्म प्राप्तिको साधन हो । व्याकरण शास्त्रवेत्ताले अविद्याको जालो पन्छाएर ज्ञानरुप शब्द माथि पूर्ण अधिकार जमाएको हुन्छ ।

स्फोटात्मक चर्चा पछि ध्वन्यात्मक शब्द अर्थात् ध्वनिको चर्चा सान्दर्भिक ठहर्छ । 'स्फोटवादमा ध्वनिको पनि कम महत्व छैन । ध्वनि स्फोट- व्यञ्जक हुन्छ । यो इन्द्रियको विषय हो र श्रोत्र ग्राह्य हुन्छ । वृत्ति भेद ध्वनिको धर्म हो प्राकृत र वैकृत गरेर यो दुई किसिमको छ । प्राकृत ध्वनिले स्फोटको अभिव्यक्ति गर्दछ । वैकृत ध्वनि वृति भेदको हेतु बन्छ । व्यक्ता र अव्यक्ता गरेर पनि यसलाई दुई भागमा बाड्न सकिन्छ । स्पष्ट ध्वनि व्यक्ता र अस्पष्ट ध्वनि अव्यक्ता हो । लोकमा ध्वनि पनि शब्द भनेर व्यवहृत हुन्छ । स्फोटात्मक शब्दको अभिव्यक्ति दिनाले नै ध्वनिलाई शब्दको रुपमा व्यवहार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरिएको हो । वस्तुतः ध्वनि शब्द हैन । शब्दको कलेवर मात्र हो ।

ध्वनि र स्फोटको तुलनात्मक अध्ययन अर्को तरिकाबाट पनि गर्न सकिन्छ । स्फोट आत्मा हो, ध्वनि शरीर । स्फोटन सत्य हो र ध्वनि असत्य । स्फोट नित्य छ । ध्वनि अनित्य । स्फोट अखण्ड, निरवयव, निष्क्रम र विकारमुक्त छ, ध्वनि सावयव, सक्रम र विकारयुक्त छ स्फोट सार्थक छ, ध्वनि निरर्थक । स्फोट अर्थबोधक हो र ध्वनि स्फोट- व्यञ्जक ।

मुद्रक सम्बन्धि जुन सुकै काम परे विद्वानहरु त

शिवम् प्रिण्टर्स

लाई नै सम्झने गर्छन् ।

फो :— २०४३३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घैंटामा घाम भर्नै कडो

— चन्द्रमणि नेपाल
सहायक प्राध्यापक
पिण्डश्वर विद्यापीठ

विभिन्न विचार राख्ने दार्शनिकहरु भेट हुने हो भने चिथोरा-चिथोर नै गर्ने रहेछन् कि भन्ने म सम्झन्थें । अरुको मत खण्डन गर्दा कसैले त निकृष्ट गाली तथा दुःख प्रकट गरेको पनि पाइन्छ । वाचस्पति मिश्रले एक ठाउँ सत्कार्यवादको खण्डन गर्दा सत्कार्यवादीलाई विस्टा (दिसा) खाने दोष दिएका पनि छन् । सत्कार्य (कारणमा कार्य रहेको हुन्छ) भन्नुको अर्थ भातमा दिसा छ भन्नु हो । किन कि विस्टा कुदिसा को कारण भात हो । । यस्तो दोष लगाउदा सत्कारवादीहरुलाई कति रिस उठयो होला । सायद वाचस्पति मिश्रलाई तत्काल भेट्ने हो भने उनीहरुले चोक्टा छरिदिन्थे होला ।

सत्य त एक नै हुन्छ र पनि दार्शनिकहरुमा मतान्तर र भनाभन किन हुन्छ ? ब्रह्माण्डमा कति किसिमका पदार्थहरु छन् भन्ने प्रसंगमा कणाद सात वटा, कपिल दुई, पतञ्जलि तीन आदि आदि पदार्थहरु छन् भनी स्वीकार्दछन् । आध्यात्मिक रागद्वारा नै प्राणी दुःखबाट मुक्त हुन्छ भन्दै मानिसहरुमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आध्यात्मिक चेतना जगाउने मनसायले प्रेरित भएर अपेक्षाकृत सरल उपाय (मार्ग) देखाउदै तथा शास्त्र-वचनहरुलाई आ-आफ्ना दृष्टिकोणले सत्य सावित गर्दै व्याख्या गर्दा दर्शनिक-हरुले विभिन्न वाटो अपनाएर विविध दर्शनहरुको सिर्जना गरेका छन ।

न्याय दर्शनले आधिकांश रुपमा मानिसहरुमा विवेचनात्मक क्षमताको समेत विकास होस् भन्ने धारणा लिएको छ भने वैशेषिक दशनकार कणाद र सांख्यदर्शनकार कपिलले विवेचनीय वस्तुको बिवेचना गरेर सिधै वाटो देखाउन खाजे-का छन् । तर कणाद द्रव्य, गुण, कर्म, सामान्य, विशेष, समवाय, अभाव यरो सात र कपिल प्रकृति र पुरुष गरेर दुई पदार्थ स्वीकार गर्छन् । स्वीकृत पदार्थहरुको स्वरुप वारे वि-चार गर्दा यी दुई दर्शन वीच धेरै समता देखिन्छ तापनि सूत्र कार लगायत उनीहरुका अनुयायी वीच ताइक्वान्दोको भन्दा पनि कडा प्रतिस्पर्धा चलेको छ ।

कणादले मानेका सात पदार्थहरुलाई कपिलले झैं जड़ र चेतनाको रुपमा विभाजन गर्न पनि सकिन्छ । जस्तै आत्मा चेतना हो भने अरु जड । यहाँ यीनै पदार्थहरुको प्रदत्त स्वरुपको आधारमा विवेचना गर्ने प्रयास गरौं ।

(१) (चेतन)

हाम्रा सामु रहेका भौतिक वस्तु जड हुन भने प्राणीहरुमा

---

(१) देवानां प्रिय मूख, कुतार्किक आदि । वाचस्पति मिश्रको अर्को एक श्लोक पनि छ —

क्रूरा : कृतो ऽञ्जलिरयं वलिरेष दत्त:
कायो, मया प्रहरताम यथा ऽभिलाषम् ।......
वह मेरो शरीरमा प्रहार गर, आदि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रहेको बोध स्वरुप चेतन तत्व हो । कपिलले यसलाई पुरुष र कणादले ज्ञानको आश्रय 'आत्मा भन्ने संज्ञा' दिएका छन । कपिलले यसलाई निर्गुण निर्लेप तथा स्वतन्त्र मानेका छन् भने कणाद स्वतन्त्र ईश्वर तत्व स्वीकारेर आत्मालाई सगुण र परतन्त्र मान्दछन् । कपिल मने निरीश्वर वादी मानिन्छन् । र कणादलाई पनि कसैले निरीश्वर वादी नै मानेका छन् ।तर उनका व्याख्याताहरु यो कुरा स्वीकार्दैनन् । पतञ्जलि (योग सूत्रकार) ले पुरुष प्रकृति लगायत ईश्वर अलग स्वीकारेका छन् ।

(१) जन्म-मरण-कारणानां प्रतिनियमादयुगपत्प्रवृत्तेश्च:

पुरुषबहुत्वं सिद्धं त्रैगुण्य विपर्ययाच्चैव (सां· का. १८) अनुसार विचार गर्ने हो भने कणादले स्वीकारेको आत्मा र पुरुष एकै हुन् भन्न सकिन्छ । कणादले पनि व्यवस्थातो नाना. (वै. सू (३.२ २०) भनेर उपर्युक्त कारिकाले देखाए-कै कारणहरुले आत्मा प्रतिप्राणी अलग मानेका छन् । तर कपिल यो कुरामा सहमत छैनन् । उनी बुद्धि नै आत्मा हो र बुद्धिले ज्ञान आर्जन गर्छ, भनेर बुद्धि र ज्ञानलाई अलग मान्दछन् ।

प्रकृति जड पदार्थ हो । बुद्धि पनि प्रकृतिकं परिणाम (उपज) भएको हुनाले बुद्धि पनि जड छ तापनि पुरुष (चेतन) तत्वको संसर्गले गर्दा बुद्धिमा चेतनको 'भ्रम (आरोप) हुन्छ । (चेतन सम्ं) 'आत्मेन्द्रियाद्यधिष्ठाता, (का. व. ४७) को व्याख्या गर्दा विश्वनाथले पनि आत्मा, इन्द्रिय र शरीरमा चेतन्य सम्पादन गर्ने तत्व हो, भनी चैतन्य सर्ने सक्ने कुरा स्वीकारेका छन् तर यिनको (कणादको पनि) मतमा चैतन्य

(१) जड

(२) चेतन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भनेको ज्ञान हो र ज्ञानवान् नै चतन हो। कपिलले चेतन पुरुष होइन। जड बुद्धिलाई ज्ञानवान् मानेकाले न्याय वैशेषिक अनुयायीहरु एक मुख भएर कपिल माथि झम्टदै भन्छन् कि— जो चेतन हो त्यो देख्छ, जान्दछ, थाहा पाउछ। जोजान्दछ ज्ञान त्यसैमा हुन्छ। पुरुष चेतन भएकोले ज्ञान पुरुषमा रहनु पर्नेमा बुद्धिमा रहन्छ, भन्नु कपिलको लिडे ढिपी हो।

वास्तवमा देखिन्छ पनि यस्तै। चेतन ज्ञानी हुन्छ, जड (बुद्धिलाई आत्मा मान्ने हो भने) थाहा नै पाउदैन।

विवादको बीउ यहाँ के देखिन्छ भने— न्याय वैशेषिक (गौतम— कणाद) को मतमा बुद्धि र ज्ञान 'कामो काले र काले कामी, भने झैं फरक होइनन्। ज्ञान (चैतन्य) गुण भएकोले त्यो गुणी (आत्मा) मा आश्रित हुन्छ। ज्ञान (चैतन्य) रहदाको अवस्थाको आत्मा चेतन हुन्छ। कपिल भन्दछन्— पुरुषको संसर्गले बुद्धि चेतन हुन्छ। कणाद कड्किन्छन्।

जसमा चैतन्य छ, त्यो चेतन हो। कपिलले पुरुषलाई निगुर्ण मानेर बुद्धिलाई चैतन्य- (ज्ञान) वान् मान्नु परेको छ। कपिलको बुद्धि वास्तवमा कणादले सम्झेको ज्ञानको पर्यायवाची हो या के हो भन्ने कुरा त्यसका कारण प्रकृति बारे बुझेपछि भन्न सकिनेछ।

(१) जन्म मरण र इन्द्रियको स्थिति अलग अलग हुनाले प्रवृत्ति अलग हुनाले, स्वभाव र अवस्थामा भिन्नता हुनाले पुरुष प्रतिप्राणी भिन्न'भिन्न (धेरै) छन् भन्ने सिद्ध हुन्छ।

(२) जड :— कपिलले जड तत्वलाई प्रकृतिको संज्ञा दिएका छन्। कणादका अनुसार पनि आत्मा बाहेक अरु जड पदार्थ हुन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१) प्रकृते महाँस्ततो ऽ हङ्कार……… (सां. का. २२)

कणाद कपिलको बीचमा मिलाउनै नसकिने जस्तो- घम्सा-घम्सो पाँच तन्मात्रा र पाँच महाभूतको कार्यकरण बारेमा चलेको देखिन्छ । कपिलका अनुसार पञ्चतन्मात्रा कारण र महाभूत कार्य हुन् भने कणादका अनुसार पञ्चमहाभूत कारण र तन्मात्रा कार्य हुन् । यस्मा कणाद हाम्रा नजिक देखिन्छन् । आँप जति सड्दै जान्छ, त्यति त्यसबाट नयाँ गन्ध (तन्मात्रा) उत्पन्न हुन्छ । आँप भनेको भूत पृथिवी हो ।

कपिलको साँख्यमा प्रकृतिलाई मूलकारण(जडको) मानिएको छ । प्रकृति पछिका २३ तत्वको मूल कारण प्रकृति हो । त्यो कुनै वस्तुको विकार होइन । अर्थात् प्रकृति कुनै कारण (वस्तु) बाट बनेको होइन "मूल प्रकृति र विकृति……… (सां. का. ३) त्यो आँखाले देख्न नसकिने सूक्ष्म छ । प्रत्यक्षः नदेखिदैमा त्यो वस्तु छैन भन्न सकिदैन । त्यसका कार्यहरु देखेर अनुमान गर्न सकिन्छ । 'सौक्ष्म्यात्तदनुपलब्धिर्नाभावात् कार्यत स्तदुपलब्धिः (सां. का. ८)
विद्यमान वस्तु प्रत्यक्षत उपलब्धि नहुनुमा निम्न । कारणहरु हुन सक्छ ।

---

(१) प्राणीको शरीर पनि जड हो । प्राणी कसरी हिड्छ काम गर्छ तर प्रकृतिको बारेमा पनि कणाद कपिलको बीच बाग्वाण हानाहान भएको छ कपिलको पुरुष र कणादको आत्मा (जीवात्मा) 'क' जस्तो अभेद तर अनन्त छ भने जड (प्रकृति) भेदवाला छ अर्थात् प्रकृति बिभिन्न रुपमा परिणत हुन्छ (बदलिन्छ)।

भन्ने सम्बन्धमा- कारिकाबालीको एक कारिका हेर्नु उपयुक्त छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अतिदूरात् सामीप्यादिन्द्रियघातान्मनोनवस्थानात्... (सां.का.७)
यहाँ सौक्ष्म्यात्, को व्याख्या गर्दा जसले पनि परामाणुको उदाहरण दिएको पाइन्छ । परमाणु जस्तै प्रकृति पनि सूक्ष्म हुनाले प्रत्यक्षत उपलब्धि हुदैन । यसवाट प्रकृति परमाणु जस्तै मात्र छ. तर परामाणु होइन भन्ने बुझिन्छ किन कि उदाहरणीय र उदारण पृथक हुन् भन्ने कुरा दर्शनमा सिद्धान्तत: बुझ्नु पर्ने हुन्छ । नबुझेकोलाई बुझाउन उदाहरण दिइन्छ। त्यसैले उदाहरण जाने बुझेको हुनु पर्छ । (यसको अपवाद साहित्यमा भेटिन्छ— राम रावणयोर्युद्धं रामरावणयोरिव) ।

तर कणादको परमाणु र कपिलको प्रकृतिको स्वरुप हेर्दा शब्दमा मात्र फरक पाइन्छ ।

१) प्रकृति एवं परमाणु जड (भौतिक) तत्वका मूलकारण हुन् ।
२) प्रकृति कुनै कारणवाट उत्पन्न भएको होईन । त्यस्तै परमाणु पनि ।
३) प्रकृति र परमाणु दुवै सूक्ष्म छन् ।
४) प्रकृति र परमाणु दुवै कार्यवाट अनुमेय छन् ।
५) बुद्धि आदि २३ तत्वहरुमा मनवाहेक २२ तत्त्वहरुको कारण कणादको विचारमा पनि परमाणु हुन सक्छ ।

बुद्धि तत्वलाई प्रकृतिको पहिलो परिणाम मान्नुमा कपिलको यो आशय हुन सक्छ कि — अहङ्कार आदि तत्त्व बन्न बुद्धि लागेको छ । यसमा त कणाद खुशी नै हुनु पर्छ । कपिलले ईश्वरको सत्ता स्वीकार नगरे पनि सृष्टिमा बुद्धि को कारणता स्वीकारे। प्रकृति (परमाणु) बुद्धिको पनि

(प्रवृत्याद्यनुमेयो यं रथगत्येव सारथि । का० व० ५०]
[१] प्रकृति-महत् (बुद्धि)-अहङ्कार-पाँच ज्ञानेन्द्रीय र कर्मेन्द्रिय मन पाँचतन्मात्रा- पाँच महाभूत ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

कारण
पनि बु
पोषिलो
तीखो
क
हो त
वचनहर
आउछ
सार वै
ईच्छा
नमान्दा
मान्दा
वाध्यता
तथापि
पासोमा
ज
परिणाम
सक्तैन
आत्माल
नै कणा
हुन सक
भन्न
खोज्दा
जुन नि
(१)
(२)

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कारण हो भन्दा पनि कणाद रिसाउदैनन् । उनका अनुसार पनि बुद्धि प्रकृति (भौतिक वस्तु) द्वारा अनुप्राणित छ। पोषिलो खाना खाएर शरीर हृष्ट भयो भने त्यसको बुद्धि पनि तीखो हुन सक्छ ।

कणादले भने अनुसारको आत्मा, पुरुष हो कि बुद्धि हो त भन्ने सम्बन्धमा विचार गर्दा कपिलले कही शास्त्र वचनहरुलाई जोगाउन बुद्धिलाई आत्मा मान्नु परेको देखिन आउछ। शास्त्रमा(१) ईश्वरलाई निर्गुण निराकार भनिए अनुसार वेदान्तले ब्रह्म, भने झैं पुरुषलाई निर्गुण साबित गर्न, ईच्छा (२) तत्व लुकाउन त्यसैले जीवात्मा बुद्धि अलग नमान्दा पुरुष निर्गुण हुन नसक्ने र पुरुषलाई सगुण आत्मा मान्दा शास्त्र अनुसार निर्गुण तत्व ईच्छा स्वीकार्नु पर्ने बाध्यताले पुरुष र बुद्धि अलग मान्नु परेको हुन सक्छ । तथापि उभयत पाशा रज्जुः भने झैं अर्को पटि पनि उनी पासोमा अल्झिन पुगेका छन् ।

जस्तै प्रकृतिको परिणाम भएकाले बुद्धि तत्व जड भौतिक परिणामी अनित्य सिद्ध हुन्छ । यसर्थमा बुद्धि आत्मा हुन सक्तैन । जन्म जन्मान्तर तथा मोक्ष स्वीकार गर्नाले आत्मालाई अजर अमर नै मान्नु पर्ने हुन्छ । कपिलको बुद्धि नै कणादको आत्मा हो भनेको खण्डमा बुद्धि प्रकृतिको परिणाम हुन सक्तैन । परिणाम मान्ने हो भने त्यसलाई आत्मा भन्नु भएन । अतः यहाँ यो देखिन्छ कि- ईश्वर तत्व लुकाउन खोज्दा नै कपिललाई पासो लागेको हो। हो के त भने उनी जुन निर्गुण पुरुष स्वीकार्छन्, त्यो हो शास्त्रद्वारा प्रतिपादित

(१) ब्रह्म र पुरुष चित् स्वरुप मानिएका छन् ।
(२) ईश्वरवादीहरु स्रष्टा र नियामकको रुपमा ईश्वरको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ईश्वर (सहस्त्रशीर्षा पुरुष ……) ज्ञानको अधिकरण आत्मा बुद्धि हो, तर कणादले सम्झेको ज्ञानको पर्यायवाची बुद्धि होइन । कपिलले त्यसलाई ज्ञान भन्दा अलग मान्नुमा पनि यही तात्पर्य छ। तर योगसूत्रकार पतञ्जलिले छुट्टै ईश्वर तत्व स्वीकारेको पुरुषलाई दुवैले वहु तत्व सिद्ध गरेको एवं पुरुषको स्वरुप कणादको आत्माको स्वरुपसँग मिलेको हुनाले पुरुष र आत्मा एकै हो भन्दा अत्युक्ति हुँदैन जस्तै :—

(१) आत्मा एवं पुरुष अनन्त एवं प्रति प्राणी भिन्न छन् ।

(२) दुवै अजर, अमर र अविकारी छन् ।

(३) कपिलको दृष्टिमा पुरुष स्वभावत: चेतन छ ।

(४ कणादको दृष्टिमा आत्मा चैतन्याश्रयत्वेन चेतन छ ।

५ कपिलले निर्गुण भनी समस्त गुणको निषेधन गरेर मोक्षावस्थाको पुरुषको स्वरुप देखाएका हुन् ।

६ कणादले सगुण भनेर सांसारिक आत्माको स्वरुप देखाएका हुन् ।

यसरी कणाद र कपिलका बीच सामञ्जस्य मिल्छ तापनि यो दुवै दर्शनहरुले पृथक अस्तित्व राखि वृद्ध आकार लिएका छन् । दर्शनको उद्देश्य ब्रह्माण्डका यावद व्यवस्थाको परिचय दिलाउनु हो र उसको आधार तर्क वितर्क तथा प्रमाणहरुको प्रतिस्पर्धा हो। यसको लागि दार्शनिक एक्लै पनि वादी प्रति-वादी भएर मतान्तर खोज्छ। मतान्तरबाट दर्शन अनुप्राणित, परिवर्धित, र परिमार्जित हुन्छ । अथवा सूत्र सूत्रको रुपमा अवस्थित हुने थिए। म पनि अहिले थाहा पाउँदैछु । न्याय सूत्रकार गौतमको उलामालामा लागेर कपिललाई धारे हात देखा-

---

सत्ता स्वीकार्छन् । प्रकृति क्रियाशील भएकोले क्रिया– प्रतिक्रिया द्वारा प्रकृति पुरुषको सम्बन्ध भएर सृष्टि भयो भन्ने कुरा र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उदै उनी लगायत उनका पक्षधरहरूलाई विष्टा खुवाउने वाचस्पति मिश्र त उनन्चास वायु पो रहेछन् ।

उनी न्यायमा न्यायवर्तिक तात्पर्य टीका, सांख्यमा सांख्य तत्त्व कौमुदी, वेदान्तमा भामती आदि आदि टीका लेख्तै जाँदा आफू जस्को फिल्डमा पुगिन्छ, उसलाई एकछिन अंगालो हालेर अरूलाई हुर्‍याउने गर्दा रहेछन् । त्यसैले हानाहान गरे भनेर कणाद या कपिल कसैमाथि दाह्रा किट्नु वा धारे हात लगाउनु व्यर्थ रहेछ । उनीहरूका बीचको हानाधाकको रहस्य चल्ल बल्ल खुल्यो त्यो त । 'वादे वादे जाय तत्त्वबोध, भने अनुसार घैंटामा घाम भर्ने कडी पो रहेछ ।

पङ्ग्वन्ध वद्‌भयोः सम्बन्ध ...... (सां. कां. २१) ले देखएको छ ।

(१) ईश्वरमा होस् या जीवात्मामा या निर्गुण भनेर कुनै पनि गुण छैनन् भन्नु युक्ति संङ्गत देखिदैन । ज्ञान सुख दुःख आदि गुणहरू भौतिक वस्तु शरीर आदिमा हुन नसक्ने भएकाले अलग जीवात्मा, कल्पना गरिन्छ भने सृष्टि र व्यवस्थामा बुद्धि लगाउने भनेर ईश्वरको कल्पना गरिएको हो । ज्ञान आदि गुण नै छैनन् भन्ने हो भने ईश्वर त भेडा गोठालो पनि हुन सक्तैनन्। त्यसैले कपिलले प्रमुख रूपमा व्याख्या गरेको सत्त्व (सुख) रज (दुख) र तमः (मोह) जस्ता गुण नहुनु नै निर्गुण शब्दको तात्पर्य हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाठ्य-पुस्तक तर्फ सदा नै दृष्टि दिंदै रहनु पर्छ

— छविलाल पोखरेल

धरान—१२

छात्रहरुमा कुप्रभाव पर्ने र असत्य कुरा देखनाका साथ त्यो कुरा हटाउने वारेमा सुझाव दिनु र पत्रिकाद्वारा विरोध चालु राख्नु आवश्यक छ । किन भने 'अब्रुवन् विब्रुवन्' वा ऽपि नरो भवति किल्बिषी (मनु ८/१३), असत्य कुरा थाहा पाएर पनि वोलेन अथवा असत्य वोल्छ भने पनि पाप लाग्छ भनेको छ ।

विद्वान् वा ना शर्माज्यूका "वेलायत तिर वरालिंदा' लेखहरु र अमेरिकामा वैदिक विहा गराएका काम समेंत बुझेर खुसी लागेकै छ ।

तर अचेल ६/१० कक्षाको पाठ्य-पुस्तक पृष्ठ १० मा शीर्षक— "महादेवले पनि हार्नु परेछ" भन्नेवाट थालेको छ । महादेवले पानी रोक्न प्रयत्न गरे, तर सकेनन् इत्यादि लेखेर "महादेवको सम्मान नभएको पनि भन्लान् तर उपत्यकाका किसानहरुमा चलेको लोक कथा हो" भनेको र त्यहीं 'महादेव टन्न धतुरो, गाँजा, भाङ, खाएर" इत्यादि समेत देख्ता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आश्चर्य लाग्यो । हाम्रा समाजमा शिव, पशुपति, रुद्र, महादेव आदि नामबाट परमेश्वरको उपासना, जप, पाठ-पूजा आदि गर्दै छौं तर हाम्रा सन्तानमा चाहिं अलिकति पनि शक्ति नहुँदा महादेवले पानी रोक्न सकेनन्, धतुरो, गाँजा, भाङ, खाएर टन्न मातेर बस्ता रहेछन्, भन्ने भावना जाग्न सक्ने कुरा पढाउनु अति अनुचित हो। ताना शर्माज्यूको लहड हो। तर शिक्षा आयोगले ता गाँजा खाएको भिएन, किन पाठ्य क्रममा राख्न आवश्यक ठहराएछ? आश्चर्य लाग्यो । वेद-शिवपुराण आदिमा पनि शिव, रुद्र आदि नामले परमेश्वरको स्तुति गरिन्छ, तर धतुरो, गाँजा, भाङ खाएका कथा त्यहाँ भेटिदैनन् । नेपालमा भाङ, धतुरो, गाँजा खाएका कथा सुनाउने र गाँजा— भाङलाई शिव बूटी भन्ने पनि गर्दथे । एक थरी जोगी गाँजा खान्थे। तर ती सब विकृति हुन् । तेस पाठ्यपुस्तकवाट पनि त्यो विकृति ल्याउन अथवा महादेवलाई शिवलाई भगाहा, गँजडी भन्न ता संभवै छ।

हुन ता कैयौं स्तोत्रहरुमा शिव, रुद्र, महादेवलाई चिताको खरानी लाउने, मरेका मान्छेका टाउकाको माला लगाउने नाङ्गा— भन्दै प्रार्थना गरेको पनि छ। तर आद्य शंकराचार्यको समयमा यस्तो कापालिक सम्प्रदाय थियो । त्यस्तै शाक्त सम्प्रदायमा देवीलाई रक्सी चढाउने र सौर सम्प्रदायमा सूर्यको अर्घ रगतले दिने चलन पनि थियो । आद्य शङ्कराचार्यले तेस्ता तामसिक सम्प्रदायका गुरुहरुका साथ शास्त्रार्थ गरी राजाको समेत सहयोगवाट सो तामसिकरुप समाप्तगरी सात्विक रुप र पूजा जहां तहाँ चालु गर्नु भयो। इत्यादि कुरा विद्वान् गोपाल निधि तिवारीज्यूको 'शंकराचार्य— चरित्र भन्ने पुस्तक वाट स्पष्ट हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्को असत्य कुराको प्रचार गर्ने पाठ्य पुस्तक ९/१० कक्षाको (२) इतिहास' मा शीर्षक 'ऋग्वेदकालीन आर्यसभ्यता' बाट थालिन्छ । 'आर्यहरु फारसबाट काबुल हुँदै ४५ सय वर्ष अघि आए, मद्यपान गर्थे, गाई खान्थे, बहुदेवता पूजा गर्थे उत्तर वैदिककालमा मात्र आत्मा—परमात्मा बारेमा चर्चा हुन थाल्यो।' अर्को ठाँऊमा "सिन्धु सभ्यता द्रविडको थियो, आर्यहरुले ध्वस्त पारे" इत्यादि पनि पढ़ाइदैछ । पाँच कक्षाका पाठ्य-पुस्तकमा मास्तिर बाँदरको तसवीर राखेर, हाम्रा पुर्खा बाँदर थिए र उनैबाट विकसित भएका हौं" इत्यादि भनेको छ। तर ९/१० कक्षमा तस्बीर लेखेर डार्विनको विकासवादी सिद्धान्त भन्ने लेखेको भए पनि देखिदैनथ्यो । तर पाँचौ कक्षामा देखाउनु ठीक होइन । आर्यहरु आफूलाई आर्य ता भन्दथे तर त्यो 'आर्य' शब्दको जात' भन्ने अर्थ होइन । उत्तम, सभ्य श्रेष्ठ, सद् व्यवहार गर्ने । सब मनुष्यलाई र उत्तम पशुलाई समेत आर्य भनेको कुरा वेद, रामायण र महाभारतको र बौद्ध ग्रन्थहरुबाट समेत स्पष्ट हुन्छ। बुद्धको उपदेशमा चार आर्य सत्य, आर्य अष्टांगिक- मार्ग वताउदा र अश्वघोषको 'बुद्ध चरित्तम्' को २०, २१ २२, सर्गहरुमा उत्तम कामलाई आर्यकाम, खराब कामलाई अनार्यकाम भनेको छ । अझ सर्ग २१ को श्लोक ६५ मा सारै दुष्ट हात्तीको नगीचमा पुगेर बुद्धले हात्तीलाई उपदेश गर्नु भएका छ । त्यो हात्ती ता आर्य बनेछ। सबै मानिसले दुष्ट हात्तीलाई आर्य बनाउने बुद्धको र आर्य बनेको हात्तीको समेत प्रशंसा गरे भन्ने इत्यादि कुरा— "जगुर्मुनियशः शुभ्रं केचिद्चुर्गजार्बतां, आनर्चुः सुगतं चान्ये गजराजं तथाऽपरे (बुद्धचरित सर्ग २१ श्लोक ६५)" ले भन्छ बाल्मीकि रामायणमा वानर र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राक्षस जातका वाली सुग्रीवलाई र रावणलाई समेत आर्य भनेको छ। अंग्रेजी शासन थाले पछि मात्र फूट गराई शासन स्थिर गर्न र इसाई बनाउन आर्यहरु विदेशी, आक्रमण, (बाप वैरी हुन्) किरात द्रविण आदि अनार्य हुन् इत्यादि असत्य इतिहास तयार गरी पठाएथे। त्यहा पढेका विद्वान्हरु शिक्षा विभागमा हुँदा पाठयपुस्तक तयार गरी पठाउदै छन् शीर्षक 'रामशाहको जीवनी' (पृष्ट ६७–७१ मा युधिष्ठिर सम्वत ४७०७ र विक्रम सम्वत् १६६३, छ। पाँच हजार वर्ष अघि युधिष्ठिर हस्तिनापुरमा थिए। ती भन्दा पुराना 'राम' हुन्। रामका पुरुखा पुराना रघु फारसमा गएर युद्धमा जितेर सन्धि गरेर उनका साथ भारत आई विश्वजित यज्ञ गरी उनलाई सम्मान विदा गरे भन्ने कुरा विक्रमादित्यका सभासद्कालिदासको रघुवंशको चारौं सर्गमा छ।

हाम्रा पुराना ग्रन्यहरुमा कयौं कल्पित कथाका साथै सत्य इतिहास पनि छन्। तिनलाई रद्दी ठहराई अरुकै भनाई तर्फ लाग्दा कागले कान लग्यो भन्दा आफ्नु कान न छामी काग तर्फ कुद्नु जस्तो मात्र हो।

वैदिक आर्य यहींका हुन् इत्यादि कुरा ऋग्वेद देखिका ग्रन्थहरुवाट स्पष्ट हुन्छ। जेन्दावेस्ता प्रमाण भन्ने जरथुस्त्री आर्यहरु वसाई सर्दै यहाँवाट पारस (फारस) गए। मुसलमानी आक्रमण हुँदा कयौं मुसलमान बने हुनन्। भारतमा १२/१३ लाख भन्दा वेसी आएर बसे निकोबार द्वीपतर्फ पनि गएर बसेका र लासलाई अग्निदेवमा पोल्न र पृथिवी मातामा पनि गाड्न नहुंदा गिद्ध आदिलाई खान दिने धर्म आफै भन्दछन् र उनका मुख्य परमेश्वर अहुर मज्दा (महा असुर) हुन्। लास गिद्धले खाए पनि हाड र विसा पिसाप गर्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ठाँउ ता माता पृथिवी वाहेक अरु छैन।

सुरापानको दोष ऋग मन्त्र (७।८६ ६) ले पनि दे ाउँछ। गो वध निषेध गर्ने धेरै ऋग्वेद मन्त्र छन् । ऋक्‌मण्डल ७ सूक्त २८ का ८ मन्त्रले, ८ मण्डलको सूक्त १० को सोह्रौं मन्त्र ले र अरुले पनि कडा गरी निषेध गरेको छ तर हाम्रो उपनयन आदि १६ संस्कार बताउने अति उत्तम ग्रन्थ बनाउने पारस्कार गृह्य सूत्रको बिवाह प्रकरणमा अर्घले सत्कार गर्दा गाईको मासु समेतको अर्थ गर्नु भन्ने कुरा "नत्वेव अमांसो अर्घः स्यात्" भनेर "माता रुद्राणां (ऋक ८।१०।११५)' भन्ने मन्त्र देखाएको छ। तर तेस मन्त्रले ता "मा गामनागाम- दितिं वधिष्ठ" अर्थात निरपराध (निर्दोषी) गाई मार्न हुन्न भनेको हुँदा ऋग्वेद भरमा गोवध गर्ने मन्त्र न भेटेर त्यो मन्त्र लेखेछन् भन्ने कुरा स्पष्ट हुन्छ। झन् २ हजार वर्ष एताा भव भूति कविले पनि "कपिला मडमडायिता" लेखेर "न त्वेव अमांसो अर्घः स्यात्" कै पुष्टि गरेछन् । गोबधनिषेधमा सफ- ल भएको नेपालमा ऋग्मन्त्रसमेत देखाउन सक्नु पर्थ्यो त्यो नहुँदा वेद नहेरी अरुकै पछि कुदेको स्पष्टैछ। तेस्तै शम्बूक शूद्रले तप गरेका पापले ब्राह्मणपुत्र उठेछ, भन्ने कुरा जस्तै मूर्खले पनि नपत्याइ भवभूति जस्ता विद्वान्‌ले पनि लेखे- कोमा आश्चर्य छ। ऋग्वेद मण्डल १० सूक्त १२१ का १० मन्त्रले र नासदीय सूक्तले एक परमेश्वर वताएको छँदा छदै अनेक देवता पूजा गर्थे इत्यादि पढाउनु अनुचित देखियो। अझ अग्नि, यम, वायु आदि नामले स्तुति गरेकोमा पनि— "एकं सद् विप्रा बहुधा वदन्ति, अग्नि, यमं मातरिश्वान- माहुः (ऋक् १।१६४।४६)" ले नै एउटै ईश्वरलाई इन्द्र, मित्र, अग्नि, यम, वायु आदि नामले पनि स्तुति—प्रार्थना गरेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हो, समेत भनेको छ।

उसवेला संस्कृत श्लोक वा वाक्यले जे भन्यो सत्य माने भवभूति आदि विद्वान् समेत लिए। अचेल चाहिं अंग्रेजी शासनमा शासन स्थिर गर्न इसाई बनाउन हामीहरुमा फूट गराउने उद्देश्यले तयार गरेको पाठ्य-पुस्तक अनुसारैका पाठ्य पुस्तक नेपालमा समेत पढाईदैछ। अंग्रेजी शासन भारतबाट गए पनि उनको दिमागी शासन फैलाइंदै छ। भारत— दिल्ली-को हिन्दी ६ कक्षाको पुस्तकमा "प्राचीन भारत, वैदिक युगका जीवन" शीर्षकबाट र यहाँ "ऋग्वेदकालीन आर्य सभ्यता" शीर्षकबाट अति असत्य कुरा पनि पढाइदै छ।

हरिबहादुर श्रेष्ठद्वारा
लिखित
नेपाल संबन्धी नवीनतम ज्ञानको संगालो
नेपाल परिचय
बजारमा उपलब्ध छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रामायणका प्रमुख घटनाका केही तिथि मिति

— टीका प्रसाद शर्मा (वस्ती)
सह-प्राध्यापक
महेन्द्र संस्कृत विश्व-विद्यालय
पिण्डेश्वर विद्यापीठ, धरान

राम कथा विशाल छ र यसको साहित्यिक रुप पनि महान् छ, विविध प्रकारको छ। यसले कुन कुन देशमा पुगेर कुन कुन रुप लिएको छ— यसको अध्ययन पनि कम रोचक छैन। राम कथा, रामायण, यो हाम्रो प्राचीन सम्पत्ति हो, यसमा हाम्रा संस्कार, आदर्श, मर्यादा, अस्तित्व, वन्धुत्व आदि थुप्रै थुप्रै अनमोल, अविनाशी प्रयोजनीय- पदार्थहरु छन्। यिनबाट हामी - हामी बन्न सक्छौं — बनेका छौं। अनन्त काल सम्मको हाम्रो प्रेरणा- श्रोत यो रामायण वा रामकथा— विस्तृत छ, विशाल छ, व्यापक छ। यो प्रेरणा को मुहान देश र कालको परिधिबाट निर्मुक्त छ, एकातिर भने अर्कातिर रामकथामा देश र कालका केही संकेत, तथ्य-हरु पनि पाइन्छन्। रामकथा रामायणका यस्तै प्रमुख घटनाका, विशेषत: उत्तरार्धवटिका केही तिथि-मिति विज्ञ- जन समक्ष, यहाँ प्रस्तुत गरिन्छन्।

१ — (क) अयोध्याका सूर्यवंशी राजा दशरथका जेठा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छोरा श्रीराम चन्द्रको जन्म चैत्रशुक्ल नवमी बुधवार भएको हो, त्यस्तै राजा जनककी छोरी सीता वैशाख शुक्ल नवमीकी हुन् ।

(ख) श्री राम चन्द्रको विवाह १५ वर्षको उमेरमा मंसिर शुक्ल पञ्चमीका दिन जनक-नन्दिनी सीतासँग भएको हो, यस बेला सीताको उमेर ६ वर्षको थियो ।

(ग) विवाह पछि १२ वर्ष सम्म अर्थात् २७ वर्षको उमेर सम्म श्रीराम सीताका साथ अयोध्यामा आनन्दले रहे ।

२ — (क) वैशाख शुक्ल पञ्चमीका दिन, राजा दशरथले श्रीरामलाई युवराज पदमा प्रतिष्ठित गर्न चाहेको कुरा थाह पाएर त्यसको अघिल्लो दिन वैशाख शुक्ल चतुर्थीका दिन महारानी कैकेयीले माँजी हालिन् र भोलिपल्ट अर्थात् युवराज पदमा अभिषिक्त हुने दिन वैशाख शुक्ल पञ्चमीमा २७ वर्षको उमेरमा श्री राम १४ वर्षका लागि वनतिर लागे । त्यस बेला १८ वर्षको सीता र भाइ लक्ष्मण पनि साथ लागे ।

(ख) वनवास लागेका श्रीराम तमसा नदी किनार, गंगा किनार, रुखमुनि र ऋषि भरद्वाजका आश्रममा समेत वास बस्तै पाँचौ वैशाख शुक्ल नवमी— दिन चित्रकूट पुगे र महर्षि वाल्मीकिको आश्रम निकट उनकै, सल्लाह अनुसार एउटा रमणीय स्थानमा पर्ण कुटी बनाई बस्न लागे ।

३ — (क) चित्रकूटमा अयोध्याबाट आईरहने प्रजाहरुको घञ्च मञ्च भै रहने भएकाले श्रीराम केही दिन पछि महर्षि अत्रिको आश्रम हुंदै, दण्डकारण्य तिर लाग्छन् । बीचमा आई लागेको राक्षस विराधलाई समाप्त गरी, ऋषि-मुनिहरुका आश्रम हुंदै केही दिन महर्षि सुतीक्ष्णका आश्रममा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बिताई, पञ्चाप्सर तीर्थ हुदै महर्षि अगस्त्यका आश्रममा पुग्छन् । त्यहाँ अगस्त्यको राम्रो प्रभाव छ । उनीबाट खातिर गरिएका रामले दिव्यास्त्र समेत प्राप्त गरे र उनक सल्लाहमा गोदावरी नजिक पञ्चबटीमा गै बसे । यहाँ नजीकको पहाडमा रामको गृद्धराज जटायुसँग भेट भयो । पञ्चबटी रामलाई खब मन पर्छ र त्यही रम्दछन् । यतिञ्जेलमा रामले अयोध्या छोडेको १२ वर्ष र ६ महिना हुन्छ ।

(ख) यता रामले राक्षसहरुबाट ऋषिहरुमा भएको उपद्रव दती वृद्दै जान्छन्, उता ऋषिहरुको रामप्रति भरोसा बढ्द जान्छ र राक्षसहरुमा त्रासौं, खल्बुली मच्चिदै जान्छ । यस प्रसंगमा एक दिन छक्याउन आएकी शूर्पणखा आफैं घाइ बिई— विरुप भै दाइ रावणकहाँ लङ्कामा गुहार माग्न पुग्छे । अनि मानौं यसैको प्रतिफलमा —

(ग) मायावी रावणले छल गरी सीता- हरण गर्दछन, यो दिन माघ महिना कृष्णपक्ष, अष्टमी तिथि, मध्य दिन, वृन्द नामक मुहुर्त्तको थियो ।

(घ) यसको भोलिपल्ट, आकाश मार्ग गरी गएका रावणले लङ्का पुगी, आफ्नो उत्तम अशोक उपवनको सिसवा रुखमनि, सीतालाई राक्षसीहरुका कडा पहरामा राखे । यसै दिन अर्थात् माघ कृष्ण नवमीका दिन सीता खोज्दै गएका रामले जङ्गलमा घायल जटायुलाई भेटे । जटायुले सीतालाई राक्षसले हरण गरी दक्षिण तिर लगेको सम्म बताउन भ्याए । यो लोकबाट विदा भएका जटायुको रामले तत्काल उत्तम सद्गति गरि दिए।

४ (क) राम अघि बढ्! पम्पा- सरोवर नगीच मतङ्गा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रममा दर्शनको, लामो समय देखि बाटो हेरिरहेकी, शबरीलाई भेटे। अनि अगाडि हनुमानलाई भेटे र उनको माध्यमबाट वानरराज सुग्रीव संग मुलाकात र मित्रता भयो। बाली समाप्त भयो। सुग्रीबले किष्किन्धा राज्य पुनः पाए। अब सीताको खोज—खवर सुरुभयो। यसक्रममा वानरहरु चारै तिर छरिए। दक्षिण तर्फ हनुमान, जाम्बवान् र युवराज अंगदहरु खटिए। ज्यादै विश्वास गरी हनुमानहात आफ्नो चिनो औंठी पनि रामले दिइपठाए। यिनीहरु सीतालाई खोज्दै दक्षिण— समुद्रको किनार पुगे। सीता मिलिन्। त्यहाँ यिनीहरु निराश—प्राय भै तर्क वितर्कमा थिए। नजीकैको पहरा गुंडबाट जटायु- भ्राता सम्पतिले 'सीता लङ्का मा छन्। रावणले लगी अशोकवाटिकामा राखेकोछ' भनी शुभ-कुरो गरे। यो दिन थियो मार्ग शीर्ष शुक्ल—मोक्षदा-एकादशी सीता हराएको दसमहिना पछिको कुरो, विहान।

(ख) समुद्र तर्न र फिरेर आउन पनि सक्ने वलिया वीर हनुमान ठहरिए र उनले यस पछि यसै (मार्ग शुक्ल एकादशी) दिन- आकाश मार्ग गरी लङ्का प्रस्थान गरे, लङ्का पुगे, रातभरि सीताको खोजी गरे र भोलिपल्ट द्वादशीका दिन उज्यालो नहुँदै सीताको दर्शन अशोक वाटिकामा पाउँछन्। दिन, सीसौको रुखमा लुकी, विताई रात्रिमा सीता संग भेट गर्छन्।

(ग) मार्ग शुक्ल त्रयोदशी- चतुर्दशी, दुईदिनमा सुइंको पाएर लड्न आएको रावण-सुत अक्षय कुमारलाई हनुमानले न फिर्नेबाटो पठाए पछि, इन्द्रजितले नागपाशले बाँधेर दरबार पु-याइएका हनुमानबाट रावणलाई उद्बोधन र रिसाएका रावणबाट प्रेरित राक्षसहरुबाट पुच्छरमा आगो झोसिएका वायुपुत्र हनुमान्बाट लङ्का दहन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(घ) यति काम पूरा गरी सीता सँग विदा भै चिनो चुडामणि पाई. समुद्रवारी फिरेका हनुमानले सबै साथी संग यथार्थ वताए। यो दिन थियो। मार्ग शुक्ल पूर्णिमा।

(ङ) मार्ग कृष्ण प्रतिपदा देखि पञ्चमी सम्म ५ दिन फिर्दा बाटामा खर्च गरेर मार्ग कृष्ण षष्ठीका दिन, सुग्रीवका मामा दधिमुखका संरक्षणमा रहेको राजकीय उपवन-मधुवन, कृतकार्य भै फिरेको त्यस वानरी सेनाले, हर्षोल्लासमा, सखाप पारेको पत्तै पाएन।

(च) त्यसका भोलिपल्ट मार्ग शीर्षकृष्ण सप्तमीका दिन हनुमानवाट श्रीराम- सुग्रीव समक्ष सीतालाई भेटेको सबै वृत्तान्त बताइनु।

यसरी, सीता हराएको ठीक दश महिना पछि श्रीरामले सीताको सही पत्तो पाए।

४ — (क) यसका भोलिपल्ट मार्गकृष्ण अष्टमी, उत्तर फाल्गुणी नक्षत्र, विजय नामक मुहूर्त्तमा श्रीरामको लङ्का विजयको लागि प्रस्थान।

(ख) मार्गकृष्ण नवमी देखि औंसी सम्म, सात दिन लगाएर समुन्द्र तटमा पुगियो र सैन्यनिवेश गरियो।

(ग) पौष शुक्ल प्रतिपदा देखि तृतीया, तीन दिन सम्म श्रीरामबाट समुन्द्रको उपासना।

(घ) पौष शुक्ल चतुर्थीमा रावण तिरष्कृत एवं संत्यक्त विभीषणको श्रीरामको चरणमा आगमन।

(ङ) पौष शुक्ल पञ्चमीका दिन समुन्द्र- सन्तरण-विषयमा मन्त्रणा।

(च) पौष शुक्ल अष्टमी देखि नवमी सम्म, ४ दिन श्रीरामबाट प्रायोपवेश व्रत, समुन्द्रबाट बरदान एवं सन्तरण-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपाय कथन।

(झ) पौष शुक्ल दशमीदेखि सेतुबन्धन- प्रारंभ, त्रयोदशी (४ दिन) मा समापन ।

(ज) पौष शुक्ल चतुर्दशीका दिन श्रीरामबाट सुवेल पर्वतमा, सेना सन्निवेश ।

(झ) पौष शुक्ल पूर्णिमा १ दिन पौष कृष्ण प्रतिपदा र द्वितीया समेत तीन दिन लगाई, सेनालाई सेतुबाट समुन्द्र-तारो, पारी पु-याइयो ।

६ — (क) पौष कृष्ण तृतीया देखि दशमी सम्म आठ दिनमा- सेना निवेश एवं लंकाको घरा वन्दी ।

(ख) पौष कृष्ण एयादशीमा शुक र सारणको श्रीराम कहाँ आगमान ।

(ग) पौष कृष्ण द्वादशीका दिन तयारीको अवलोकन र सेनाको गणना।

(घ) पौष कृष्ण त्रयोदशी, चतुर्दशी र औंसी ३ दिन रावण तर्फको सेना-सन्निवेश, लेखा गणना र युद्धको तयारी !

(ङ) माघ शुक्ल प्रतिपदाका दिन युवराज अंगदको दौत्यकर्म र असफलता।

(७) –(क) माघ शुक्ल द्वितीया देखि अष्टमी सम्म ७ दिन वानर र राक्षसको घनघोर युद्ध ।

(ख) माघ शुक्ल नवमीको रात्रीमा इन्द्रजितबाट नागपाशले रामलक्ष्मण बन्धन् ।

(ग) माघ शुक्ल दशमीमा दिन, गरुड आएर राम-लक्ष्मण लाईनागपाशबाट फुकाइदिनु अनि शेष दशमी र एकादशी दुई दिनको युद्धाबहार (विश्राम)

(घ) माघ शुक्ल द्वादशीका दिन धूम्राक्षको र त्रयो-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दशोका दिन- अकम्पनको हनुमानबाट बध ।

(ङ) माघ शुक्ल चतुर्दशी, पूर्णिमा र माघ कृष्ण प्रतिपदा का यी ३ दिनले, नीलबाट प्रहस्त राक्षसको बध ।

(च) माघ कृष्ण द्वितीया, तृतीया र चतुर्थी यी तीन दिन श्रीराम र रावणको घमासान युद्ध, समर भूमिबाट रावण लखेटिनु।

[छ) माघ कृष्ण पञ्चमीदेखि अष्टमी सम्म ४ दिनले रावणले कुम्भकर्णलाई जगाउनु र कुम्भकर्णको खानपान आदि ।

(ज) माघ कृष्ण नवमी देखि द्वादशी सम्म ४ दिन समरांगणमा वीर कुम्भकर्णको पराक्रम, अन्त्यमा श्रीरामबाट मरण । बाँकी माघ कृष्णअमावस्या सम्म राक्षसतर्फ भारि शोक र युद्ध बिश्राम ।

(८) (क) फाल्गुन शुल्क प्रतिपदा देखि ४ दिनले नरकान्तक आदि ५ राक्षसको संहार, २) पञ्चमी देखि सप्तमी सम्मका ३ दिनले अतिकायको समाप्ति । ३) अष्टमीदेखि द्वादशी सम्म ५ दिनले निकुम्भ- कुम्भ राक्षसहरुको समापन, ४) त्रयोदशीदेखि पूर्णिमा सम्म ४ दिन र फाल्गुन कृष्ण प्रतिपदा समेतले मकराक्षलाई धराशायी गराइयो, (५) फागुन कृष्ण द्वितीयाका दिन इन्द्रजित पराजित, [६] फागुन कृष्ण तृतीया देखि सप्तमी सम्म ५ दिन, इन्द्रजित प्रयुक्त ब्रह्मास्त्रले मूर्च्छित राम–लक्ष्मण समेत समस्त वानर सैन्यलाई, ब्यूताउन, जाम्बवान— सम्मत हनुमानबाट हिमालयबाट दिव्यौषधि— सञ्जीवनी ल्याउनमा बिते । यस वेला युद्धस्थगित रह्यो ।

(ख) फागुन कृष्ण अष्टमीका दिन, रावणबाट रामसमक्ष, मायासीतावध । राम शोक र शेष दिन सैन्यावधारण युद्धस्थगित ।

(ग) फागुन कृष्ण नवमीदेखि त्रयोदशी सम्म ५ दिन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ईन्द्रजितसँग लक्ष्मणको टक्करको युद्ध, त्रयोदशीका दिन इन्द्रजितको वध।

(घ) फागुन कृष्ण चतुर्दशीका दिन पुत्र शोक- सन्तप्त रावणबाट अवहार (युद्धविश्राम) दीक्षाग्रहण र औंसीका दिन युद्धका लागि पुनः प्रस्थान।

(ङ) चैत्र शुक्ल प्रतिपदाबाट पञ्चमी, ५ दिन सम्म रावणको आश्चर्यकारी घनघोर युद्ध, यसमा धरै राक्षस बीरहरुले प्राण गुमाए। षष्ठी देखि अस्टमी सम्मका-३ दिन मा रावणको बल क्रमशः घट्तै जानु, श्रीमरामले यस वेला विरथ तुल्याए।

(च) चैत्र शुक्ल नवमीमा रुष्ट रावण- प्रयुक्त--शक्ति बाट लक्ष्मण—मूर्च्छा अति क्रुद्ध श्री रामबाट वाणको पर्रा छोडी रावणलाई समराङ्गणबाट भाग्न बाध्य तुल्याउनु। विभीषणोक्त ढङ्गमा हनुमानको भयङ्कर युद्ध एवं द्रोणाचलबाट विशल्या— बूटो ल्याई लक्ष्मणलाई छ्यूँताउनु।

(छ) चैत्र शुक्ल दशमी, दिउसो युद्ध- विराम (विश्राम) तर राति— राक्षसहरुबाट युद्ध प्रारम्भ।

(ज) चैत्र शुक्ल द्वादशीका दिन इन्द्रले पठाएको विजय रथली सारथि मातलि श्रीरामका अगाडी उपस्थित भए।

(झ) चैत्र शुक्ल द्वादशी-- त्यसै दिन—देखि चैत्र कृष्ण चतुर्दशी सम्म जम्मा १८ दिन राम र रावणको वेजोड अति भयानक, दूरत्ययुद्ध, एवं त्यसै चतुर्दशीका दिन श्रीराम-बाट रावण—वध र युद्ध समाप्ति।

(ञ) चैत्र कृष्ण अमावस्याका दिन रावणादि स्वर्गत राक्षसबीरहरुको दाह संस्कार।

१०. यो राम— रावण — युद्ध माघ शुक्ल द्वितीयादेखि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चैत्र कृष्ण चतुर्दशी सम्म जम्मा ८७ दिन चल्यो। यस बीच पटक पटक गरो १५ दिन युद्धावहार (विश्राम) भएकोले पूरा युद्ध ७२ दिन मात्र भएको थियो।

१० (क) वैशाख शुक्ल प्रतिपदाका दिन श्रीरामको रण-भूमिमै वास– विश्राम। (ख) द्वितीयाका दिन विभीषण ो राज्याभिषक, (ग) तृतीयामा, अक्षय्य तृतीयामा— सीता शुद्धि (घ) वैशाख शुक्ल चतुर्थीमा पुष्पक विमानद्वारा श्रीरामको सपरिवार अयोध्या प्रस्थान। (ङ) वैशाख शुक्ल पञ्चमी (बनवास १४ वर्ष पूरा भए) का दिन, प्रयागमा महर्षि भरद्वाजको आश्रम सम्म मात्र पुगी विश्राम। (च) षष्ठीका दिन नन्दिग्राम पुगी श्रीरामबाट भरत— मिलन। (छ) वैशाख शुक्ल सप्तमीमा श्रीरामको अयोध्यामा, राज्याभिषेक।

११ (क) माघ कृष्ण अष्टमी देखि वर्ष दिन पछि पर्ने वैशाख शुक्ल तृतीया सम्म १४ महिना र १० दिन जनकनन्दिनी सीताले, रामबाट वियुक्तरही दुःख काट्नु प-यो।

(ख) राज्याभिषेकको समय श्रीरामचन्द्रको उमेर ४१ वर्षको थियो भने महारानी सीताको उमेर ३२ वर्षको थियो।

□

स्कन्दमहापुराण ब्रह्मखण्ड, पूर्व भागको धर्मारण्य (खण्ड) र अन्यत्र बाट पनि संकलित गरिएका आधारमा। —लेखक

हरि प्रबोधिनी एकादशी

—: २०५१ :—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सांस्कृतिक परिचय—

माईको परिक्रमा

— नारायण प्रसाद शर्मा (कट्टेल)
सह-प्राध्यापक
म. सं. वि. वि. पिण्डेश्वर विद्यापीठ
धरान

पूर्वाञ्चल क्षेत्र लाई सिञ्चत पवित्रिकृत पार्दै हिमालयदेखिनै प्रभावित हुदै आउने सप्तकोशीको परिधि भित्र अवस्थित रुद्राक्षारण्य पञ्चकोश क्षेत्र भन्दा करीब ६० किलो मिटर पूर्व सतासी धाम र फन्काइ माईको दर्शन पर्न पाइन्छ । मेची अञ्चलमा पर्ने इलाम र झापा जिल्लाको बीच भामबाट पाखा पर्वत घुम्दै महाभारत श्रृङ्खलाबाट निसृत माई नामले प्रसिद्ध यी नदी, सतासीधाम गा. वि. स. ८ र सुरुङ्गा गा. वि. स. ४ का बीच बीचै ओर्लिएर पूर्व पश्चिम राजमार्गबाट दक्षिण तिर लागी महानदीलाई भज्दै छिमेकी राष्ट्रको विहार प्रान्त तिर उन्मुख हुन्छिन् । सतासीधाम समीपवर्ती क्षेत्र यी नदीबाट सिसिञ्चित भएको छ, त्यसैले पनि हिजो आज यस धामको निकै महत्व रहन गएको छ ।

मेची अञ्चल झापा जिल्लाको महेन्द्र राजमार्गमा पर्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

झिलझिले भन्ने ठाउँबाट उत्तर लागे पछि महाभारत पर्वत मालाका काखमा रहेको सतासी धाम चुनढुङ्गा र कमेरे माटोले बनिएको हुंदा, त्यहाँ विशेष मेला पर्वमा दर्शनार्थीका रुपमा जाने भक्तजनहरुले जे जस्तो कल्पना गर्दछन् त्यही वस्तुको आकार प्रकार देखा पर्दछ। गाईका चारै थुनबाट निस्किएको दुग्ध धाराको परिकल्पना एकातिर गर्न सकिन्छ भने अर्को तिर शिवलिङ्ग र शिवजीकै आभुषण सर्पका विविध आकार प्रकार पनि त्यहाँ नदेखिने होइनन्। प्राकृतिक वन सम्पदा युक्त यस क्षेत्रमा पाण्डवहरु गुप्तवास वसी, सतासी धाम गा. वि. स. ७ मा अवस्थित चिलना गढ पोखरीमा महान् यज्ञ गरेका थिए भन्ने जनश्रुति पनि पाइन्छ। त्यस पोखरीका वरिपरि यज्ञ वेदीका पाँचवटा माटाका थुम्का अद्यापि छदैछन्। कहिल्यै पनि पानी नसुक्ने यस पोखरीका बीचमा रहेको द्वापर काल युगीन अग्नि कुण्डमा भगवान विष्णु (कृष्ण) का पादुकाको चिन्ह समेत रहेको छ।

यस क्षेत्रलाई प्रकाशमा ल्याउने काम तेह्रथुम मोराहाङ निवासी श्री भवानी शङ्कर खतिवडाले गरेका हुन्। उनी घर गृहस्थीबाट वैराग्य लिएर आसाम गएका थिए। त्यहाँ एक दिन रात्रीमा स्वप्नामा यस क्षेत्रमा देवतै देवताको स्वरुप देखिएछ र यस धाममा आएर वि. स. १९८७ सालमा ४ जना पण्डित र अन्य पचासौं कर्मिष्ठ नैष्ठिक ब्रम्हणहरुलाई समेत वरण गरी विष्णु ज्ञान महायज्ञ गरे। त्यस महायज्ञमा दान धर्म गर्ने व्यक्तिहरुको घुइचो लाग्यो र सैकडौं गाईहरु धामका लागि अर्पण गरिए। केही धनराशी समेत जम्मा भयो। करीव पाँचवर्ष सम्म त्यस धामको सेवा गरी रहदा वस्ता श्री खतिवडाले गो सेवाको व्यवस्था गर्नुका साथै आँप कटहर-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

को बगैंचा समेत लगाए। त्यहाँ बिरेनून गन्धक मिसिएको जल, पहाडका कुना-काप्चाबाट निस्किएर तल कुण्ड तयार भएको हुँदा, विभिन्न उपचारको क्रममा धाममा उपस्थित हुने व्यक्तिलाई, श्री खतिवडाको हातबाट दिइएको गन्धक मिसिएको जल माटोले औषधीको काम गर्दथ्यो र सबै सन्तुष्ट भएर जान्थे। श्री खतिवडाले वि. सं. १९८७ सालमा विष्णु याग गरेपछि नै यस धामलाई सतासी धाम भनिएको हो। वि सं. १९९२ सालमा श्री खतिवडा दिवंगत भए पछि नागाबाबाले २०३१ साल सम्म र त्यस पछि २०४२ सम्म पाँचथर फिदिममा जन्मिएका आबाल ब्रह्मचारी श्री कैलाश गिरीले पुजारीका स्थानमा रहेर धामको सुरक्षा गरे। अहिले पौडयाल परिवारका एक जना ब्राह्मण त्यस धाममा पुजारी का रुपमा रहेका छन्। बाचा चतुर्दशी र माघे संक्रान्तिमा यहाँ विषेश मेला लाग्दछ र भक्तजनहरुले चढाएको भेटीघाटी बाट नै दैनंदिनी पूजाआजा सम्बन्धि कार्य सम्पन्न गरिन्छ। पूर्व पश्चिम राजमार्गमा यातायातको विस्तार हुँदै गए पछि पश्चिममा जनकपुर पूर्वमा नेपाल बाहिर दार्जिलिङ्ग आसाम सम्मका मानिस दर्शनार्थीका रुपमा आउने जाने गर्दछन्।

एकातिर सतासी धाम-जस्तो तीर्थ स्थल नेपालका विभिन्न धाम मध्ये एक धामका रुपमा रहेको छ भने अर्कोतिर कनकाई माईको छुट्टै महत्व छ। इलाम जिल्लाको देउराली डांडाबाट माइ पोखरीको दृश्यावलोकन गर्न पाईन्छ। कनकाई माईको उद्‌गम स्थल पनि यही नै हो। पहाडका पाखापर्वत डांडा कांडामा बटवाहरुले रुखका फेद, डांड़ाका थुम्काहरुमा ढुङ्गा थुम्याई देवी देउरालीको परिकल्पना गरी फूल, पात·

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पत्कर चढाउने गरेको हुँदा, यस मेलालाई देउराली भञ्ज्याङ, देउराली थान मानिएको हो । माईपोखरीको प्राकृतिक वनोट नौ कुनाको भएको हुँदा, नवदुर्गा, नवग्रह, नवनिधि नवखण्ड आदिको परिकल्पना समेत भक्तजनहरुले गर्ने गर्दछन् । कविवर माधव घिमिरेले- 'त्रिसप्तगङ्गा वहने वलेंसो' भनेझैं सप्तकोशी, सप्तगण्डकी, सप्तकर्णालीद्वारा सिञ्चित हिमवत खण्ड भएको हुनाले सप्तकोसीको पूर्वमा रहेकी यी माईमा पनि सप्त माईको सङ्गम भएको पाइन्छ । मूल प्रवाह कनकाइ माईको छ भने अन्य छ वटी माई बीच बीचका विभिन्न भञ्ज्याङमा मिसिंदै जान्छन् ती माइहरु हुन् — १- सुनमाइ, २- मह्ममाई, ३- शुक्रेमाई, ३- जोगमाई, ५- लुतीमाई, र ६- पुवामाई, या माईहरुका छुट्टा छुट्टै धार्मिक महत्व छ ।

गजुरमुखो देवीको मन्दिर समीपवर्ती पुवामाई सम्म आई पुग्दा सातै वटी माई एकै ठाउँमा भेला भएर दक्षिण तिर उन्मुख हुन्छन् । त्यस भन्दा पहिले कनकाइ माईलाई नमस्कार गर्दै नत मस्तक भएका सबै माईको प्रवाह र त्यस परिधि भित्र दुवै किनारामा रहेका वृक्ष, लता पत्थर आदि कनकाई माई तिरै उन्मुख भएको, ढल्किएको प्राकृतिक रमणीय दृश्य आज भोलि पनि देख्न पाइन्छ । तंछाड मछाड हिमालयबाट निस्किएका मुक्ति क्षेत्रबाट बाटो अलग अलग गरि होडबाजीका क्रममा प्रवाहित भएका- काली र सेतो गण्डकी को द्रुतगामी दृश्यलाई, यी माईहरुको अनवरत अवनत गतिले सम्झना दिलाउँछ । अनुसन्धान गर्दै जाने हो भने प्रकृतिको काखमा लुकामारी खेल्दै अगाडि बढ्दै गएका हृदयनिनादिनी यस्ता नदीहरुको तरलतरङ्गले विज्ञ भावुक महानुभावहरुको हृदयलाई अवश्य नै आत्मासात गरी आह्लादित गर्दै जानेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देउराली गा. वि. स. अन्तर्गत पर्ने माई पोखरीमा वर्षेनी माघे संक्रान्तिका दिन मेला लाग्ने गर्दछ। पहाडका पाखा भित्तामा बसोबास गरी घर गृहस्थी गर्ने विभिन्न भक्तजन-हरु वर्ष दिनको बाली-नाली भित्र्याए पछि, यस तीर्थस्थलमा माघे सक्रान्ति जस्तो पावन पर्वमा आई स्नान दानादि गरी आफ्नो जीवनलाई सार्थक बनाउने गर्दछन् । केही वर्ष यता यहाँ संस्कृत विद्यालय पनि सञ्चालन हुँदै आएको छ ।

महाभारत शृखलाबाट उंधो झरे पछि सप्तमाई (कन-काइ) को दर्शन गर्न पाइन्छ । यस क्षेत्रमा वि. सं. २०२४ साल देखि पूर्व पश्चिम राजमार्ग यातायात पूर्णरुपमा चल्न थालेकाले पूर्वी भेग नेपालका संखुवासभा, ताप्लेजुङ तेह्र-थुम, धनकुटा झापा, मोरङ, सुनसरी र नेपाल बाहिरका आसाम, विहार, दार्जलिङ आदि ठाउँहरुबाट भक्त जनहरु दर्शनार्थीका रुपमा आउने गर्दछन् । महामाईलाई सम्झिएर पूजा- अर्चनाको क्रममा भाकल गर्ने मानिसहरूको घुइचो विशेषत: प्रत्येक महिनाका शनिवार मंगलवार लाग्ने गर्दछ। माइधारका दुबै किनारमा विभिन्न मठ मन्दिर र संस्कृत विद्यालयहरु रहेका छन् माईको पश्चिम किनारमा वि. सं. २०१८ साल माघ १ गते स्थानीय बुद्धिजीवी श्री धरणीधर निरौलाको सक्रियतामा श्री लक्ष्मी नारायण मन्दिर र त्यसै वरिपरि भित्र श्री आदर्श संस्कृत वेद विद्यालयको स्थापना गरिएको छ । २०३४ सालमा योगीराज कमलनयनाचार्य ज्यूको त्यहाँ आगमन भए पछि, त्यसै सालको चैत्र महिनामा श्री लक्ष्मी नारायण भगवानको प्राण प्रतिष्ठा समेत गरियो । करीब १० विगाहा जमीन निजी सम्पतिका रुपमा रहेको मन्दिरको परिसर भित्र कनकाई माईमा स्नान गरी भगवानको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नाम संकीर्तन गर्ने उद्देश्यले घर गृहस्थीबाट निवृत्त भएका करीब ३० जना भक्तजनहरु आ-आफ्नो तर्फबाट कुटी निर्माण गरी तीर्थवासीहरुका रुपमा रहने बस्ने गर्दछन् । विद्यालयमा अध्ययन गर्ने केही छात्रहरुलाई भोजन वृत्तिको व्यवस्था पनि छ । वेद, व्याकरण विषय लिई अध्ययनरत वटुकहरुको प्रातः कालीन- वैदिक मङ्गलपाठबाट आएको ध्वनि गुञ्जिएर आएको कनकाई माईको प्रवाह सँगसँगै मिसिंदै गएपछि आर्य सभ्यता र संस्कृतिको केन्द्र नै यही हो कि जस्तो भान हुन्छ ।

महामाईको पूर्वी किनारा वि. सं. २०४१ साल सम्म सामान्य रुपमा रहे पनि योगी श्री नरहरि नाथको नेतृत्वमा २०४२ साल पुष १ गते देखि २७ गते सम्म निस्पन्न भएको कोटी हवन महायज्ञ पछि झन चम्किलो भएर देखा परेको छ । यस क्षेत्रमा त्यसै साल श्री गायत्री वैदिक विद्यापीठ स्थापना गरी वेद व्याकरण विषयको अध्ययन अध्यापन कार्य शुरु गरियो । आज भोलि यस पुण्य क्षेत्रमा विभिन्न थर गोत्र भएका महानुभवहरुले सगोत्री बन्धु वान्धवहरुलाई भेला गरेर सम्मेलन गर्न गरेका छन् । उनीहरुले आ- आफ्ना वंश परम्पराका तर्फबाट व्यास मण्डप (प्रवचन- कक्ष) विद्यालय भवन, राम जानकी मन्दिर, शिव पञ्चायन मन्दिर सतसङ्ग भवन आदि तयार पारी सकेका छन् । 'महामाईका पूर्व पश्चिमी दुवै किनारामा धार्मिक पर्व- पर्वमा मेला लाग्ने गर्दछ । श्रावण शुक्ल पूर्णिमाका दिन श्रावणी पर्वमा महा० स्नान गर्नका लागि हजारौं भक्तहरु भेला हुन्छन् भने भाद्र शुक्ल तृतीया (तीज) का दिन स्नानादि गरी हरितालिका को व्रत लिई शिव पार्वतीको पूजा अर्चना गर्ने हजारौं हजार स्त्रीहरुको भीड महामाईको किनारमा लाग्ने गर्दछ । कार्तिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महिना देखि असार महिना सम्म न एकाह, सप्ताह, नवाह पुराण लगाउने र विवाह, व्रतबन्ध आदि गर्ने व्यक्तिहरुको वुइथोले महामाई महत्त्वलाई अझ विकसित गर्दै लगेको छ। वि. सं, २०४९ साल पुष महिनामा भुटानी शरणार्थीहरुले विश्व कल्याणका लागि महिनौं दिन सम्म महान् यज्ञ समेत यसै पुण्य भूमिमा गरेका थिए। यस तीर्थ स्थललाई धार्मिक, सांस्कृतिक महत्वका आधारमा धार्मिक क्षेत्रका रुपमा घोषित गरिएमा' यस्को विकास प्रकाश चारै तिर फैलदै जाने थियो भन्ने लागेको छ।

यस सानो लेखमा महामाईलाई मात्र चिनाउने उद्देश्य लिइएकोले माईका दुवै किनारमा रहेका मठ मन्दिर संस्कृत विद्यालय र आ-आपना वंश परम्पराबाट तयार हुन लागेका विभिन्न भवनहरुको विस्तृत विश्लेषण गरी परिचय दिन असम्भव भएको हुँदा पुनः त्यस तर्फ अनुशन्धान गर्ने मौका मिलेमा तत्सम्बन्धि विस्तृत परिचय दिने नै छु भन्दै यस लेख-लाई यहीं टुङ्ग्याउछु।

हरिबोधिनी एकादशी
२०५१

यो आहृतवारको

आरसी

पढ्नु भो ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भाषा चर्चा —

रोल्पाको नेपाली भाषा

— भीष्म खतिवडा
पिण्डेश्वर विद्यापीठ

भाषा मानवीय वैचारिक आदानप्रदानको त्यस्तो सहज माध्यम हो, जहाँ वाक्प्रतीकहरुको यादृच्छिक व्यवस्था हुन्छ र तिनको औच्चारिक सार्थक प्रयोग मात्र स्वीकृत बन्दछ ।

नेपाली भाषा राष्ट्र छ भाषाको रुपमा सम्मानित नेपालमा । राष्ट्रभाषा नेपालीका पनि क्षत्रिय आधारमा पाँचवटा शाखा वा प्रकारहरु देखिएका छन् । नेपाली भाषाका पाँच भाषिकाका रुपमा ती शाखाहरु रहेका छन् । ती मध्ये पूर्वेली भाषिका सबै भन्दा व्यापक देखिन्छ । पूर्वेली भाषिका भित्र पनि पर्वती, गोर्खाली र खसानी जस्ता उप-भाषिका हरु विद्यमान छन् । यस सानो लेखमा पूर्वेली भाषिका भित्रको प्रसिद्ध उप-भाषिका खसानी कै क्षेत्रभित्र पर्ने रोल्पामा बोलिने 'नेपाली भाषाको परिचय मात्र समाविष्ट छ ।

मगरको 'खाम' भाषालाई छोडेर रोल्पामा नेपाली भाषा नै बोलिन्छ तर सुदूरपूर्वको झापाबाट राप्तीको रोल्पामा पुग्ने वित्तिकै मलाई त्यहाँको भाषा बुझ्न निकै दिन लाग्यो । एउटा डाँडो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एउटा खोलो समेत वोलीमा फरक पार्ने कारक बन्दोरहेछ । जति जति पश्चिम लाग्यो उति उति भाषिक प्रयोगमा वैविध्य थपिदै जांदा रहेछन् । हुनत पूर्वेली भाषिकाको 'खसानो' उप-भाषिका पूरै राप्ती र भेरीमा प्रभाव जमाउन सफल छ । तर खसानीले समेटेकं क्षेत्रहरु मध्ये रोल्पाली नेपालीकै मात्र नमूना प्रस्तुत गरिदैछ यहाँ ।

रोल्पाको नेपाली भाषाका विशेषताहरू

(क) 'ढ' ध्वनिको (ह्ल) ध्वनिमा परिवर्तन,

जस्तैः- पढाउनु — पह्लाउनु

गाढा — गाह्ला

(ख) 'ड को 'र' उच्चाहरण,

जस्तै -: सड्नु — सर्नु

घोडा — घोरा

(ग) 'तो' विभक्तिको प्रयोग,

जस्तै — कुन्नि — देतो !

भन त — भन्तो,

(घ) 'नु' को 'मा' विभक्तिका रुपमा प्रयोग,

जस्तै — गाउँमा — गाउँनु,

घरमा — घरनु

लुगामा — लुगानु

(ङ) रेफको अन्त्यमा उच्चारण,

जस्तै — फुस्रो — फुर्सो

तेस्रो — तेर्सो

(च) मध्यम ध्वनिको लोप / उच्चारणको छोटोरूप

जस्तै — आइहालें — आइलें

खाइहालें — खाइलें

भइहाल्यो — भइल्यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(छ) 'ण' को 'न' उच्चारण

जस्त — श्रेणी — सेर्नी

इन्द्रेणी — इन्देर्नी

(ज) विशेष (स्थानीय) शब्दहरुको प्रयोग

यस रोल्पाली भेकमा कतिपय स्थानीय शब्दहरु प्रयोगमा भिजेका छन् । यसरी विशेग शब्दहरु नै खास गरेर यो क्षत्रका भाषिक पहिचानका सजिला माध्यम बन्न सक्तछन् । केही त्यस्ता शब्दहरु हेरौं :—

नेपाली प्रयोग—	रोल्पाली प्रयोग	नेपाली	रोल्पाली
बसाउनु	डोस्नु	सामल	खर्च
पुर्नु	भाट्नु	खेद्नु	चार्नु
तयार हुनु	सत्तिनु	सित्यैं (त्यत्तिकै)	अलबलै
आमा	जेई	हिंड्नु	हन्नु
बुढो	बड्डो	तरुनो/तन्नेरी	घोही/छोट्टे
काठ	दार	धेरै, थुप्रै	मस्तै, भस्मै
नाङ्लो	सुपो	कुट्नु	हान्नु
गुलेली	गुर्ता	वाक्क गर्नु	हुकर्नु
स्वास्नी छोरी	स्वाम्चरी	यहीं	हित्ति
लोग्ने छोरो	ल्वांसरो	तल/माथि	आस्ना/उप्रि

उपर्युक्त विशेषताहरु र शाब्दिक विशिष्ट प्रयोगले के के जनाउछ भने यो क्षेत्र 'खसानी' उपभाषिकाको प्रभाव क्षेत्र रहेछ । खसानीले अझै व्यापक विशेषतायुक्त हुनाले यो लेखन मात्रै रोल्पाली नेपाली को परिचय प्रस्तुति बनेको हो । अब उपर्युक्त विशेषता युक्त रोल्पाली नेपाली नमूनाहरु थोरै भए पनि उल्लेख गरौं :—

(१) घरनु बसीकन डाङ्दर भइन्न बारे पर्नु पछं नाम्ररी,
(घरमा बसेर डाक्टर भइदैन राम्ररी पढ्नु पर्छ ।)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२) गाडा छउति नाउलो छ, हुइतिं घरी छोड्डेलें ।
(खोलाको छेउमा कुवा छ, त्यहीं घडी छोडें)

३) गाडाट पानी ले तो,
(खोलाबाट पानी ले त,)

४) हइ जाइन् ! भस्मं हन्नेलें, घरनु जेई नाईं ?
(ए नानी ! थुप्रै हिंडे घरमा आमा हुनुहुन्न ?)

५) देतो
(कुन्नी)

६) चांल नगर मंले हान्दिम्ला ह्यांट आस्ना पुग्गेल्ने चालले ।
(न तम्सी, यहाँबाट तल खस्नेगरी कुटुंला नि म)

"अब यस लेखनको अन्त्यमा रोल्पाको नेपाली भाषाको भाका एउटा सानू अनुच्छेदमा टिपौं :—

"नाम्रो पर्ने मान्छे पथंम सेर्नीमा उत्तोर्नं भैल्छ । घरनु जेई नाई, पोइ हिंत्ति आस्नां ताल भाट्दं हुनुहुन्छ । तंले अल्वलं फुर्सो खाप्वो नपारेल्, झट्टै खर्चं टेकाल् । मंले तो खर्चं खालें । सूनुं ठाउंनु स्वान्चरी एक्लै वस्नु हुन्न । भस्मै अन्तर छ बड्डा ! झापा र रोल्पा भांषां तो"

समाप्तः

— ● —

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालमा भूटानी शरणार्थी समस्या

— उप.प्रा. हरि श्रेष्ठ

सार्क सदस्य राष्ट्रहरुमा भारत पछि भूटान नेपालको निकटतम् छिमेकी राज्य हो । निरंकुशतन्त्र भौगालिक निकटता र भूपरिवेष्टित भएकै कारणले गर्दा विकासको गतिमा यो राज्य निकै पिछडिएको सूचिमा पर्दछ । लगभग नेपालको एक चौथाई जति क्षेत्रफल भएको यस राज्यको जनसंख्या करिब १६ लाख मात्र छ । जस मध्ये बहुसंख्यक अर्थात कुल जनसंख्याको ५३% भन्दा बढी नेपाली मूलका छन् ।

संभवत नेपाल एकिकरणको पूर्व सन्ध्या देखि नै अनकन्टार वन जंगल र औलोको सामना गर्दै दक्षिणी भूटानमा नेपालीहरुले बस्ती बसाएका हुन् । शासकवर्ग र अन्य संप्रदायसँग मिलिजुली आ-आफ्नै परम्परा र धर्म-संस्कृति अनुरुप नेपालीहरुले त्यहाँका नदीनालाहरुसँग निकै रगत र पसिना बगाई सकेका छन् । कृषि, पशुपालन र केही व्यापारिक क्षेत्रहरुमा यिनीहरुको योगदान निकै महत्वपूर्ण मानिन्छ ।

आफ्नै भविश्य प्रति सशंकित हुँदै अल्पसंख्यक शासकवर्गले सन १९८५ देखि डुक्पा संस्कृति संरक्षणको नाममा भूटानीकरण कार्यको प्रारम्भ गऱ्यो । फलस्वरुप, नेपाली मूलका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नागरिकहरु माथि पक्षपातपूर्ण व्यवहार हुन लाग्यो । सरकारद्वारा 'ड्रिग लाम नाम्जा' नामक साँस्कृतिक कानून लागू गरियो । उनीहरुले लगाउने पोशाक (धो तथा किरा) नेपालीहरुले पनि लगाउन पर्ने भयो । उनीहरुले बोल्ने भषा 'जोङखा' सबैले अनिवार्य बोल्नु पर्ने राष्ट्र भाषा तोकियो । डुक्पाहरुको चाडवाड र संस्कारलाई ससंमान सबैले बरण गर्नै पर्ने नीति अपनाइयो । यसरी अन्य संप्रदायका धम, संस्कृति, भाषा र भेष-भूषालाई नष्ट पार्न डुक्पा निरंकुशतन्त्र झन-झन बढ्दै गयो ।

नेपाल लगायत विश्वका अधिकांश देशहरुबाटै निरंकुश एकतन्त्रीय शासन- व्यवस्था ढल्दै गइरहेको बेला भूटानमा मात्र चूपचाप चलिरहन सकेन । त्यहाँका चेतनशील नागरिकहरु सुसंगठित हुन लग्गे । सन १९९० देखिनै भूटानमा डुक्पा ज्यादती विरुद्ध आवाज उठ्न थाल्यो । नेपालमा झैं वहुदलिय प्रजातन्त्र, संबैधानिक राजतन्त्र र मानव अधिकार जस्ता कुराहरुको माग हुन लाग्यो । जस्को कारण नेपालीहरूलाई 'अराष्ट्रिय आतंकवादी' र 'देशद्रोही' भन्दै सरकारले दमनको नीति अपनाउन थाल्यो । भूटानी सेना र प्रशासन पक्षले नेपालीहरुलाई लुटपिट गर्ने, घर भत्काइदिने, आगो लगाइदिने साथै बलात्कार जस्ता घृणित कार्यहरु गरि नखेटन थाले । यसरी दमन, अन्याय र अत्त्याचारको रापले पिल्सिएका असहाय व्यक्तिहरू सन् १९९० को अन्त्यतिर आफ्नो श्रीसम्पती र देश समेत त्यागेर सिगो भारतलाई पार गर्दै पूर्वी नेपालको कन्काई किनारमा शरणार्थी बन्न आई पुगे ।

सन १९९१ को जुलाई सम्म केवल २३४ जनामात्र भएको भूटानी शरणार्थीहरूको संख्या अहिले आएर एक लाख नाघि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सकेको छ । कन्काईको बगरबाट झापा र मोरंगका विभिन्न आठ वटा शिविर क्षेत्रहरुमा क्रमश सार्दै लगिएको शरणार्थीहरूको रजिष्ट्रेशन गर्ने कार्य श्री ५ को सरकार र सं. रा. संघ शरणार्थी सम्वन्धि उच्चायोगको समझदारीवाट गठित 'अपरेशन मेनेजमेन्ट एण्ड ईम्पिमेन्टेशन यूनिट' ले सन् १९९३ देखि नै प्रारम्भ गरे अनुसार हालसम्म ९०,००० जति शरणार्थीहरूको नामाङ्कन भइसकेको छ । यस वाहेक भारत र नेपालका गाउँ घर वा आफन्त हरूको आसपासमा रही केही व्यवसाय वा मजदुरी गरेर जीवन यापन गर्नेहरूको संख्या पनि झण्डै ४०/५० हजार जति भएको अनुमान गरिन्छ । अझै पूर्वी नेपालमा शरणार्थीहरू बढ्ने क्रम रोकिएको छैन् ।

राष्ट्र संघिय शरणार्थी सम्बन्धि उच्चआयोग, लुथरन विश्व सेवा, यूनिशेफ, वालवचाउ कोष, रेडक्रश विश्व खाद्य कार्यक्रम अक्शफम् (INGO) जस्ता दजनौं अन्तराष्ट्रिय संघ सस्थाहरू सरसहयोगमा जुटेका छन् । सं. रा. अमेरिका अष्ट्रेलिया जस्ता मित्र राष्ट्रहरुले पनि शुरुमै मानविय आधारमा केही आर्थिक सहयोग नगरेका होइनन् । तर यसरी अन्तराष्ट्रिय सहायताको भरमा मात्र नेपाल आफ्नो भूमिमा बढ्दो शरणार्थीको भार कति दित वहन गर्न सक्ला ? हाम्रो अर्थतन्त्र, पर्यावरण र सामाजिक विकृतिहरु प्रतिदिन बढ्दै आईरहेकोले चिन्ताकै विषय छ ।

प्रजातन्त्र र मानवाधिकारको पक्षमा वकालत गर्ने नेपाल भूटानी शरणार्थीहरुलाई ससंमान स्वदेश फर्काउन चाहन्छ । यस्को निम्ति दुबै देश बीच उच्चस्तरीय वार्ता गर्न नेपालले देखाएको चासोलाई भूटानी पक्षले शुरु देखि नै लत्यायो । जकार्तामा सम्पन्न असंलग्न राष्ट्रहरुको दशौं शिखर सम्मेलनमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूटानी नरेशको अनुपस्थितिले गर्दा वार्ता हुन सकेन। वि. सं. २०४९ मंसिरमा भूटानी विदेश मन्त्री ल्योन्पो दावा छिरिङको काठमाण्डौ भ्रमणले तय गरे अनुसार ढाकामा संपन्न सातौं सार्क शिखर सम्मेलनमा नेपालका प्र. म. गिरिजा प्रसाद कोईराला र भूटानी नरेश जिग्मे सिङ्घे वाङ्चुक बीच सर्व प्रथम वार्ता हुन सक्यो। तर यसको परिणाम हामीले सोंचे भन्दा विपरित, नमिठो र खल्लो निस्कियो। भूटानी नरेशले नेपाल पसेका आफ्नै नागरिकहरुलाई चिनि ववसेन। तिनी-हरुलाई गैर भूटानी, आतंकवादी र शरणार्थीको सट्टा विस्था-पित व्यक्तिहरुको संज्ञा दिएर आफू चोखिने प्रयास मात्र भयो। तर अझै पनि नेपालले आफ्नो धैर्य र शान्तिमार्गलाई भने त्यागेको छैन।

वि. सं. २०५० साल श्रावणको शुरुमं नेपालका गृह मन्त्री देउवाको भूटानी भ्रमणमा सहमति भए अनुसार दुवै देशका गृहमन्त्रीहरु रहने गरी एक संयुक्त समिति पनि गठन भयो। २०५० साल आश्विन १९ गते काठमाण्डौमा सम्पन्न उक्त समितिको प्रथम वैठकले शरणार्थीहरुको पहिचान र चार समूहमा वर्गिकरण गर्ने निर्णय गऱ्यो। जसमा बलजफ्ती लखे-टिएका, बसाँई सरेका, गैर भूटानी र अपराध कानूनमा अप-राधी ठहरिएका भूटानीहरु पर्दछन्। यस पछिका थिम्पू काठमाण्डौ वार्ताहरु कुटनैतिक शब्दमा सकारात्मक भनिए पनि ठोस उपलब्धीहरु भने पाइन्न। शरणार्थीहरुको पहिचान र वर्गिकरण गर्ने सम्बन्धमा आवश्यक कार्य सञ्चालन गर्न दुवै देशको पाँच-पाँच सदस्य रहने गरी एक संयुक्त टोली गठन पनि भयो। यसबाट पनि सन्तोषजनक समाधानको बाटो निस्कि रहेको छैन। कारण, अझै पनि भुटानमा बचेका ने-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पालीहरुलाई दुख दिएर लखेट्ने क्रम जारी नं छ । नेपालको शान्त कुटनीतिले बुनै ठूलो उपलब्धी हासिल गर्न सकिरहेको छैन ।

नेपालका तत्कालिन गृहमन्त्री देउवाका अनुसार कुल शरणार्थी मध्ये ८४.६५% संग भूटानी नागरिकता छ । त्यस बाहेक केही संग जग्गा दर्ता, विवाह र नोकरी आदिका प्रमाण पत्रहरु पनि छन् । करीव ३.४% सँग भने केही पनि नभए-को वा सबै खोसेर लखेटिएको बुझिन्छ ।

भूटान सरकारका अनुसार नेपाल पसेका सबै शरणा-र्थीहरु भूटानी नागरिक होइनन् । उनीहरु आर्थिक आप्रवा-सनमा भूटान पसेका विदेशीहरु र उत्तरपूर्वी भारतवाट मौका को फाइदा उठाउँदै शरणार्थीको बहानामा नेपाल पसेका नेपालीहरु पनि छन् । भनिन्छ, भूटानवाट निस्किएकाहरु मध्ये ८०% भन्दा वढीले राजीखुशी पूर्वक कागज गरी भूटान छाड-का छन् । तर त्यस्तो कागज सबै भूटानी प्रमाणहरु खोसेर शक्ति र धम्कीको भरमा गराइन्छ । हँसिलो अनुहार पार्न लाएर यो सबको भिडियो रेकर्ड समेत गरिन्छ भन्ने कुरा स्वयं भुक्त भोगी शरणार्थीहरु वाट पनि थाहा लागेको छ । भूटानको राष्ट्रिय समाचार पत्र 'क्यूनसेल' (अप्रिल ९, १९९४) मा 'कतिपय भूटानी नागरिकहरुलाई देश छोडि नजाउ भन्दा भन्दै पनि गएकोमा' दुख व्यक्त गरिएको समाचार पनि प्र-काशित छ। त्यसरा बसाँई सरिगएका व्यक्तिहरुलाई स्वदेश नफर्काउने निर्णय त्यहाँको कथित राष्ट्रिय सम्बदले पहिले नै गरिसकेको छ । । के यस अवस्थामा भुटान सरकारले सबैलाई शरणार्थी स्वीकारेर पुन: स्वदेश फर्काउला त ? अवश्यै सका-रात्मक जवाफ पाउन सकिन्न ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूटानी शरणार्थी बारे वि. सं. २०४९ साल आषाढमा काठमाडौंमा सम्पन्न सर्वदलिय बैठकले प्रथमत द्विपक्षिय टेबुल वार्ता गर्ने, त्यसबाट नभए मध्यस्थताको निम्ति भारतको ध्यानाकर्षण गर्ने, त्यसबाट पनि समस्या नसुल्झिए अन्तराष्ट्रिय करण गराउने कुरो भएको थियो । सरकारी पक्षबाट पनि नेपालको यही कुरो दोहो-याउदै शान्त कुटनीतिको प्रयास जारी नै राखेको छ।

आफ्ना छिमेकीहरु प्रति भारत शान्ति र सहयोगको बहानामा बारम्बार शक्ति र विशालताको अहंकार र दम्भले हेर्ने गछ । बंगलादेशको स्वतन्त्रताको निम्ति आफै अग्रेसर भएर लड्ने भारत, नेपालमा मानवाधिकार र प्रजातन्त्रको निम्ति कुर्लने त्यहाँका वरिष्ठ नेताहरु भूटानमा प्रजातन्त्र र मानव अधिकारको खुल्लम खुल्ला उलंघन भई रहदा पनि औंलो ठड्याएर किन बोल्दैनन् ? आफ्नो लामो भूभाग टेकेर जाने लाखौं शरणार्थीहरुलाई किन देख्दैनन् ।

वि. सं. २०४९ साल कार्तिक (अक्टोवर १९९२) मा नेपाल भ्रमणमा आउनु भएका भारतीय प्र. म. पी. भी नरसिंह रावले शरणार्थी समस्यालाई द्विपक्षिय रुपमा समाधान गरिनु पर्दछ । यसमा भारतको कुनै हात नरहने र अन्तराष्ट्रियकरण पनि गरिनु नहुने' विचार व्यक्त गरि आफू यस समस्यावाट सजिलै पन्छिन खोज्नु भयो । स्मरण रहोस सन १९४९ को भारत-भूटानको मैत्री सन्धि अनुसार भूटानको विदेश एवं रक्षा सम्बन्धी मामला भारत सरकारमा निर्भर रहेको छ । यस अवस्थामा नेपालले भूटान विरुद्ध अन्तराष्ट्रिय आर्थिक नाकावन्दी, बहिस्कार वा कुनै पनि प्रकारको कार्वाही चलाउने प्रयास गर्नु कत्तिको फलदायिक होला त ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सोच्नु पर्ने अवस्था छ । तत्कालीन प्र. म. कोईरालाले वालुवाटारमा केही विदेशी कुटनीतिज्ञहरुलाई वोलाएर शरणार्थी समस्यालाई अन्तराष्ट्रियकरण गर्ने बारे कुरा उठाउँदा भारतीय प्रतिनिधिहरुले कुनै सकारात्मक प्रतिक्रया नजनाउनु पनि दुःखको कुरो हो ।

वि. सं. २०५० सालमा केही यूरोपेली राजदूतहरू र अमेरिकी उप- विदेश मन्त्री श्रीमती राफलको शरणार्थी शिविर निरिक्षण भ्रमण पनि केवल औपचारिकता मै सिमित रह्यो । समस्या समाधान तर्फ कुनै ठोस कायहरु हुन सकेन । वि. सं. २०५१ जेठ ३ गते एक गैर सरकारी 'संस्था' सेन्टर फर मल्टिडिसिप्लिनरी एक्टिभिटिज (C. M. A.) ले काठमाडौमा आयोजना गरेको विचार गोष्टिमा तत्कालीन गृहमन्त्री देउवाले अब पनि,समस्या समाधानको वाटो ननिस्किए छिटै भारतसँग वार्ता गर्ने, त्यो पनि असफल भए मात्र अन्तराट्रियकरण गरिने कुरा दोहो-याउनु भएको थियो । तर यो भनाइ अगाडि वढ्न सकेन ।

नेपाल मजदूर किसान पार्टीका नेता सांसद नारायणमान बिजुक्छें रोहितले थिम्पू—काठमाण्डौं ओहर दोहर निरर्थक हुने छ । समस्या समाधानका लागि भारतलाई समेत राखेर त्रिपक्षीय वार्ता गर्नु पर्छ । 'भूटानी शरणार्थी समस्याको साँचो दिल्लीमा छ । भूटानीहरु भारत भएर नेपाल पसेका हुन् । त्यसैले त्यसको तमाम जिम्मेवारी उसैले लिनु पर्दछ । भन्ने आफ्नो धारणा व्यक्त गर्नु भएको थियो । त्यस्तै भूटानी सहयोग समूहले पनि शरणार्थी समस्या समाधानार्थ भारत ले खुल्ला हृदय राख्नु पर्ने कुरा बताईएको छ । हुन सक्छ यसवाट समस्याको समाधानको बाटो अवश्य निस्किएला ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बुद्धिजिवीहरु पनि यस्मा सहमत देखिन्छन् ।

एमनेष्टि ईन्टरनेशनल, सन् १९९४ अगष्टको प्रतिवेदन र राष्ट्रसंघिय मानवअधिकार आयोगका उच्चायुक्त होजे आयला लास्सोको भूटानी शरणार्थी शिविरको निरिक्षण पश्चात् यस समस्या प्रति विश्वको ध्यान जान थालेको देखिन्छ । तर त्यसै समय टाइम्स् अफ इण्डियामा भूटानी विदेश मन्त्रीको अन्तवार्ता र एक लामो लेख प्रकाशित भयो । उक्त पत्रमा सुस्मिता गुप्ताद्वारा प्रेषित समाचार अनुसार ' ... नेपाल पसेका ८५ हजार नेपाली मूलका मानिसहरु मध्ये भूटानी नागरिकता पाँचहजार भन्दा केही बढीसँग मात्र भएको र उनीहरुले नेपालको भूमिबाट भूटानी नरेश विरोधी आतंकवादी तथा राजनीतिक गतिविधि सञ्चालन गरेको आरोप पनि लगाइएको छ त्यसबाट पनि शरणार्थी सम्बन्धि भारतीय सोंचाईमा उदारपन देखिदैन ।

हाल नेपालले सहिष्णुतापूर्वक वहन गरिहेको शरणार्थी समस्या प्रतिदिन जटिल बन्दै गइरहेको छ । कुनै पनि शरणार्थीले शरण लिएको देशको मर्यादा, परम्परा र कानूनलाई कदापि उलंघन गर्नु हुन्न । तर पूर्वी नेपालको अर्थ व्यवस्था, पर्यावरण (बन बिनाश) र सामाजिक विकृतिहरुको अलावा शान्ति सुरक्षामै पनि नराम्रो असर पर्न थालिसकेको छ । बहुसंख्यक शरणार्थीहरुको सर्वाङ्गिण पछौटे पनले गर्दा पनि ठगी, चोरी, वेश्यावृत्ति, बलात्कार गुण्डा गर्दी जस्ता नीच घटनाहरू शिविर भित्र मात्र होइन बाहिर पनि फैलन थालि सकेको छ । कुनै पनि दिन यसले निश्चय पनि बिकराल रुप नलेला भन्न सकिन्न । तर भूटान भने संभवत दिल्लीको रिमोट कन्ट्रोल वा आँट भरोसामा आफूलाई दरिलो र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुरक्षित ठानी रहेछ । अन्य केही छिमेकी राष्ट्रहरु मौन छन्। सार्क र सं. रा. संघ जस्ता दुई पक्षसँग सम्बन्धित संस्थाहरुले पनि आफ्नो उद्देश्य अनुरुप समस्या समाधानार्थ कुनै आवाज उठाइ रहेका छैनन् । बाध्यतावश, निकट भविश्य मै यो समस्यालाई अन्तर्राष्ट्रियकरण गरिनु पर्दा स क राष्ट्रहरुमा आफूलाई अहं ठान्ने भारत अवश्यै पनि पन्सिन सक्ने छन । त्यसबेला भारतीय क्रियाकलाप नेपालको अनुकुल नहुन पनि सक्छ । आशा गरौं; त्यस्ता परिस्थितिको सृजना हुन नदिन वर्तमान एमाले सरकार आफ्नो वचन प्रति अवश्य सफल हुनेछ । जसको निम्ति यही ०५१ फागुनमा पाँचौ चरणको गृहमन्त्री स्तरीय वार्ता यो सरकारले गर्दैछ ।

भूटानमा सघर्षरत केही राजनैतिक दल र संघसंस्थाहरु बाहेक यही ०५१ असाढ ७ गते निर्वासित डुक्पा समुदायबाट काठमाडौंमा 'ड्रुक नेशनल काँग्रेस' को पनि स्थापना भै सकेको छ। यस दलका अध्यक्ष रङ्योङ किन्ले दोर्जेका अनुसार सं. रा. संघको सदस्य भएर पनि भूटानले संघको उद्देश्य र सिद्धान्त परिपालन गरिरहेको छैन । आफ्नो दल 'बिना भेदभाव समानता' मा आधारित भएको बताउँदै भूटान सरकारले नैपाली मूलका नागरिकहरु प्रति गरेको ज्यादती, र बढ्दो निरंकुशतन्त्रको घोर विरोध गर्नु भयो। मानवअधिकार, सामाजिक र, साँस्कृतिक अवसरको अधिकार जनताको जन्मसिद्ध अधिकार हो 'शाही सुविधा' होइन भन्दै भूटानी शरणार्थीहरुलाई शरण दिए बापत श्री ५ को सरकार प्रति कृतज्ञता पनि व्यक्त गर्नु भयो। भूटान सरकारको निम्ति यो शुभसूचक नभए पनि हाल उक्त दल पुन सक्रिय रुपमा भने देखा परिरहेको छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूटानी शरणार्थी समस्या समाधानार्थं नेपाल र भूटानसँग बेग्ला बेग्लै संवाद गर्ने सं. रा. संघीय उच्च आयुक्तले जेनभा बैठकमा (कान्तिपुर २३ असोज ०५१) व्यक्त गर्नु भएको सदिच्छालाई नेपालले सहर्ष स्वागत गरेको छ। त्यसैले भूटानी शरणार्थीहरु प्रति नेपालले देखाएको सौहार्द्रपूर्ण सहानुभूति र मानवीय दृष्टिकोणलाई प्रजातन्त्र प्रेमी भारत लगायत कसैले पनि अन्यथाको दृष्टिले हेरिदिनु हुन्न। यस्मा नेपालको कुनै स्वार्थ छैन। भूटानमा पनि सबै जातजाति संस्कृति भाषा-भाषिका नागरिकहरु स्वतन्त्र रुपमा एउटै झण्डा मुनि बाँच्न पाऊन। यही नै हाम्रो सदिच्छा र शुभ कामना छ।

—बस् !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महेन्द्र संस्कृत विश्व-विद्यालय

पिण्डेश्वर विद्यापीठ धरान-१४ मा कार्यरत

प्राध्यापकहरूको विवरण :—

क्र. सं.	पद	नाम	विषय
१.	प्राचार्यः सह-प्राध्यापक-	श्री गोविन्द कोइराला-	साहित्य
२.	,,	श्री टीका प्रसाद वस्ती-	साहित्य
३.	,,	श्री पुरुषोत्तम भट्टराई-	न्याय
४.	,,	श्री हिम प्रसाद दहाल-	साहित्य
५.	,,	श्री नारायण दत्त पौडेल-	व्याकरण
६.	,,	श्री नारायण प्र. कट्टेल-	नेपाली
७.	उप-प्राध्यापक	श्री हरि बहादुर श्रेष्ठ-	राजनीतिशास्त्र
८.	,,	श्री मान बहादुर श्रेष्ठ-	अर्थ शास्त्र
९.	,,	श्री तोयराज कोइराला-	नेपाली
१०,	,,	श्री केदारनाथ गौतम-	व्याकरण
११.	सहायक प्राध्यापक	श्री गिरिधर शरण शर्मा-	वेद
१२.	,,	श्री चन्द्रमणि नेपाल-	न्याय
१३.	,,	श्री बंशीधर कट्टेल-	नेपाली
१४.	,,	श्री नारायण राज दहाल-	ज्योतिष
१५.	,,	श्री चन्द्र नारायण दास-	अंग्रेजी (क.)
१६.	,,	श्री मीन प्र. चुवेदी-	अंग्रेजी (आ.)
१७.	,,	श्री भीम ब. खतिवडा-	साहित्य (,,)
१८.	,,	श्री खेमराज खनाल-	व्याकरण (आंशिक)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पिण्डेश्वर विद्यापीठ घरानका विषय विभाग तथा विभागाध्यक्षहरु

क्र. सं.	विभागाध्यक्ष	विभाग
१	सह प्रा. श्री टीका प्र. शर्मा वस्तोला	साहित्य तथा धर्मविज्ञान संस्कृत
२.	„ श्री नारायण दत्त पौडेल—	वेद, व्याकरण, न्याय एवं ज्योतिष
३.	„ श्री नारायण प्र. कट्टेल—	नेपाली तथा अंग्रेजी
४.	„ श्री हरि बहादुर श्रेष्ठ—	राजनीति शास्त्र, अर्थ शास्त्र एवं नेपाल परिचय

छात्रावास— सुपरिवेक्षक

उप प्रा. श्री तोयराज कोइराला

कर्मचारीहरूको विवरण :—

पद :	नाम :	कार्यरत शाखा
१. उप-प्रशासक	श्री गोपाल श्रेष्ठ—	प्रशासन
२. सहायक प्रशासक	श्री दुर्गा प्रसाद सुवेदी	„
३. लेखा अधिकृत	श्री बसन्त कोइराला—	लेखा
४. हेड असिस्टेण्ट	श्रीमती शिव कु. खनाल-	पुस्तकालय
५. हेड असिस्टेण्ट	श्री हरिशंकर पराजुली-	शैक्षिक प्रशासन
६. हेड असिस्टेण्ट	श्री दीपक खनाल—	प्रशासन
७. स्टोर किपर (भण्डार वाल)	श्री पुरुषोत्तम सुवेदी-	स्टोर
८. लेखापाल	श्री गौरबमान श्रेष्ठ—	लेखा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९. टाइपिष्ट कम् क्लर्क- श्रीमती कमला पोखरेल- प्रशासन
१०. टाइपिस्ट- कम् क्लर्क श्रीमती तारा ढुङ्गेल - पुस्तकालय
११. चौकिदार श्री टङ्क प्र॰ लामिछाने- प्रशासन
१२. पियन श्री रामचन्द्र भण्डारी- पुस्तकालय
१३. पियन श्री राजकुमार खवास- प्रशासन
१४. कुचिकार श्री बटोहिया सुफर डूम- प्रशासन
१५. पियन श्री कृष्ण प्र॰ दाहाल— प्रशासन
१६. बगैंचे श्री गोपाल भुजेल— प्रशासन
१७. चौकिदार श्री डम्बर तामांग— प्रशासन
१८. चौकीदार श्री भुबन सिंह बिष्ट- प्रशासन
१९. चौकीदार श्री राम कु॰ तामाङ्ग· प्रशासन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुद्रक:- शिवम् प्रिन्टर्स प्रयाग-१५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu